# विषय सूचि


| | |
|---|---|
| **विषय सूचि** | १ |
| **सार संक्षेप** | ३ |
| **१.० अध्ययनको पृष्ठभूमि, औचित्य र उद्देश्य** | ५ |
| **१.१ अध्ययनको पृष्ठभूमि** | ५ |
| **१.२ अध्ययनको औचित्य** | ५ |
| **१.३ अध्ययनको उद्देश्य** | ५ |
| **१.४ अपेक्षित उपलब्धि** | ५ |
| **२.० अध्ययन विधि** | ७ |
| **२.१ अध्ययनको क्षेत्र** | ७ |
| **२.२ तथ्याङ्क श्रोतहरु** | ७ |
| **२.३ तथ्याङ्क संकलन विधि र प्रक्रिया** | ७ |
| २.३.१ प्रारम्भिक प्रतिवेदन तयारी | ७ |
| २.३.२ स्थलगत अध्ययन | ८ |
| २.३.३ तथ्याङ्क तथा सूचना विश्लेषण | ८ |
| २.३.४ प्रतिवेदन तयारी | ८ |
| **२.४ तथ्याङ्क विश्लेषण विधि** | ९ |
| **२.५ अध्ययनको सिमितता** | ९ |
| **३.० साहित्य सन्दर्भ (Literature Review)** | १० |
| **३.१ सहकारिताका मूल्य, मान्यता तथा सिद्धान्तहरु** | १० |
| ३.३.१ सहकारी मूल्यहरू | १० |
| ३.३.२ मान्यताहरू | १० |
| ३.३ ३ सिद्धान्तहरू | १० |
| **३.२ सहकारीको भूमिका र महत्व** | ११ |
| **३.३ नेपालमा सहकारी र तिनको अवस्था इतिहास** | ११ |
| **३.४ नेपालको सहकारी अभियानमा राष्ट्रिय सहकारी महासंघको भूमिका** | १२ |
| **३.५ सरकारले सहकारी व्यवस्थापनका लागि गरेका नीतिगत र कार्यगत प्रयासहरु** | १२ |
| ३.५.१ राष्ट्रिय सहकारी नीति | १२ |
| ३.५.२ सहकारी ऐन | १३ |
| ३.५.३ सहकारी विभाग | १३ |
| ३.५.४ सहकारी कार्य योजना | १३ |
| ३.५.५ बहुवर्षीय योजनाहरूमा सहकारी | १३ |
| **३.६ विद्यमान सहकारी ऐन, नियमका मुख्य व्यवस्थाहरु:** | १३ |
| **३.७ संस्था सञ्चालन, अनुगमन तथा लेखा परिक्षण सम्वन्धि सामान्य मापदण्डहरु:** | १५ |
| **४.० तथ्याङ्क प्रस्तुती र विश्लेषण** | १७ |
| **४.१ तीन तहको सरकारले सहकारी व्यवस्थापनका लागि गरेका नीतिगत र कार्यगत प्रयासहरुको बारेमा पुनरावलोकन** | १८ |
| ४.१.१ संघ | १८ |
| ४.१.२ प्रदेश | १९ |
| ४.१.३ पालिका | २० |
| **४.२ नेपालमा सञ्चालित कृषि सहकारीहरुको विद्यमान अवस्थाको विश्लेषण** | २२ |
| **४.३ कृषि सहकारीहरुको नीतिगत, कानूनी, प्रशासनिक, प्राविधिक र वित्तीय अवस्थाहरुको पहिचान तथा सुधारका लागि आवश्यक सुझाव** | २६ |
| ४.३.१ कृषि सहकारीहरुको नीतिगत तथा कानूनी अवस्था | २६ |
| ४.३.२ कृषि सहकारीमा सुशासनको अवस्था | २६ |
| ४.३.३ कृषि सहकारीहरुको वित्तीय अवस्था | २७ |
| ४.३.४ कृषि सहकारीहरुको प्राविधिक अवस्था | २७ |
| **४.४ नेपालमा कृषि सहकारीहरुबाट सञ्चालन भएका कार्यक्रमहरु र कार्यक्रम सञ्चालनमा भोग्नु परेको समस्याहरु** | २७ |
| ४.४.१ नेपालमा कृषि सहकारीहरुबाट सञ्चालन भएका कार्यक्रमहरु | २७ |
| ४.४.२ नेपालमा कृषि सहकारीहरुबाट सञ्चालन भएका कार्यक्रमहरु सञ्चालनमा भोग्नु परेको समस्याहरु | २८ |
| ४.४.३ नेपालमा कृषि सहकारीहरुबाट सञ्चालन भएका कार्यक्रमहरु सञ्चालनमा भोग्नु परेको समस्याहरुको समाधानका सुझावहरु | ३० |

| | |
|---|---|
| **५.० निष्कर्ष तथा सुझावहरु** | ३२ |
| **५.१ निष्कर्ष** | ३२ |
| **५.२ विश्लेषणात्मक सुझावहरु** | ३३ |
| ५.२.१ संघीय तह | ३३ |
| ५.२.२ प्रदेश तह | ३६ |
| ५.२.३ जिल्ला तह | ३७ |
| ५.२.४ स्थानीय तह | ३७ |
| ५.२.५.प्राथमिक सहकारी तथा वस्तुगत सहकारी तह | ३८ |
| **५.३ आगामी दिनमा गर्नुपर्ने कामहरु (Way Forward)** | ३८ |
| **सन्दर्भ सामाग्री** | ४० |
| **अनुसूची १ : अन्तर सम्बन्धित बाझिएका ४७ ऐनहरू मध्ये कृषिसँग सम्बन्धित ऐनहरु र सहकारी मैत्री बनाउन संशोधन गर्नुपर्ने बुँदाहरू** | ४१ |
| **अनुसूची २ : कार्य क्षेत्रगत शर्त (Terms of Reference)** | ४७ |
| **अनुसूची ३ : पालिकास्तरको कृषि शाखालाई सोधिने प्रश्नावली** | ५२ |
| **अनुसूची ४ : जिल्ला सहकारी संघलाई सोधिने प्रश्नावली** | ५३ |
| **अनुसूची ५ : कृषि बजारहरुलाई सोधिने प्रश्नावली** | ५४ |
| **अनुसूची ६ : भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय, संघ तथा प्रदेश स्तर भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय तथा कृषि विकास निर्देशनालयहरुलाई सोधिने प्रश्नावली** | ५६ |
| **अनुसूची ७ : अध्ययनका शिलशिलामा भ्रमणको समयक्रम** | ५८ |
| **अनुसूची ८: सामूहिक छलफलमा सहभागिहरुको नामावली** | ५९ |
| **अनुसूची ९: स्थलगत भ्रमण तथा छलफलका झलकहरु** | ७१ |

# सार संक्षेप

किसानको हक, हित र अधिकारको संरक्षण र प्रवर्द्धन गर्न एवं कृषि सम्बन्धी नीति, ऐन, कानून तथा योजना तर्जुमा गरी कृषि अनुसन्धान र प्रसारलाई किसान मैत्री बनाउन नेपाल सरकारबाट जारी राष्ट्रिय किसान आयोग गठन कार्यकारी आदेश, २०७३ अनुसार कृषि उत्पादन, उत्पादकत्व अभिवृद्धि गरी किसानको हक हित र अधिकारको संरक्षण एवम् प्रवर्द्धन गर्ने कार्यसँग सम्बन्धित विषयमा नेपाल सरकारलाई सहयोग पुऱ्याउन राष्ट्रिय किसान आयोग गठन भएको हो ।

नेपालको संविधानले मुलुकको आर्थिक विकासका लागि लिइएको तीन खम्बे नीतिमा सहकारीलाई पनि एउटा खम्बाको रुपमा पहिचान गरेको छ । अर्थतन्त्रको मेरुदण्डका रुपमा रहेको नेपालको कृषि क्षेत्रलाई आधुनिकीकरण, व्यवसायिकरण र विविधिकरण गरी किसानको हक हितको संरक्षण एवं प्रवर्द्धन गर्न नेपाल सरकारले कृषि सहकारी सम्बन्धी विभिन्न कार्यक्रम तथा आयोजनाहरु सञ्चालनमा ल्याई निर्वाहमुखी तथा छरिएर रहेको कृषि उत्पादन प्रणालीलाई आधुनिक, सघन, प्रतिस्पर्धी एवं व्यवसायमुखी बनाउन कृषि सहकारी संस्थाहरुको पुर्वाधार विकास, क्षमता अभिबृद्धि तालिम कार्यक्रम, कम ब्याजमा ऋण प्रदान गर्न चालु तथा पूँजिगत अनुदानका कार्यक्रमहरु सञ्चालन गरेतापनि खासै रुपमा केही बाहेक अधिकांश कृषि सहकारीहरुको प्रगति एवं विकास सन्तोषजनक रुपमा हुन सकेको छैन । तसर्थ यसरी सो संस्थाहरुको कार्यान्वयन तथा सञ्चालनमा पूँजी तथा प्राविधिक समस्या तथा बजार व्यवस्थापनको समस्याहरुको साथसाथै नीतिगत समस्याहरुले गर्दा कृषि सहकारीहरु धेरै निष्कृय अवस्थामा रहेको र केवल अनुदान पाईन्छ कि भनि मात्र संस्थाहरु खोल्दै आएको पाईन्छ । तसर्थ हाल कृषि सहकारीमा भएको नीतिगत एवं कानूनी व्यवस्था, प्रशासनिक एवं प्राविधिक व्यवस्था, वित्तीय व्यवस्था, सञ्चालित कार्यक्रमहरु र कार्यक्रम सञ्चालनमा देखिएका समस्या एवं समस्या समाधानका उपायहरुको पहिचान गरि आगामी दिनमा ती समस्याहरुको समाधान गर्न आवश्यक पहल गर्न जरुरी भैसकेको छ । कृषि सहकारी संस्थाहरुले आफनो मुख्य उद्देश्यलाई व्यवहारमा नल्याई उद्देश्यभन्दा बाहिरको परिधिमा रही काम गर्नाले हाल विभिन्न समस्याहरु सिर्जना हुन गई जनताको लाखौं रकम डुब्ने अवस्थामा पुगेको छ । व्यवसायिक उत्पादन तथा कारोबार गर्ने कृषि सहकारी संस्थाहरुले व्यहारमा कार्य गर्दा विभिन्न प्रकारका ऐनहरु बाझिएकोले गर्दा स्वतन्त्र रुपमा काम गर्न सकेको अवस्था छैन । स्थानीय तह, प्रदेश तह तथा संघीय तहमा समन्वयको अभाव तथा सहकारी बुझेका दक्ष जनशक्तिको अभावमा अन्यौलको कारणले गर्दा सहकारी संस्थाहरुको अनुगमन तथा नियमन हुन सकेको छैन ।

उपरोक्त वस्तुस्थितिलाई मध्यनजर गरी कृषि सहकारी संस्थाहरुले आफ्नो उत्पादनलाई स्थानीय तथा टाढाको बजारसम्म लैजाँदा, व्यवसायिक कार्यहरु सञ्चालन गर्ने क्रममा विभिन्न प्रकारका कार्यहरु सम्पादन गर्न सरकारको नीति नियमहरुलाई अवलम्बन गर्दै जाँदा विभिन्न बाधा, समस्याहरु र जोखिमहरुसित भिड्नु पर्ने हुन्छ । यि समस्या तथा जोखिमलाई व्यवस्थापन गर्न सहकारीहरुलाई उचित वातावरण उपलब्ध हुन सकेमात्र सहकारीहरुले आफना कार्यक्रमहरु सञ्चालन गरी थप कार्यक्रमहरु सञ्चालन गर्न सक्षम हुन्छन् । तसर्थ राष्ट्रिय किसान आयोगले कृषि सहकारी संस्थाहरुले भोग्नु पर्ने समस्याहरुको पहिचान गरी विश्लेषण गर्न तीन तहको सरकारले सहकारी व्यवस्थापनका लागि गरेका नीतिगत र कार्यगत प्रयासहरुको बारेमा पुनरावलोकन गरी विद्यमान अवस्थाको विश्लेषण, कृषि सहकारीहरुको नीतिगत, कानूनी, प्रशासनिक, प्राविधिक र वित्तीय अवस्थाहरुको पहिचान गरी सुधारका लागि आवश्यक सुझाव र सञ्चालन भएका कार्यक्रमहरु र कार्यक्रम सञ्चालनमा भोगेका समस्याहरुको विश्लेषण गर्दै समाधानका उपायहरुको बारेमा विश्लेषणात्मक सुझाव दिन प्रिज्म कन्सल्ट्स ईन्टरनेशनल ल्याब प्रा.लि.लाई जिम्मेवारी सुम्पिएको थियो ।

सहकारीसँग सरोकार भएका सरोकारवालाहरु र राष्ट्रिय किसान आयोगका पदाधिकारीज्यूहरुको उपस्थितिमा शुरुवाती कार्यशाला गोष्ठी (Inception Workshop) मा प्राप्त निर्देशन तथा सुझावहरुका आधारमा स्थलगत भ्रमण गर्नु पूर्व प्रमुख सूचनादाता अन्तरवार्ता र लक्षित समूहगत अन्तरवार्ता (KII and FGD) का प्रश्नावलीहरुलाई अन्तिम रुप दिइएको थियो भने कोशी, बागमती र गण्डकी प्रदेशका १० वटा जिल्लाहरु क्रमशः झापा, ईलाम, ताप्लेजुङ्ग, दोलखा, चितवन, काभ्रे, धादिङ्ग, स्याङ्जा, तनहुँ र बाग्लुङ्ग जिल्लाहरु छानिएका थिए । स्थलगत भ्रमणमा छानिएका प्रत्येक जिल्लामा कम्तीमा एक वटा स्थानीय निकायहरुमा निर्धारित प्रश्नावलीहरुको माध्यमबाट लक्षित सामूहगत छलफल (Focus Group Discussion), जिल्ला सहकारी संघ, जिल्ला कृषि सहकारी संस्था र प्रारम्भिक कृषि सहकारी संस्थाहरुसँग बसि छलफल गरिएको थियो भने प्रमुख सूचनादाता अन्तर्वाता (Key Informant Interview) मा सहकारीसँग सम्बन्धित स्थानीय पालिका, प्रदेशस्तर र संघ, केन्द्रिय कार्यालयहरु तथा विभागहरुमा सम्पर्क राखी तथ्याङ्कहरु संकलन गरिएको थियो । तथ्याङ्क संकलन गर्न राष्ट्रिय सहकारी महासंघ नेपालमा सम्पर्क राखि तोकिएका जिल्लाहरुका जिल्ला सहकारी संघ र जिल्ला कृषि सहकारी संघको सम्पर्क व्यक्तिहरुको नामावली लिई फिल्ड सर्वेक्षण कार्य गरि प्रतिवेदन लेख्ने कार्य गरिएको थियो ।

विभिन्न १० जिल्लाका सहभागिहरु मध्ये लिङ्गको आधारमा पुरुष ६७ प्रतिशत र महिलाहरु ३३ प्रतिशत रहेको थियो । जातजातिको आधारमा दलित २ प्रतिशत, जनजाति १४ प्रतिशत र बाहुन क्षेत्री ८४ प्रतिशत सहभागिता रहेको थियो । छलफल तथा उपस्थिति भएका विभिन्न कृषि सहकारी संस्थाहरु व्यवसायिक रुपले अगाडि बढेकाहरुको संख्या भने औंलामा गन्न सकिने थियो भने अधिकांश कृषि सहकारी संस्थाहरु धेरै प्रकारको समस्याहरुबाट पिडित रहेको पाईयो ।

उक्त अध्ययनबाट समष्टिगत रुपमा सम्बन्धित जिल्लाहरुसँग सम्पर्क गरी छलफल गर्दा प्राविधिक विषय सम्बन्धी समस्याहरु र संस्था सञ्चालन सम्बन्धी समस्याहरु रहेको पाईएको छ । जस अन्तर्गत कार्य क्षेत्रको सिमितता, नयाँ प्रविधिको अभाव, दक्ष जनशक्तिको अभाव, पूर्वाधारहरुको कमि, कृषि व्यवसायका लागि अनुदान प्राप्त गर्न नसक्नु, कृषि बजेट पर्याप्त नहुनु, तालिमको अभाव, पुँजि लगानीको अभाव, अनुदान लिन झण्झटिलो प्रक्रिया, कृषि सेवा लिन भौगोलिक दुरीको अवस्था, नीतिहरु तथा कार्यक्रमहरुको अज्ञानता, बजार तथा बिचौलियाको समस्या, रासायनिक मल तथा कृषि सामाग्रीहरुको अभाव, सिंचाईको समस्या, विभिन्न निकायहरु बीच समन्वयको अभाव, युवाहरु सहकारीसँग नजोडिनु, सहकारीभित्र सदस्यहरु बीचमा राजनैतिकरण तथा मनोमालिन्यता हुनु, सदस्यहरु आधुनिक प्रविधि तथा नयाँ परिवर्तन अनुसार चल्न नसक्नु, सहकारीका संस्थापक सदस्यहरुले सहकारीमा समय तथा आवश्यक सल्लाह प्रदान गर्न नसक्नु, सहकारी सञ्चालन सम्बन्धि ज्ञान नहुनु, सहकारी प्रतिवद्धताको अभाव आदि समस्या रहेको पाइएको छ ।

संक्षेपमा भन्नु पर्दा मुलुकका तीनै तहको निकायमा कृषि सहकारीहरुको अनुगमन सशक्त तथा पर्याप्त नभएका कारणले कृषि सहकारीहरुले सहकारीको मूल्य, मान्यता र सिद्धान्तको पालना नगरेको देखिएको छ । जसका कारणले कृषि सहकारीहरुले आफना सदस्यहरुलाई उचित सेवा दिन सकेका छैनन् र केहि सिमित व्यक्तिले मात्रै आफनो सहकारीबाट फाइदा लिई रहेका छन् । कृषि उत्पादनको बजारीकरण कृषि सहकारीको प्रमुख समस्या रहेको छ । उचित बजारको अभाव तथा बिचौलियाहरुको उपस्थितिले गर्दा बजारीकरणबाट कृषि सहकारीहरुले मूनाफा कमाउन सकिरहेका छैनन् । यसका साथै बचत तथा ऋण पनि सञ्चालन गरिरहेका बाहेकको कृषि सहकारीको आर्थिक अवस्था कमजोर भएका कारण लगानीको कमी तथा दक्ष कर्मचारीहरुको अभावमा कृषि सहकारीहरु राम्ररी चल्न सकेका छैनन् । त्यसकारण सम्बन्धित नियमन गर्ने निकायहरुबाट सहकारीहरुको नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने, सहकारीहरुले इमानदारीतापूर्वक सहकारीको मूल्य, मान्यता तथा सिद्धान्तलाई अक्षरशः पालना गर्ने तथा सहकारीहरुलाई व्यावसायिक बनाई बजारमा प्रतिस्पर्धामा उत्रिन सक्षम बनाउनु आजको आवश्यकता हो ।

जिल्लामा सुषुप्त अवस्थामा रहेका प्रारम्भिक कृषि सहकारी संस्थाहरुले उत्पादन तथा व्यवसायिकरणमा लागेका सफल कृषि सहकारी संस्थाहरुले कार्य गर्ने क्रममा नीति, नियममा भएका र बाझिएका कुराहरुको पहल हुने कुरामा विश्वस्त रहेको र नेपालको अर्थतन्त्रको मुख्य आधार कृषि क्षेत्रको आमूल परिवर्तन गर्न सहकारीमैत्री कार्यक्रमको लागि आवश्यक बजेटको व्यवस्था गरी कृषि सहकारीको माध्यमबाट रोजगारी सिर्जना गरी विदेशिने युवाहरुलाई स्वदेशमा राख्न कृषि क्षेत्र नै एक मात्र विकल्प भएकोले यसको विकासको लागि समयमै समस्याहरुको पहिचान गरी समाधानको उपाय निकाल्न अति आवश्यक भएकोले यस अध्ययनबाट सहयोग पुग्न जाने विश्वास लिईएको छ । यस अध्ययनबाट आएका समस्याहरुको समाधान गर्न आयोगले विश्लेषणात्मक सुझावहरु सहित सम्बन्धित निकायहरुमा पठाई पहल गर्ने छ ।

# १.० अध्ययनको पृष्ठभूमि, औचित्य र उद्देश्य

## १.१ अध्ययनको पृष्ठभूमि

नेपालको बीस वर्षे कृषि विकास रणनीतिले (सन् २०१५-२०३५) कृषिको उत्पादकत्व वृद्धि गर्ने कृषि पेशाको व्यवसायिकरण गर्दै प्रतिस्पर्धात्मक क्षमताद्वारा कृषि क्षेत्रको द्रुत विकास गर्ने परिकल्पना गरेको छ । अर्थतन्त्रको मेरुदण्डका रुपमा रहेको नेपालको कृषि क्षेत्रलाई आधुनिकीकरण, व्यवसायिकरण र विविधिकरण गरी किसानको हक हितको संरक्षण एवं प्रवर्द्धन गर्न हाल कृषि सहकारीमा भएको नीतिगत एवं कानूनी व्यवस्था, प्रशासनिक एवं प्राविधिक व्यवस्था, वित्तीय अवस्था, सञ्चालित कार्यक्रमहरु र कार्य्रकम सञ्चालनमा देखिएका समस्या समाधानका उपायहरुको अध्ययन गर्न आवश्यक रहेको छ । कृषि सहकारी मार्फत कृषि उत्पादन सामाग्रीहरुको बिक्री वितरण गर्ने, किसानहरुको क्षमता अभिवृद्धि गर्ने, कृषि पूर्वाधारको विकास, कृषि उत्पादनको बजारीकरणमा सहयोग गर्ने जस्ता काम भईरहेका छन् । यसका अलावा विषयगत सहकारीहरुले विभिन्न बाली वस्तुहरुको उत्पादन प्रशोधन, बजारीकरणबाट बाली वस्तुहरुको प्रबर्द्धन कार्यमा टेवा पुऱ्याईरहेको छ । सरकारको तीन खम्बे अर्थ नीति अनुरुप कृषि सहकारीलाई व्यवस्थित गर्न सहकारी ऐन लागु भएता पनि अपेक्षित रुपमा कृषि सहकारीहरुबाट किसानहरुले सेवा सुविधाहरु प्राप्त गर्न नसकेको जनगुनासो बारम्बार प्राप्त भईरहेको अवस्थामा यो अध्ययनबाट कृषि सहकारी सञ्चालनमा देखिएका समस्याहरुको पहिचान गरी समाधानका उपायहरुको बारे विश्लेषणात्मक सुझाव दिनका लागि यो अध्ययन कार्यक्रम राखिएको हो ।

## १.२ अध्ययनको औचित्य

सहकारी संस्थाहरुलाई पूँजिको अभाव, आवश्यक पूर्वाधारको अभाव, व्यवस्थित बजारको अभाव तथा विषयगत प्राविधिक ज्ञानको अभावको कारणले गर्दा सहकारीहरु व्यवसायिक हुन अझै पनि धेरै चुनौतीहरुको सामाना गर्नुपर्ने अवस्था छ । कृषि सहकारीहरु जसले अधिकांश बचत तथा ऋण कार्य पनि गरिरहेका छन् तिनीहरुले आफनो प्रशासनिक खर्च धान्नका लागि केही नाफामा सञ्चालन हुन सकेका छन् भने विशुद्ध रुपमा कृषि उत्पादन कार्यमा मात्र लागेका कृषि सहकारीहरुलाई विभिन्न समस्याहरुको सामना गर्नु परेको छ । यसरी कृषि सहकारी संस्थाहरुले विधानमा उल्लेखित विभिन्न कृषि सम्बन्धि कार्य गर्ने भनि उद्देश्य राखेता पनि कुनै बाली वस्तुको व्यवसायिक उत्पादन, प्रशोधन तथा बजारीकरण गर्दा, ग्रेडिङ, प्याकेजिङ गर्दा, विदेशमा निर्यात गर्दा, एग्रि मार्ट सञ्चालन गर्दा विभिन्न प्रकारका नीतिगत, आर्थिक एवम् प्राविधिक समस्याहरु भोग्नु परेकोले आफनो संस्थालाई अगाडि बढाउन सकिरहेको अवस्था छैन । प्रारम्भिक कृषि सहकारी संस्थाहरुको कार्यक्रमलाई विस्तार गर्न नेपाल सरकारको कृषि तथा पशुपंछी विकास मन्त्रालय अन्तर्गत यु.एन.डि.पि.को सहयोगमा फलफूल तथा तरकारीको मूल्य श्रृखला विकास आयोजना (गण्डकी र बागमती प्रदेश) र भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय अन्तर्गत सहकारी बजार विकास कार्यक्रम (बागमती प्रदेशका ६ जिल्लाहरु) मा करौडौं रुपैयाँको लगानी गरि संकलन केन्द्र निर्माण, चिस्यान केन्द्र निर्माण र ढुवानी साधनहरु वितरण गरि पूर्वाधारहरुको विकास गरेतापनि कतिपय कृषि सहकारी संस्थाहरुले विभिन्न कारणहरुले त्यस कार्यक्रमबाट अपेक्षा गरे अनुसारको सहकारी बजार सञ्चालन गर्न सकेका छैनन् । विभिन्न कारणले समस्यामा पर्दै गएका कृषि सहकारीमा खास सुधार हुन नसकेकोले यि अवस्थाहरुको पहिचान गरि सोको सुधार गरि आगामी दिनहरुमा सहकारी मैत्री नीति, नियम स्थानीय तहदेखि संघीय तहसम्म सहज वातावरण सृजना गरि कृषि सहकारी संस्थाहरुले आफनो कार्यक्रम सञ्चालन गर्दै जाँदा के कस्ता समस्याहरु भोग्नु परेको छ सो समस्याहरुको विश्लेषण गरि सम्बन्धित सरोकारवाला निकायहरुमा पेश गर्न राष्ट्रिय किसान आयोगले आ.व. २०७८/७९ को वार्षिक कार्यक्रममा परामर्शदाताहरुबाट अध्ययन गर्ने कार्यक्रम राखिएको थियो ।

यस कार्यक्रम सञ्चालन गरिनुको औचित्यहरुमा तीन तहको सरकारले सहकारी व्यवस्थापनका लागि गरेका नीतिगत र कार्यगत प्रयासहरुको बारेमा जानकारी हुने, नेपालमा सञ्चालित कृषि सहकारीहरुको विद्यमान अवस्थाको जानकारी हुने, कृषि सहकारीहरुको नीतिगत, कानूनी, प्रशासनिक, प्राविधिक र वित्तीय अवस्थाहरुको पहिचान हुने, नेपालमा कृषि सहकारीहरुबाट सञ्चालन भएका कार्यक्रमहरु र कार्यक्रम सञ्चालनमा भोग्नु परेका समस्याहरु बारे जानकारी प्राप्त हुन गई सहकारीका असल अभ्यासहरुको प्रचार प्रसार हुने, देखिएका समस्याहरुको सुधार हुने र विभिन्न सरोकारवालाहरुसँग समन्वय भई कृषि सहकारी क्षेत्रमा सुधार हुने अपेक्षाका साथ राष्ट्रिय किसान आयोगले अध्ययन कार्य राखिएको थियो ।

यस अध्ययनबाट साना तथा ठूला कृषि सहकारी संस्थाहरुले आफनो कार्यक्रम सञ्चालन गर्दा दैनिक जीवनमा देखा परेका विभिन्न प्रकारका सुक्ष्म समस्याहरुको समेत पहिचान हुन सक्ने अपेक्षा राखिएको छ ।

## १.३ अध्ययनको उद्देश्य

यस अध्ययनबाट तपशिलका उद्देश्यहरु हासिल गरिने छ :

१. तीन तहको सरकारले सहकारी व्यवस्थापनका लागि गरेका नीतिगत र कार्यगत प्रयासहरुको बारेमा पुनरावलोकन गर्ने ।

२. नेपालमा सञ्चालित कृषि सहकारीहरुको विद्यमान अवस्थाको विश्लेषण गर्ने ।

३. कृषि सहकारीहरुको नीतिगत, कानूनी, प्रशासनिक, प्राविधिक र वित्तीय अवस्थाहरुको पहिचान गरी सुधारका लागि आवश्यक सुझाव दिने ।

४. नेपालमा कृषि सहकारीहरुबाट सञ्चालन भएका कार्यक्रमहरु र कार्यक्रम सञ्चालनमा भोग्नु परेको समस्याहरुको विश्लेषण गर्दै सुझाव दिने ।

५. कृषि सहकारी सञ्चालनमा देखिएका समस्याहरुको पहिचान गरी समाधानका उपायहरुको बारे विश्लेषणात्मक सुझाव दिने ।

## १.४ अपेक्षित उपलब्धि

यस अध्ययनबाट उपरोत्त उद्देश्यहरु अनुसार तपशिलका उपलब्धिहरु हासिल गरिनेछ ।

१. तीन तहको सरकारले सहकारी व्यवस्थापनका लागि गरेका नीतिगत र कार्यगत प्रयासहरुको बारेमा जानकारी प्राप्त हुनेछ ।

२. नेपालमा सञ्चालित कृषि सहकारीहरुको विद्यमान अवस्थाको जानकारी प्राप्त हुनेछ ।

३. कृषि सहकारीहरुको नीतिगत, कानूनी, प्रशासनिक, प्राविधिक र वित्तीय अवस्थाहरुको पहिचान गरी सुधारका लागि राष्ट्रिय किसान आयोगले सरकारलाई जानकारी उपलब्ध गराउनेछ ।

४. नेपालमा कृषि सहकारीहरुबाट सञ्चालन भएका कार्यक्रमहरु र कार्यक्रम सञ्चालनमा भोग्नु परेका समस्याहरु बारे जानकारी प्राप्त हुन गई सहकारीका असल अभ्यासहरुको प्रचार प्रसार हुनेछ ।

५. कृषि सहकारी सञ्चालनमा देखिएका समस्याहरुको पहिचान गरी समाधानका उपायहरुको बारे कृषि सहकारी संस्थाहरुसँग आबद्ध भएका विभिन्न सरोकारवालाहरुसँग समन्वय गरि जानकारी प्राप्त भएको हुनेछ ।

# २.० अध्ययन विधि

## २.१ अध्ययनको क्षेत्र

राष्ट्रिय किसान आयोगले परामर्शदाता सस्थालाई उपलब्ध गराइएको कार्य क्षेत्रगत शत (Terms of Reference) तथा शुरुवाती कार्यशाला गोष्ठीमा प्राप्त सुझावका आधारमा संघीय स्तरका साथै कम्तीमा ३ वटा प्रदेशको प्रतिनिधित्व हुने गरी एक प्रदेशबाट कम्तीमा ३ वटा जिल्लाको प्रतिनिधित्व गरी जम्मा १० वटा स्थानीय तहहरुको छनौट गर्ने गरि तपसिल अनुसारको प्रदेश, जिल्ला तथा स्थानीय तहहरुको छनौट गरि अध्ययनको क्षेत्र तोकिएको थियो ।

| प्रदेश | जिल्ला | स्थानीय तह |
|---|---|---|
| कोशी | झापा | गौरादह नगरपालिका |
| | ईलाम | ईलाम नगरपालिका |
| | ताप्लेजुङ्ग | फुङलिङ नगरपालिका |
| बागमती | दोलखा | भिमेश्वर नगरपालिका |
| | चितवन | खैरहनी नगरपालिका |
| | काभ्रेपलाञ्चोक | पनौती नगरपालिका |
| | धादिंग | धुनिबेशी नगरपालिका |
| गण्डकी | स्याङ्गजा | पुतलीबजार नगरपालिका |
| | तनँहु | आँबु खैरनी नगरपालिका |
| | वाग्लुङ | बाग्लुङ्ग नगरपालिका |

## २.२ तथ्याङ्क श्रोतहरु

यस अध्ययन सञ्चालन गर्न प्राथमिक र द्वितीय श्रोतहरुको तथ्याङ्क संकलन गरिएको थियो । प्राथमिक तथ्याङ्कको शिलशिलामा प्रमुख सूचनादाता अन्तर्वार्ता (KII) तथा लक्षित समूहगत छलफल (Focus Group Discussion) बाट सूचना तथा तथ्याङ्क संकलन गरिएको थियो । लक्षित समूहगत छलफल (Focus Group Discussion) बाट सूचना तथा तथ्याङ्क तपशिलका संस्थाहरुसँग प्रत्यक्ष रुपमा भेटी तथ्याङ्क संकलन गरिएको थियो ।

१) जिल्ला सहकारी संघका पदाधिकारीहरु

२) जिल्ला कृषि सहकारी संघका पदाधिकारीहरु

३) प्रारम्भिक कृषि सहकारी संस्था तथा साना किसान सहकारी संस्थाहरुको पदाधिकारी तथा कर्मचारीहरु

प्रमुख सूचनादाता अन्तर्वार्ता निम्न संस्थाहरुसँग गरिएको थियो ।

- संघस्तरको कार्यालयहरु
  - कृषि तथा पशुपंछि विकास मन्त्रालय
  - भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
  - सहकारी विभाग
  - राष्ट्रिय सहकारी महांसघ
  - केन्द्रीय कृषि सहकारी महासंघ
  - प्रदेशस्तरीय सहकारी तथा कृषि मन्त्रालयहरु
  - कृषि ज्ञान केन्द्रहरु
  - स्थानीय सरकार
  - कृषि बजारहरु

## २.३ तथ्याङ्क संकलन विधि र प्रक्रिया

### २.३.१ प्रारम्भिक प्रतिवेदन तयारी

**परिचालन**

सम्झौतामा हस्ताक्षर भए पश्चात कार्य प्रारम्भ गरियो जसमा कार्य सञ्चालनको लागि आवश्यक पर्ने कार्यस्थल र आवश्यक पर्ने विभिन्न सुविधाहरुको व्यवस्थापन गरियो । परामर्शदाताले टोली सदस्यहरुको कार्य तालिका अनुसार सदस्यहरुलाई परिचालित गराइयो । परामर्शदाताले कार्यक्रमको आवश्यकता अनुसार कार्यको विस्तृत छलफल गऱ्यो ।

### प्रारम्भिक छलफल

सम्बन्धित विज्ञहरु सहितको टोलीले सम्बन्धित निकायहरुसँग सम्पर्क गरी छलफल गर्ने कार्य अगाडी बढाई तपशिलको विषयलाई समेटिने गरि विस्तृत छलफल गरिएको थियो ।

क) आवश्यकता अनुसार प्रस्तावित कार्यविधि उपर पुनरावलोकन तथा पुनर्विचार ।

ख) सेवाग्राहीबाट आवश्यक पर्ने सहयोग तथा विभिन्न निकायहरुबाट तथ्याङ्क संकलन गर्नको लागि आवश्यक पर्ने विभिन्न स्रोत तथा सुविधाहरु बारे जानकारी ।

### सन्दर्भ सामाग्री संकलन तथा अध्ययन

अध्ययन कार्यको प्रथम चरणमा परामर्शदाता समुहले विभिन्न स्रोतहरुबाट सन्दर्भ सामाग्रीहरु संकलन तथा पुनरावलोकन गरिएको थियो । यसमा सम्बन्धित क्षेत्रको विभिन्न विषय बस्तुहरुको अध्ययन तथा पुनरावलोकन गरि तथ्याङ्कहरु संकलन गर्नुका साथै सम्बन्धित प्रदेशका स्थानीय तहहरुबाट वर्तमान समयमा देखिएका र भोगिएका सहकारीका समस्याहरु तथा परिवेशहरुको अध्ययन गरिएको थियो । यसै सन्दर्भमा भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय, कृषि तथा पशुपन्छी मन्त्रालय, राष्ट्रिय सहकारी महासंघ, नेपाल कृषि सहकारी केन्द्रीय संघ लि., सहकारी विभागबाट प्रकाशित प्रतिवेदनहरुका साथ ति संस्थाहरुको वेभसाइटबाट समेत तथ्याङ्क संकलन गरि सोको पुनरावलोकन गरिएको थियो ।

### आवश्यक योजनाको तयारी

उपलब्ध भएको तथ्याङ्कहरुको आधारमा सेवाग्राहीसँग छलफल गरिसकेपछि सोको पुनरावलोकन गरी परामर्शदाताले सो कार्य विधिलाई परिमार्जन गरि अध्ययनको लागि आवश्यक योजनाको तयारी गरेको थियो । विभिन्न प्रदेशहरुका विभिन्न जिल्ला सहकारी संघ तथा प्रारम्भिक कृषि सहकारी संस्थासँग लक्षित समूहगत छलफल (Focus Group Discussion) तथा प्रमुख सूचनादाता अन्तर्वार्ता (KII) गर्नका लागि प्रश्नावलीहरुको मस्यौदा तयार गरेको थियो ।

### प्रारम्भिक प्रतिवेदन तयारी र प्रस्तुतीकरण

माथिका सर्म्पूण कार्य पूरा गरेपछि परामर्शदाताले विभिन्न क्रियाकलापहरु सहितको स्थलगत भ्रमणको तालिका बनाई शुरुवाती कार्यशाला गोष्ठीमा प्रारम्भिक प्रतिवेदन प्रस्तुत गरेको थियो । उक्त कार्यशाला गोष्ठिमा आयोग तथा अन्य उपस्थित सहकारीसँग सम्बन्धित सरोकारवालाहरुको सुझावका आधारमा अध्ययन सञ्चालन गर्ने समय तरिका र प्रक्रियामा आवश्यक मार्ग निर्देशन संकलन गरिएको थियो ।

## २.३.२ स्थलगत अध्ययन

प्रारम्भिक प्रतिवेदन राष्ट्रिय किसान आयोगमा प्रस्तुत गरिसकेपछि आयोगबाट प्राप्त राय सुझाव अनुसार परामर्शदाताले विस्तृत स्थलगत सर्वेक्षण गरेको थियो ।

विभिन्न प्रदेश तथा स्थानीय तहहरुमा तोकिएका कृषि सहकारी संस्थाहरुमा आवश्यकता अनुसार स्थलगत सर्वेक्षण गरि सम्बन्धित कृषि सहकारी संस्थाहरुले भोग्नु परेका विभिन्न समस्याहरु र उपलब्धी सम्बन्धि विभिन्न तथ्याङ्कहरु संकलन गरिएको थियो ।

TOR (अनुसूची २) मा उल्लेख गरीए अनुसार राष्ट्रिय किसान आयोगसँगको शुरुवाती कार्यशाला गोष्ठिमा तय भए बमोजिम कम्तीमा ३ वटा प्रदेश भौगोलिक क्षेत्रको प्रतिनिधित्व हुने गरी एक प्रदेशबाट कम्तीमा ३ वटा जिल्ला प्रतिनिधित्व हुने माथि २.१ मा उल्लेख गरिए अनुसार स्थानीय तहहरुको छनौट गरिएको थियो ।

छनौट गरिएका विभिन्न ३ प्रदेशका जिल्लाहरुको जिल्ला सहकारी संघबाट प्रारम्भिक कृषि सहकारी संस्थाहरुको नामावली संकलन गरि लक्षित समूहगत छलफल (Focus Group Discussion) को माध्यमबाट तथ्याङ्क संकलन गरिएको थियो ।

विभिन्न प्रदेशका भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिवी निवारण मन्त्रालय तथा स्थानीय तहहरुसँग सहकारी सम्बन्धी ऐन, कानून र वर्तमान समस्या तथा सुझावहरुको लागि प्रमुख सूचनादाता अन्तर्वार्ता (KII) गरि तथ्याङ्क संकलन गरिएको थियो ।

भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सहकारी विभाग, राष्ट्रिय सहकारी महासंघ तथा नेपाल कृषि सहकारी केन्द्रीय संघ लि. हरुसँग ऐन, कानून तथा समस्या सम्बन्धि प्रमुख सूचनादाता अन्तर्वार्ता लिइएको थियो ।

## २.३.३ तथ्याङ्क तथा सूचना विश्लेषण

प्रमुख सूचनादाता अन्तर्वार्ता (KII) तथा लक्षित समूहगत छलफल (Focus Group Discussion) बाट संकलन गरिएका सूचना तथा तथ्याङ्कहरु विषयगत (subjective) विश्लेषण गरिएको थियो ।

## २.३.४ प्रतिवेदन तयारी

विभिन्न निकायहरुबाट तथा सन्दर्भ सामाग्रीहरुको अध्ययनबाट नेपालमा सहकारी एवं कृषि सहकारीहरुको विकास र बिस्तारमा भएका नीतिगत, कार्यगत कानूनी दस्तावेजहरुको अध्ययन गरियो । सन्दर्भ सामाग्रीहरुको अध्ययन साथै स्थलगत अध्ययनबाट आएका विषयहरुलाई विश्लेषण गरी प्रतिवेदन तयार गरियो ।

## २.४ तथ्याङ्क विश्लेषण विधि

फिल्डबाट प्रमुख सूचनादाता अन्तर्वार्ता (KII) तथा लक्षित समूहगत छलफल (Focus Group Discussion) बाट संकलन गरिएका सूचनाहरु विषयगत (subjective) विश्लेषण गरिएको छ । संकलन गरिएका सूचनाहरुलाई TOR मा उल्लेख भएका अध्ययनका ५ वटा उद्देश्य अनुसार सम्बन्धित उद्देश्यहरुमा वर्गिकरण गरि राखिएको छ । यसको साथै सन्दर्भ सामाग्रीहरुको अध्ययन साथै स्थलगत अध्ययन अनुसार छलफलमा उठेका कुराहरुलाई पनि समावेश गरि अध्ययन तथा विश्लेषण गरिएको छ ।

## २.५ अध्ययनको सिमितता

यो अध्ययनको शिलशिलामा लक्षित समूहगत छलफलका सहभागिहरु, जिल्ला सहकारी संघ तथा जिल्ला कृषि सहकारी संघबाट आमन्त्रित गरिएका कृषि सहकारी संस्थाहरुका पदाधिकारीहरु तथा कर्मचारीहरु मात्र रहेका थिए । तसर्थ, यस अध्ययनमा उपस्थित सहभागिहरुले व्यक्त गरिएका विचारहरु समावेश गरिएका छन् । अध्ययन सञ्चालन गरिएका १० वटा जिल्लाका नमूना (Sample) ले सबै जिल्लाका समष्टिगत रुपमा प्रतिनिधित्व नगर्न सक्तछ । सम्बन्धित निकायहरुसँग सोधिएका प्रश्नावलीहरुको उत्तरहरुमा कतिपय कृषि सहकारी संस्थाहरुले आफनो कार्यक्रम सञ्चालन नभएको वा नगरेकोले तोकिएको ढाँचामा उत्तर प्राप्त हुन नसकि विषयगत कुराहरुमा सिमित रहेकोले सोहि अनुसार तथ्याङ्क संकलन गरिएको थियो । चितवन जिल्लामा जिल्ला सहकारी संघका पदाधिकारीहरुको कार्य व्यस्तताले गर्दा समय मिलान हुन नसकेकोले लक्षित समूहगत छलफल गर्न सकिएको थिएन ।

# ३.० साहित्य सन्दर्भ (Literature Review)

## ३.१ सहकारिताका मूल्य, मान्यता तथा सिद्धान्तहरु

सदस्यहरूको संयूक्त स्वामित्व र प्रजातान्त्रिक नियन्त्रणबाट सञ्चालित व्यवसाय मार्फत आफ्ना साझा आर्थिक, सामाजिक र साँस्कृतिक आवश्यकता एवं आकांक्षाहरू पूरा गर्न स्वेच्छिक रूपमा एकजुट हुने व्यक्तिहरूको स्वायत्त संगठन सहकारी हो ।

### ३.३.१ सहकारी मूल्यहरू

- आधार मूल्यहरू: स्वावलम्बन, स्व-उत्तरदायित्व, लोकतन्त्र, समानता, समता र ऐक्यवद्धता ।
- नैतिक मूल्यहरू: इमान, खुलापन, सामाजिक उत्तरदायित्व र अर्काको ख्याल ।

### ३.३.२ मान्यताहरू

(क) नाफामा सहभागी नहुने: अर्काको श्रम वा अर्काले तिरेको मूल्यमा लाभ नलिने ।

(ख) उपकारको भर नपर्ने: अरुको कल्याणको आस नगर्ने ।

(ग) गैर सदस्यसँग कारोबार नगर्ने: सहकारी संस्थाले व्यावसायिक सेवा सदस्यमा सीमित राख्दछन् ।

(घ) गैर सदस्यलाई सेवा दिने: सदस्यको आर्थिक फाइदासँग असम्बन्धित सेवाहरू अर्थात गैर व्यावसायिक सेवा गैर सदस्यलाई दिने ।

(ङ) सकरात्मक कार्य गर्ने: लैङ्गिक रूपमा पक्षपात नगरी समान सहभागिताको आदर्शमा काम गर्ने । सामाजिक सिमान्तीकरणमा परेका सदस्यहरूलाई अगाडि ल्याउन सकारात्मक पहल गर्ने ।

### ३.३ ३ सिद्धान्तहरू

**पहिलो सिद्धान्त : ऐच्छिक तथा खुला सदस्यता**

सहकारी संस्थाहरू स्वेच्छिक सङ्गठन हुन् । यी संस्थाहरूबाट प्राप्त हुने सेवा उपयोग गर्न सक्ने र सदस्यताको जिम्मेवारी वहन गर्न चाहने सबै व्यक्तिहरूको लागि सदस्यता खुला रहन्छ । यी संस्थाहरूमा आवद्ध सदस्यहरू बीच लिङ्ग, वर्ग, जातजाति, धर्म, वर्ण र राजनीतिक आधारमा भेदभाव रहँदैन । कुनैपनि व्यक्ति अरुको करकापमा सदस्यता लिन बाध्य हुँदैन । सदस्यता लिने र त्याग गर्ने स्वतन्त्रता सबै सदस्यहरूलाई उपलब्ध हुन्छ । सेवा उपयोग गर्ने हैसियतमा रहेका व्यक्तिहरूलाई सदस्यता प्राप्त गर्न कुनै कृत्रिम छेकबार लगाउन मिल्दैन ।

**दोस्रो सिद्धान्त : सदस्यको लोकतान्त्रिक नियन्त्रण**

सहकारी संस्थाहरू आफ्ना सदस्यहरूद्वारा नियन्त्रित लोकतान्त्रिक सङ्गठन हुन् । सहकारी संघसंस्थाहरूका सदस्यहरू आफ्नो संस्थाको नीति तय गर्न र निर्णय गर्नमा सक्रिय रूपमा सहभागि हुन्छन् । निर्वाचित प्रतिनिधिका रूपमा चयन हुने जुनसुकै महिला तथा पुरुष सदस्यप्रति उत्तरदायी हुन्छन् । प्रारम्भिक संस्थाहरूमा एक व्यक्ति एक मतको आधारमा सदस्यहरूको समान मताधिकार हुन्छ । सहकारी संस्थाहरू प्रजातान्त्रिक आधारमा गठन गरिएका हुन्छन् ।

**तेस्रो सिद्धान्त : सदस्यको आर्थिक सहभागिता**

सहकारी संघसंस्थाको सदस्यता प्राप्त गर्न चाहने हरेक व्यक्तिले संस्थाबाट जारी हुने शेयर अनिवार्य रूपमा खरिद गर्नुपर्दछ । सदस्यहरू आफ्नो संस्थाको आर्थिक क्रियाकलापमा न्यायिक रूपमा सहभागि हुनुपर्दछ । संस्थाको पूँजी माथि सदस्यहरूले नियन्त्रण राख्दछन् । सहकारी संघसंस्थामा बचत (नाफा) भएमा सदस्यहरूले चुक्ता गरेको शेयर पूँजीको आधारमा सीमित बचत फिर्ता पाँउछन् । संस्थाले आर्जन गर्ने बचत/(नाफा) बाट जगेडा कोष, संरक्षित पूँजि फिर्ता कोष, वोनस कोष, विकास कोष, शिक्षा कोष, घाटा पूर्ति कोष खडा गरी संस्थागत विकास र सदस्यहरूको सेवा तथा सुविधा सुनिश्चित गरिएको हुन्छ ।

**चौथो सिद्धान्त : स्वायत्तता तथा स्वतन्त्रता**

सहकारी संघसंस्थाहरू आफ्ना सदस्यहरूद्वारा नियन्त्रित स्वायत्त तथा स्वावलम्बी संगठनहरू हुन् । संस्थाको सञ्चालन तथा काम कारवाहीमा सरकार तथा अन्य बाह्य निकायको हस्तक्षेप हुँदैन । संघसंस्थाहरूले आफ्ना सदस्यहरूबाट बचत तथा पूँजि सङ्कलन र बाह्य स्रोतबाट सम्झौता गरी ऋण प्राप्त गर्न सक्दछन् । संघसंस्थाहरू सदस्यहरूद्वारा लोकतान्त्रिक नियन्त्रणमा बाँधिएका हुन्छन् । संघसंस्थाले स्वायत्तता कायम राख्ने हिसाबले काम गर्नु पर्दछ ।

**पाँचौ सिद्धान्त : शिक्षा, तालिम र सूचना**

सहकारी सघसंस्थाहरूले सदस्यहरूको चौतर्फी विकासका लागि अनवरत रूपमा शिक्षा र तालिमको व्यवस्था गर्नुपर्दछ । सञ्चालक, व्यवस्थापक र सदस्यहरूले संस्थामा प्रभावकारी रूपमा योगदान दिन सकोस् भनी उनीहरूलाई शिक्षा तथा तालिम उपलब्ध गराउनु पर्दछ । सहकारी संघसंस्थाहरूले सङ्गठनको प्रकृति तथा लाभबारे समुदायभित्रका सामान्य जनताहरूलाई सुसूचित गराउँनु पर्दछ ।

### छैठौं सिद्धान्त : सहकारी संस्थाहरूका बीच सहयोग

सहकारी संस्थाहरूले प्रभावकारी रूपमा आफ्ना सदस्यहरूलाई सेवा पुऱ्याउने उद्देश्यका साथ स्थानीय, क्षेत्रीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय संरचनाहरूका माध्यमबाट आपसमा मिलेर सहकारी व्यवसायलाई प्रवर्द्धन गर्दछन् र गुणात्मक सेवा प्रवाह गरी सहकारी आन्दोलनलाई सुदृढ पार्दछन् ।

### सातौं सिद्धान्त : समुदायप्रतिको सरोकार

सहकारी संस्थाहरूले निर्धारित नीतिको आधारमा समुदायको दिगो विकासको लागि कार्य गर्छन् । सहकारी संघसंस्थाहरू समुदायमा आधारित भई स्थापित र सञ्चालित हुन्छन् । समुदायप्रतिको जिम्मेवारी हरेक सहकारी संघसंस्थाको दायित्वभित्र रहेको हुन्छ ।

## ३.२ सहकारीको भूमिका र महत्व

नेपालको अर्थतन्त्रको विकासमा सहकारी क्षेत्रको महत्वपूर्ण भूमिका रही आएको छ । सरकारले सहकारी क्षेत्रलाई सामाजिक न्याय र आर्थिक विकासको लागि एक महत्वपूर्ण साधनको रुपमा अंगीकार गरेको छ । नेपालको संविधान २०७२ ले आत्मसात गरेको तीन खम्बे अर्थ नीतिको एक खम्बाको रुपमा सहकारी क्षेत्रलाई लिइएको छ । सरकारी, नीजि र सहकारीको संयूक्त प्रयासबाट मात्रै देशको आर्थिक, सामाजिक समृद्धि हुन्छ भन्ने विश्वास लिइएको छ । यसै अनुरुप विकासका योजनाहरु, सरकारका नीति तथा कार्यक्रमहरु र बजेट वक्तव्यमा समेत कहिले टोलटोलमा सहकारी घरघरमा भकारी, त कहिले गाँउगाँउमा सहकारी घरघरमा रोजगारीका नारा लगाउंदै आएको छ भने अर्कोतिर सरकारले सहकारीका माध्यमबाट रोजगारीको सृजना गरी गरिवी निवारण गर्ने प्रमुख आधार मानेको छ ।

गरिवी निवारण तथा असमानता घटाउन, जनचेतना जगाउन, नेतृत्व विकास गर्न, सामाजिक विकास गर्न, रोजगारी र आयका अवसर सृजना गर्न, ऋणको आवश्यकता पूरा गर्न, ग्रामीण औद्योगिकिकरणको विकास गर्न, सामाजिक एकता कायम गर्न, कृषि क्षेत्रको विकासका लागि स्थानीय श्रोतको परिचालन गर्न र महिला सशक्तिकरण गर्न सघाउ पुऱ्याउन आफनो कार्यक्षेत्रहरुमा विभिन्न विषयगत सहकारीहरुको स्थापना गरि आफना शेयर सदस्यहरुलाई सेवा गर्ने उद्देश्यले सञ्चालन भई आएका छन् । आफना उद्देश्य हासिल गर्न उत्पादनशिल कार्य गर्नुका साथसाथै मासिक रुपमा बचत तथा ऋण संकलनका कामहरु पनि विभिन्न सहकारी संस्थाहरुले गर्दै आएका छन । तर पनि सञ्चालनको क्रममा विभिन्न कारणहरुले गर्दा सबै सहकारी संस्थाहरु सन्तोषजनक रुपमा सञ्चालन हुन सकिरहेका छैनन् ।

नेपालको संविधान २०७२ ले संघ, प्रदेश र स्थानीय सरकार मार्फत राज्यशक्ति अधिकारको प्रयोग हुने विषयहरुलाई सुनिश्चितता प्रदान गरेको छ । जनताले आफनो नजिकको सरकारबाट राज्य प्रदत्त सेवा, सुविधाहरु प्राप्त गर्ने र शासन प्रणालीमा सहभागि हुने अवसर संघीयतामा अपेक्षा गरिन्छ । नेपालको संविधान २०७२ ले सार्वजनिक, नीजि र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत समृद्ध अर्थतन्त्र निर्माण गर्ने आर्थिक उद्देश्य लिईएको छ ।

## ३.३ नेपालमा सहकारी र तिनको अवस्था इतिहास

नेपालमा सर्वप्रथम बि.सं. २०१० मा सहकारी विभागको स्थापना, चितवनमा बि.सं. २०१३ चैत्र २० मा बखान ऋण सहकारी समितिको स्थापना, सहकारी ऐन २०१६ आउनु सहकारी विकास क्रमका महत्वर्पूण घटनाक्रम थिए । पञ्चायती शासन व्यवस्था कालमा साझा विकास तथा अन्य कार्यक्रम मार्फत सरकारले आफनै अगुवाईमा सञ्चालन गरेको सहकारी विकासको कार्य अपेक्षित सफल हुन सकेन । तर बि.स.२०४८ मा प्रजातन्त्रको पुनः उदयसँगै आएको सहकारी ऐन २०४८, सहकारी नियमावली २०४९ को कार्यान्वयन पश्चात सहकारीको संख्यात्मक विकास तिव्रतर भयो । बि.सं. २०४८ सम्म ८२० को संख्यामा रहेका सहकारी संघ, संस्थाको संख्या सहकारी ऐन २०७४ लागु हुँदासम्म ३४,५१२ पुगिसकेको थियो । यद्यपि सहकारीहरुको गूणात्मक पक्षमा थप विकास गर्नुपर्ने विषयमा सबैले जोड दिएको देखिन्छ ।

कार्यक्रम सञ्चालन गरिएका सहकारी संस्थाहरुद्वारा सञ्चालित केही उत्कृष्ट कार्यक्रमलाई आधार बनाएर केही सफलताका घटना तथा सिकाईहरु संकलन गरी अन्य सहकारी संस्थाहरुलाई सिकाइका प्रविधिहरु हस्तान्तरण गर्न सके अन्य सहकारी संस्थाहरुलाई सुदृढ तथा सक्षम बनाउन प्रयास गर्न सफल हुने कुरामा दुईमत हुन सक्दैन । साधारण कृषकबाट समुह हुँदै सहकारीमा आवद्ध भएपछि आर्थिकको साथसाथै सहकारी संस्थाबाट चेतना, शिप, प्रविधि, नेतृत्व गर्ने शिप तथा कलाको विकास महिलाहरुले साना व्यवसाय सञ्चालन गर्ने गरेको पाइएको छ । गरीव तथा विपन्न महिलाहरुलाई लघु व्यवसाय गर्नका लागि बिना धितो पूँजि उपलब्ध गराएर विभिन्न कृषि व्यवसाय सञ्चालन गरी स्वरोजगार सिर्जना गरेको छ ।

कोभिड १९ महामारीको संक्रमण रोकथाम तथा नियन्त्रणका लागि सरकारले गरेको लकडाउन एवं निषेधाज्ञाका कारणले आपूर्ति श्रृखलामा अवरोध आउँदा सहकारी क्षेत्रले अस्वाभाविक मूल्य वृद्धि नियन्त्रण र स्थानीय उत्पादनको बजारीकरणका लागि उल्लेख्य भूमिका निर्वाह गरेका उदाहरणहरु प्रशस्तै भेटिन्छन । महामारीको अत्यन्त विषम परिस्थितिमा सहकारी संघसंस्थाहरुले सदस्य तथा समुदायका लागि जनचेतना अभिवृद्धि, घरदैलो सेवा प्रवाह, स्वास्थ्य सुरक्षा सम्बन्धि प्रवन्ध, दैनिक अत्यावश्यक वस्तुहरु विशेष गरी तरकारी तथा फलफूलको आपूर्ति गरी विपदमा सहकारी भन्ने मान्यतालाई स्थापित गर्न सफल भएको छ ।

नेपालको संविधान भावना अनुरुप सार्वजनिक, नीजि र सहकारी क्षेत्रको सहभागिता र विकास मार्फत राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतशिल बनाउँदै समाजवाद उन्मूख समृद्ध अर्थतन्त्र निर्माणको लागि सहकारी क्षेत्रको सवल भूमिकाको आवश्यकता देखिन्छ । दिगो तथा उच्च आर्थिक बृद्धि हासिल गर्दै समृद्ध नेपाल, सूखी नेपालीको राष्ट्रिय आकांक्षा पूरा गर्न लोकतन्त्रिक गणतन्त्र र संघीय संरचना अन्तर्गत बनेको संघीय, प्रदेश र स्थानीय सरकार, नीजि तथा सहकारी क्षेत्रको संयूक्त प्रयास हुनु अपरिहार्य छ । स्थानीय तथा प्रदेश सरकारहरुले सहकारी क्षेत्रलाई प्राथमिकतामा नराख्ने हो भने यस क्षेत्रबाट अपेक्षाकृत उपलब्धी प्राप्त नहुने निश्चित छ । सहकारी मार्फत स्थानीय स्रोत साधनको परिचालन भई आन्तरिक उत्पादन बढ्ने र स्थानीय तथा प्रदेशहरु आत्मनिर्भर बन्ने कुरामा जोड दिँदै सोही अनुरुपको नीति तथा कार्यक्रमका लागि प्रदेश तथा स्थानीय सरकारहरुमा महासंघले वकालत गरे अनुरुप प्रदेश सरकारले विशेष गरी बागमती प्रदेश र लुम्बिनी प्रदेशका नीति तथा कार्यक्रममा सहकारी प्राथमिकतामा परेको छ ।

कोही पछि नपरुन, कोही नछुटुन भन्ने नाराका साथ लागुभएको सन् २०३० सम्मको दीगो विकास लक्ष्य प्राप्तिका लागि सहकारी अभियानसँगको साझेदारीलाई नेपाल सरकारले महत्वकासाथ हेरेको छ ।

सहकारी विभागबाट हालसम्म अध्यावधिक गरेर सार्वजनिक गरेको तथ्याङ्क अनुसार विभिन्न प्रकृतिका स्थानीय तहका २३,७५९, प्रदेश तहका ६,००२ र विभागिय नियमन अन्तर्गतका १२५ गरी जम्मा २९,८८६ सहकारी संघसंस्थाहरु क्रियाशिल रहेका छन् । विभिन्न प्रदेशमा प्रदेश सहकारी संघ तथा विषयगत प्रदेश सहकारी संघहरु र विशिष्टकृत संघहरुको गठनमा तिब्रता आएको छ । सहकारी संघ संस्थाहरुले सदस्यहरुलाई वित्तीय सेवाका साथै उत्पादन, संकलन, प्रशोधन, एवंम सुपथ मूल्य पसल मार्फत सेवा प्रवाह गर्दै आएका छन् । सहकारीहरुको संख्यात्मक पक्षभन्दा गुणात्मक पक्षमा थप विकास गर्नुपर्ने विषयमा सबैले जोड दिएको देखिन्छ । विभिन्न प्रदेशमा प्रदेश सहकारी संघ तथा विषयगत प्रदेश सहकारी संघहरु र विशिष्टकृत संघहरुको गठनमा तिव्रता आएको छ । सहकारी संघसंस्थाहरुले सदस्यहरुलाई वित्तीय सेवाका साथै उत्पादन, संकलन, प्रशोधन, एवंम सुपथ मूल्य पसल मार्फत गैह्र वित्तिय सेवा प्रवाह गर्दै आएका छन । यस अभियानमा ६५ लाख १५ हजार ४६० व्यक्तिहरुको संलग्नता रहेका मध्ये महिलाहरुको आवद्धता ५१ प्रतिशतभन्दा माथि पुगेको छ भने करिव १ लाख व्यक्तिहरुले प्रत्यक्ष रोजगारी प्राप्त गरेको आंकडा छ । सहकारी संघसंस्थामा ने.रु. ७७ अर्ब २४ करोड शेयर पूँजि, ने.रु. ३५० अर्ब ५८ करोड बचत र ने.रु. ३४१ अर्ब ७१ करोड ऋण परिचालन भएको तथ्याङ्क छ ।

कोभिड १९ महामारीको संक्रमण रोकथाम तथा नियन्त्रणका लागि सरकारले गरेको लकडाउन एवं निषेधाज्ञाका कारणले दूध तथा तरकारीको आपूर्ति श्रृखलामा अवरोध आउँदा सहकारी क्षेत्रले अस्वाभाविक मूल्य बृद्धि नियन्त्रण र स्थानीय कृषि उत्पादन (तरकारी तथा दूधको बजारीकरणका लागि उल्लेख्य भूमिका निर्वाह गरेका उदाहरणहरु भेटिन्छन् (मकवानपुर जिल्ला सहकारी संघ र साना किसान कृषि सहकारी संस्था मनहरी) । महामारीको अत्यन्त विषम परिस्थितिमा सहकारी संघसंस्थाहरुले सदस्य तथा समुदायका लागि जनचेतना अभिवृद्धि, घरदैलो सेवा प्रवाह, स्वास्थ्य सुरक्षा सम्बन्धि प्रवन्ध, दैनिक अत्यावश्यक बस्तुहरु विशेष गरी तरकारी तथा फलफूलको आपूर्ति गरी विपद्मा सहकारी भन्ने मान्यतालाई स्थापित गर्न सफल भएको छ ।

## ३.४ नेपालको सहकारी अभियानमा राष्ट्रिय सहकारी महासंघको भूमिका

नेपालको सहकारी अभियानको शिर्षस्थ निकायका रुपमा राष्ट्रिय सहकारी महासंघ लिमिटेडको वि.सं. २०५० साल आषाढ ६ गते स्थापना भएको हो । सहकारी संघसंस्थाको प्रवर्द्धन तथा विकासका लागि नीतिगत पहलकदमी गर्ने, सहकारी संघसंस्थाको व्यवसायिकता प्रवर्द्धन गर्दै तीन खम्बे अर्थ नीति अनुरुप सहकारी क्षेत्रलाई एक सवल खम्बाको रुपमा स्थापित गर्ने, सबै सहकारी संघसंस्थालाई ऐक्यवद्ध बनाउदै सहकारी अभियानलाई सशक्त बनाउने र सहकारी अभियानको नेतृत्वदायि भूमिका निर्वाह गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा प्रतिनिधित्व गर्ने यस महासंघका प्रमुख उद्देश्य रहेका छन् । महासंघको यही उद्देश्य हासिल गर्न रणनीतिक योजनाका साथ कार्यक्रमहरु पहिचान गरी कार्यान्वयनमा मार्गदर्शन गर्न प्रस्तावित दश वर्षे रणनीतिक योजना तर्जुमा गरिएको छ । उक्त रणनीतिक योजनाले महासंघका क्रियाकलापहरुको प्राथमिकता निर्धारण गर्दै दिशाबोध गर्नेछ । महासंघमा हाल मुलुकका १९ वटै विषयगत केन्द्रीय सहकारी संघहरु, १ राष्ट्रिय सहकारी वैंक सहित प्रदेशस्तरीय सहकारी संघ २ र ७३ वटा जिल्लाका जिल्ला स्तरीय संघहरु समेत ३३५ वटा सदस्यहरु आवद्ध रहेका छन् । अन्तर्राष्ट्रिय सहकारी महासंघको सक्रिय सदस्य रहेको महासंघले आफ्ना उद्देश्यहरु प्राप्त गर्न नियमित रुपमा नेपाल सरकार र राष्ट्रिय अन्तर्राष्ट्रिय सहकारी संघ/संस्था र निकायहरुसँग समन्वय गर्दै आएको छ ।

## ३.५ सरकारले सहकारी व्यवस्थापनका लागि गरेका नीतिगत र कार्यगत प्रयासहरु

विभिन्न अनौपचारिक संस्थाहरू स्थापना गरी पारस्परिक सहयोगको संस्कृति नेपाली समाजमा परापूर्वकाल देखि चल्दै आएको छ । प्राचीन कालदेखि चल्दै आएको गुठी, ढुकुटी पनि सहकारीको मान्यतामा आधारित हो । सन् १९५४ मा कृषि मन्त्रालय अन्तर्गत सहकारी विभागको स्थापनासँगै सहकारी क्षेत्रको व्यवस्थित प्रवर्धन र विकास सुरु भएको थियो । अन्य धेरै विकासोन्मूख देशहरूमा जस्तै नेपालमा पनि सहकारी आन्दोलनले सन् १९६० र १९७० को दशकमा तीव्र वृद्धिपछि सन् १९८० को दशकमा असफलताको सामना गर्नु परेको थियो । त्यसको मुख्य कारण त्यतिबेला प्रचलित माथिल्लो तहको कानूनी, नियामक र नीतिगत वातावरणमा सहकारीहरू न स्थानीय पहलद्वारा सङ्गठित थिए न स्थानीय जनताद्वारा व्यवस्थित, बरु राज्यद्वारा नियन्त्रित थिए ।

### ३.५.१ राष्ट्रिय सहकारी नीति

बि.सं. २०७० मा नेपाल सरकारले राष्ट्रिय सहकारी नीति पारित गऱ्यो, जसमा देशमा सहकारी विकासका लागि निम्न लिखित ६ वटा मुख्य रणनीतिक निर्देशनहरू उल्लेख गरिएको थियो ।

(१) सहकारीको क्षमता अभिवृद्धि र माध्यमबाट सहकारीको चेतना अभिवृद्धि गर्ने, शिक्षा, प्रशिक्षण र जानकारी दिने,

(२) कृषि उद्यम र अन्य सबै प्रकारका उत्पादन र सेवामा आधारित उद्यमहरूमा सहकारीहरूलाई सक्रिय बनाउने,

(३) सहकारीमा महिला, गरिव, सीमान्तकृत, अपाङ्गता भएका, भूमिहीन र पिछडिएका समुदायका साथै मजदुर र आम जनताको जिविकोपार्जनमा सुधार ल्याउन सहकारीमा पहुँच बढाउने,

(४) सहकारीले प्रवर्द्धित उद्यमको विकास र विस्तार गरी सहकारी क्षेत्रलाई प्रभावकारी, प्रतिस्पर्धी र गुणात्मक बनाउने,

(५) प्रभावकारी व्यवस्थापन प्रक्रियाको अवलम्बन र नियमन गरी सहकारीका निर्धारित मूल्य र सिद्धान्तको अभ्यास गरी सहकारी क्षेत्रमा सुशासन कायम गर्ने

(६) दीर्घकालीन योजना, जनशक्ति विकास र आवश्यक संस्थागत संरचना तथा कानूनी तर्जुमा गर्ने । सहकारीको विकास, विस्तार र प्रवर्धनका लागि कानूनी प्रावधान ।

यस नीतिको उद्देश्य गैर नाफामूलक सहकारी संस्थाहरूलाई प्रवर्धन गर्ने, विशेष गरी कृषि क्षेत्रसँग सम्बन्धित, कर्जा र बचत सहकारीमा नियन्त्रण संयन्त्र स्थापना गर्दै जोखिममा पर्न नदिन र तिनीहरूको विशिष्टीकरणलाई प्रवर्धन गर्ने लक्ष्य राखेको छ। नीतिले व्यवसाय उन्मूख सहकारी संस्थाले दर्ता हुनका लागि सम्भाव्यता अध्ययन गर्नुपर्ने आवश्यकता पनि तोकेको छ । यस नीतिले निश्चित मापदण्डहरू पूरा गर्न असफल भएका सहकारीहरू बीच अनिवार्य एकिकरणको पनि पूर्वानुमान गरेको छ र यसले साना सहकारीहरूलाई एकिकरण गर्न प्रोत्साहित गर्दछ। ग्रामीण क्षेत्रमा सहकारीको प्रचार प्रसारलाई प्रोत्साहित गर्न र शहरी परिवेशमा उनीहरूको एकाग्रतालाई सीमित गर्न यस नीतिले निश्चित क्षेत्रहरूमा वा निश्चित अवधिहरूमा नयाँ दर्तामा रोक लगाउने सम्भावनाको अनुमान गरेको छ। एउटै व्यक्तिले विभिन्न सहकारीको सदस्यता लिएको बीचमा यस नीतिले 'एक सदस्य एक सहकारी' नीति अवलम्बन गरेको छ । कृषि सहकारीहरूलाई निश्चित क्षेत्रहरू (जस्तैः दूध, चिया, तरकारी तथा फलफूल, मौरी पालन र उखु) प्रवर्द्धन गर्नका लागि यस नीतिले विशेष सहुलियत ऋण र अनुदानको प्रक्षेपण गरेको छ।

### ३.५.२ सहकारी ऐन

पहिलो सहकारी सम्बन्धी कानूनको रूपमा सहकारी ऐन, २०१६ जारी भएपछि यस क्षेत्रले थप गति लिएको हो। सहकारी ऐन, २०१६ लाई सहकारी ऐन, २०४८ ले सहकारी ऐन र नियममा भएका नविन व्यवस्थाहरू विस्थापित गरेपछि नेपालमा सहकारी क्षेत्रले नयाँ र लोकतान्त्रिक गति लिएको हो । मुलुकमा सहकारीको संख्यासँगै यस सम्बद्ध गतिविधि २०४८ सालपछि नै विस्तार भएका हुन् । २०६२/६३ को दोश्रो जनआन्दोलन, मधेश आन्दोलन र परिवर्तनको नागरिक आकाङ्क्षा पछि २०७२ सालमा जनताको प्रतिनिधिले संविधान सभा मार्फत पहिलोपटक नेपालको संविधान जारी भयो। सार्वजनिक, नीजि र सहकारीको तीन खम्बे अर्थ नीति अंगिकार गरेको यो संविधानले मुलुकलाई संघीय शासन व्यवस्थामा रूपान्तरण गऱ्यो। संघीयता सहकार्य, सहअस्तित्व र समन्वयमा आधारित हुने उल्लेख भयो। उदार अर्थ व्यवस्थामा जोड दिएको मुलुकको नंयाँ संविधानको धारा २९६ को उपधारा १ को अधिकारलाई प्रयोग गरी व्यवस्थापिका संसदले सहकारी ऐन, २०७४ जारी गर्यो। सहकारी ऐन, २०७४ सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुरूप सदस्यहरूको आर्थिक, सामाजिक तथा साँस्कृतिक उन्नयन गर्न समुदायमा आधारित सदस्य केन्द्रीत, लोकतान्त्रिक, स्वायत्त र स्वशासित सङ्गठनको रूपमा सहकारी संस्थाहरूको प्रवर्द्धन नियमन गर्न, सहकारी खेती, उद्योग, वस्तु तथा सेवा व्यवसायका माध्यमबाट आत्मनिर्भर, दीगो एवं समाजवाद उन्मूख राष्ट्रिय अर्थतन्त्रको विकास गर्न सहकारी सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गरी समयानुकुल बनाउने अभिप्रायले संसदले सहकारी ऐन, २०७४ बनाएको हो।

### ३.५.३ सहकारी विभाग

संघीय संरचना अनुरुप तीन तहको सरकारको कार्य क्षेत्रभित्र पर्ने सहकारीको नियमन, प्रवर्द्धन र प्रशिक्षण गर्नु सहकारी विभागको महत्वपूर्ण जिम्मेवारी हो । सबै प्रदेश र स्थानीय तहमा नयाँ ऐन र नियमावली बनी नकेकोले नीतिगत, कार्यगत अन्यौलता कायम रहिरहेको वर्तमान परिपेक्ष्यमा विभागको जिम्मेवारी घटेको छैन। सहकारी क्षेत्रमा देखिएका नयाँ चुनौती समाधान गर्दै सम्भावनाहरुलाई उजागर गर्न विभाग प्रतिबद्ध छ । सेवाग्राहीमैत्री सहकारी प्रशासनको वकालत र अभ्यास गर्दै विभागले आन्तरिक र बाह्य दुबै सुधारमा जोड दिएको छ। इमान्दारीता, पारदर्शिता, स्वअनुशासन र स्वनियन्त्रण जस्ता आधारभूत सहकारीताका मूल्य, मान्यता, सिद्धान्त र विचारलाई प्रवर्द्धन गर्ने दिशामा विभाग निरन्तर लागि रहेको छ।

### ३.५.४ सहकारी कार्य योजना

कार्य योजनाको अभावका कारण राष्ट्रिय सहकारी नीतिमा भएका प्रावधानहरू यथार्थमा सुसंगत वा मेलमिलापमा कार्यान्वयन हुन सकेको छैन । समग्र नीतिहरूलाई थप ठोस उपाय र कार्यहरूमा अनुवाद गर्न, वि.सं. २०७२ मा नेपाल सरकारद्वारा एक सहकारी कार्य योजना बनाइएको थियो । यस कार्य योजनाले राष्ट्रिय सहकारी नीति र उनीहरूको अनुमानित लागत, प्राथमिकता र कार्यान्वयनका लागि जिम्मेवार निकायहरूको पहिचान सहितको सेट वा प्राथमिकताका आयोजना र कार्यक्रमहरू पनि परिभाषित गरेको थियो।

### ३.५.५ बहुवर्षीय योजनाहरूमा सहकारी

१५ औं योजना (२०१९/२०–२०२३/२४) मा राज्यले सार्वजनिक क्षेत्र र नीजि क्षेत्रसँगै सहकारीको सहभागिता र विकास मार्फत राष्ट्रिय अर्थतन्त्रलाई सुदृढ गर्ने नीति अवलम्बन गरेको छ। सहकारी क्षेत्रले छरिएका श्रम, सिप, प्रविधि र पूँजीलाई एकै ठाउँमा ल्याई उत्पादन, उत्पादकत्व र रोजगारीका अवसरहरू अभिवृद्धि गरी राष्ट्रिय अर्थतन्त्रमा योगदान दिन सक्छ। सहकारीमा ५६ प्रतिशत महिला सदस्य छन् भने सञ्चालकमा ४० प्रतिशत महिला छन् । सहकारीले ८८ हजार कर्मचारीलाई प्रत्यक्ष रोजगारी र लाखौंलाई अप्रत्यक्ष रोजगारी दिएको छ। यस क्षेत्रले वित्तमा पहुँच अभिवृद्धि, महिला सशक्तीकरण, नेतृत्व विकास र क्षमता विकास, सामाजिक एकीकरण, उद्यमशिलता प्रवर्धन र गरिबी निवारणमा महत्वपूर्ण योगदान पुऱ्याउँछ। तसर्थ यस क्षेत्रमा भएका उपलब्धिलाई आधार बनाएर सहकारी आन्दोलनको सुदृढ विकासलाई प्रोत्साहन गर्नु वाञ्छनीय छ।

## ३.६ विद्यमान सहकारी ऐन, नियमका मुख्य व्यवस्थाहरु

रोजगारी सिर्जना र गरिवी निवारण गर्ने लक्ष्य आर्थिक वर्ष ०७९/८० को वार्षिक वजेटले आत्मनिर्भरताको लागि कृषि उत्पादनका राष्ट्रिय अभियान वर्षको रुपमा सरकारले घोषणा गरी सहकारीको भूमिका समेत उल्लेख गरिएको छ। नेपालको ग्रामीण क्षेत्रलाई कृषि उत्पादनको केन्द्रको रुपमा विकास गर्दै किसानहरुलाई कृषि सहकार्य समुह र सहकारीमा संगठित गरी उपलब्ध खेतीयोग्य जमिनका साथै बाँझो जमिनको उपयोग गरि कृषि उत्पादन बढाउने सरकारको योजना रहेको छ।

कृषि उत्पादनदेखि बजारीकरणसम्मका प्रक्रियाहरुमा उत्प्रेरक, परिचालक र श्रम सहयोगीको रुपमा सहभागि हुने गरी प्रत्येक स्थानीय तहमा रोजगार सेवा केन्द्रमा सुचीकृत वेरोजगार युवाहरु मध्येवाट प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत सहकारीमा आवद्ध गरी कम्तीमा ३०० कृषि स्वयंसेवक तयार पार्ने योजना बजेटले लिएको छ। संघ, प्रदेश र स्थानीय तहसँगका समन्वयमा बाँझो एवं उपयोग विहिन खेतीयोग्य जमिन, कृषक, कृषक सहकार्य समुह तथा कृषक सहकारीलाई लिजमा उपलब्ध गराउने व्यवस्था मिलाउने कार्य सरकारले गर्ने भएको छ।

सहकारीको मन्त्र आत्मनिर्भर अर्थतन्त्र भन्ने नारालाई सार्थक बनाई सहकारी क्षेत्रलाई मुलुकको आर्थिक विकासको महत्वपूर्ण क्षेत्रको रुपमा परिचालन गर्ने योजना सरकारको रहेको छ । सहकारी क्षेत्रको बचतलाई उद्यम विकास, उत्पादनमूलक क्षेत्र तथा रोजगारी सिर्जनामा परिचालन गर्न प्रोत्साहन गर्ने, सहकारीको कुल लगानीको कम्तीमा ५० प्रतिशत रकम उत्पादनमूलक क्षेत्रमा परिचालन गर्नुपर्ने, सहकारी संस्थाले कम्तीमा एउटा स्वदेशी उत्पादनको खरिद विक्री र बजारीकरणमा सहयोग गर्ने व्यवस्था कायम गरेको छ ।

यस नीति आउनु अघि विगतका दिनहरुमा सहकारीको विकासको लागि गरिएको प्रावधानहरु तपशिल अनुसार रहेको छ ।

- सहकारीका मूल्य मान्यता र सिद्धान्तहरुको परिभाषा गरिएको छ ।
- सहकारी संस्था दर्ता गर्दा प्रस्तावित संस्था मूल्य, मान्यता र सिद्धान्त अनुरुप समुदायमा आधारित एवं सदस्य केन्द्रित भई सञ्चालन र नियन्त्रण हुन सक्ने प्रष्ट आधार रहे, नरहेको हेर्ने व्यवस्था गरिएको छ ।
- संस्थाको गठन तथा सञ्चालन गर्दा सहकारी मूल्य, मान्यता र सिद्धान्तको पालना गर्नुपर्ने शर्त विनियममा राखी दर्ता गर्नुपर्ने व्यवस्था गरिएको छ ।
- सहकारी संघसंस्थाहरुको सहकारीका मूल्य, मान्यता र सिद्धान्त बमोजिम संस्था सञ्चालन नगरेमा नियममनकारी निकायले विशेष साधारण सभा बोलाउन निर्देशन दिन सक्ने तथा साधारण सभाबाट अवस्था सुधार नगरेमा वा अटेर गरेमा सोझै दर्ता खारेजसम्म गर्न सक्ने व्यवस्था गरिएको छ ।
- कार्यक्षेत्र निर्धारणमा सदस्यहरु बीच स्वावलम्बनको पारस्परिक अभ्यासको लागि आपसी साझा बन्धनको आधारलाई महत्वपूर्ण मानिएको छ ।
- संस्था गठन गर्दा संस्थाको प्रकृति अनुसार न्यूनतम संख्या (श्रम वा सिप आधारितमा १५ जना महा र उपमाहानगरपालिका वचत ऋणमा १९ जना र अन्यमा ३० जना) फरक परिवारवाट हुनु पर्ने व्यवस्था गरिएको छ ।
- जगेडा कोष पछिको न्यूनतम २५ प्रतिशत उपर संरक्षित पूँजी फिर्ता कोषमा राखी कारोबारको आधारमा फिर्ता गर्नुपर्ने व्यवस्था गरिएको छ ।
- सदस्य बन्नका लागि अन्य योग्यताका साथै संस्थाको कारोबारसँग प्रतिस्पर्धा नगरेको हुनपर्ने योग्यतालाई महत्वपूर्ण रुपमा राखिनुका साथै योग्यताका नरहे सदस्यता समाप्त हुने शर्त राखिएको छ ।
- एक स्थानीय तहभित्र एकै प्रकृतिका संस्थामा दोहोरो सदस्यताको अन्त्य गरिएको छ ।
- वार्षिक साधारण सभामा बिना सूचना लगातार तीन पल्टसम्म अनुपस्थित भएमा सदस्यता समाप्तिको व्यवस्था गरिएको छ ।
- सदस्यता प्राप्तिको ३ महिनापछि मात्र ऋण प्राप्त गर्न सक्ने व्यवस्था गरिएको छ ।
- साधारण सदस्य माझ प्रभावित हुन सक्ने कृत्रिम व्यक्तिको सदस्यतामा रोक लगाइएको तथा त्यस्तो खालको सदस्यता भएको भए ५ वर्षभित्र अन्त्य गर्नुपर्ने व्यवस्था गरिएको छ ।
- सदस्यता दिनुपर्ने आवेदकलाई सदस्यता नदिएमा नियामक अधिकारी समक्ष सम्बन्धित व्यक्तिले उजुरी दिन सक्ने तथा नियामक अधिकारीको आदेशबाट सदस्यता दिनुपर्ने व्यवस्था गरिएको छ ।
- कारण देखाई १५ प्रतिशत सदस्यले निवेदन दिएमा विशेष साधारण सभा बोलाउनु पर्ने बाध्यात्मक व्यवस्था गरिएको छ ।
- प्रतिनिधिमूलक रुपमा नभएर प्रत्यक्ष उपस्थितिमा अरु विभिन्न स्थानमा समान कार्य सूचीमा प्रतिनिधिमूलक साधारण सभाको बैठक राख्नु पर्ने व्यवस्था गरिएको छ ।
- प्रतिवेदन, निरीक्षण तथा अनुगमन गर्दा सदस्य सहभागिताको स्तर हेर्नु पर्ने व्यवस्था गरिएको छ ।
- साधारण सभाको बैठकको गणपुरक संख्या ५१ प्रतिशत र पहिलो पटक गणपुरक संख्या नपुगी सात दिनभित्र बोलाईएको दोस्रो बैठकको गणपूरक संख्या कुल सदस्य संख्याको एक तिहाई कायम गरिएको छ ।
- नियामक अधिकारीलाई विशेष साधारण सभा डाक्न निर्देशन दिन सक्ने अधिकारको व्यवस्था गरिएको छ ।
- उपलब्ध भएसम्म सञ्चालक समितिमा कम्तीमा ३३ प्रतिशत महिला सदस्यहरुको प्रतिनिधित्व गराउनु पर्नै खालको सकारात्मक व्यवस्था गरिएको छ ।
- संस्थाको आन्तरिक कार्यविधिको स्वीकृतिका साथै पारिश्रमिक लगायतका सुविधा तोक्ने अधिकार साधारण सभालाई मात्र रहने व्यवस्था गरिएको छ ।
- संस्थाको वार्षिक बचतको जगेडा कोषमा छुट्टयाएपछिको आधा प्रतिशत र नेपाल सरकारको योगदान समेतमा सहकारी प्रवर्धन कोष खडा गरी सहकारी क्षेत्रकै विकासमा परिचालन गरिने खालको विशेष व्यवस्था गरिएको छ ।
- उल्लेखनिय योगदान गर्ने व्यक्ति संस्था वा निकायलाई तोकिए वमोजिम प्रोत्साहन गर्ने व्यवस्था गरिएको छ ।

- वित्तीय कारोवार गर्ने संस्थाहरुलाई गाउँपालिका भए कर छुट तथा नगरपालिका, उप-महानगरपालिका, महानगरपालिका भए क्रमशः ५, ७ र १० प्रतिशत मात्र कर लाग्ने व्यवस्था गरिएको छ ।
- संस्थाको अचल सम्पत्ति बाहेकको कारोवारको लिखत रजिष्ट्रेशन गराउनु नपर्ने, आफनो कार्यालय तथा सेवा केन्द्रको प्रयोजनार्थ जग्गा लगायतका अचल सम्पत्ति खरिद गर्दा रजिष्ट्रेशन दस्तुर नलाग्ने साविकको व्यवस्थामा निरन्तरता र जग्गा दृष्टि बन्धक पारित गर्दा कुनै शुल्क नचाहिने नयाँ व्यवस्था गरिएको छ ।
- संस्थाले जगेडा कोषका साथै संरक्षक पूँजी फिर्ता कोष र सहकारी प्रवर्धन कोषमा छुटयाईएको रकममा आयकर छुटको व्यवस्था गरिएको छ ।
- ग्रामीण महिला, अपाङता भएका व्यक्ति, मुक्त कमैया लगायतका सीमान्तकृत समूहलाई कर छुट, वीऊ पूँजी अनुदान, सहुलियतपूर्ण ऋण समेतको विशेष वित्तीय सुविधा तथा प्राविधिक टेवाको व्यवस्था गरिएको छ ।
- उद्देश्य मुताविकको मुख्य कारोवार (३० प्रतिशत भन्दा माथि) कायम गर्नुपर्ने व्यवस्था गरिएको छ ।
- आफुखुशी बचत परिचालनमा बन्देज (बचत रकम ऋण लगानी र नेपाल राष्ट्रिय वाणिज्य वैंकको ऋण पत्र खरिदमा मात्र लगानी गर्न सकिने, प्राथमिक पूँजी कोषको १५ गुणासम्म बचत उठाउन, सकिने, कार्यविधि वनाएर साधारण सभाबाट पारित गराएर मात्र बचत परिचालन) गरिएको छ ।
- अनावश्यक कार्यक्षेत्रको कटौती गरी कार्यक्षेत्र पुननिर्धारण गर्ने व्यवस्था गरिएको छ ।
- ब्याज संरचनाको नियमन (सन्दर्भ ब्याजदर, सेवाशुल्क र नवीकरण शुल्क रजिष्ट्रारले तोक्ने व्याज पूँजीकरणमा बन्देज हर्जाना लिन सकिने व्यवस्था गरिएको छ ।
- सञ्चालक र कर्मचारीलाई वढी जवाफदेही वनाईएको छ ।
- समस्याग्रस्त संस्था घोषणा गर्ने र त्यस्ता संस्थाहरुको व्यवस्थापन गर्ने प्रावधानहरु राखिएको छ ।
- बचत तथा ऋण सहकारी संस्थामा सीमित कार्यक्षेत्रको सीमा निर्धारण गरिएको छ ।
- सहकारी संघसंस्थाहरुको व्यवस्थित र नियमित अनुगमन प्रणालीको व्यवस्था गरिएको छ ।
- संघीय संरचना अनुसारको नियमन व्यवस्था (स्थानीय तह, प्रदेश, र संघ) व्यवस्था गरिएको छ ।
- सबै सरोकारवालाहरुको भूमिका (संघ, महासंघ, रजिष्ट्रार, नेपाल राष्ट्रिय बैंक, मन्त्रालय) स्पष्ट गरिएको छ ।
- ऐन कानूनको उल्लंघन गर्ने सम्बन्धित सञ्चालक तथा कर्मचारीलाई दण्ड, जरिवानाको व्यवस्था गरिएको छ ।
- आर्थिक सेयर लाभांशको रकम सेयर पुँजीको १८ प्रतिशत भन्दा बढी नहुने व्यवस्था गरिएको छ ।
- व्यक्तिगत बचतको सीमा विनियममा तोकिए बमोजिम हुने व्यवस्था गरिएको छ ।
- सहकारी संस्थाहरुले आफनो कारोवार र सदस्य संख्याको आधारमा भईरहेको कार्यक्षेत्र पुननिर्धारण गर्नुपर्ने ।
- कार्यक्षेत्र विस्तार स्विकृत गर्दा निश्चित वस्तुगत मापदण्डहरुको आधारमा मात्र स्वीकृति गरिने ।
- नियमनकारी निकायको स्वीकृति वेगर सहकारी संस्था तथा संघहरुले सेवा केन्द्र खोलेर सञ्चालन गर्न नपाइने ।

## ३.७ संस्था सञ्चालन, अनुगमन तथा लेखा परिक्षण सम्वन्धि सामान्य मापदण्डहरु

- एक जिल्लामा एउटा नामको एक मात्र सहकारी संस्था रहने । एकीकरण भएको अवस्था र विषय परिवर्तनको अवस्थामा वाहेक संस्थाको नाम परिवर्तन गर्न नपाईने । नाम परिवर्तन भएपछि सोको सूचना सरोकारवाला सबैले जानकारी पाउने गरी प्रसारण गर्नुपर्ने ।
- सहकारी संस्थाहरुले निश्चित प्रकिया पुऱ्याएर एक बिषयबाट अर्को विषयमा परिवर्तन गर्न सक्ने ।
- प्रत्येक सहकारी संघसंस्थाले शेयर पूँजीको कुल रकम चुक्ता पूँजीको ५ गुणासम्म हुनेगरी आफनो विनियममा उल्लेख गुर्नपर्ने ।
- बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाले आफू सदस्य रहेको संघ र राष्ट्रिय सहकारी बैंकको शेयर बाहेक अरु संस्था वा कम्पनीहरुको शेयर खरिद गर्न नपाउने ।
- सहकारी संस्थाहरुले ब्याज आम्दानीको लेखा नगद आधार र अन्य आम्दानीहरुको लेखा प्रोदभावी आधारमा (Accrual Basis) राख्नुपर्ने । पाउन बाँकी ब्याजलाई अनिवार्य रुपमा ब्याज भूक्तानी हिसाबमा देखाउनु पर्ने ।

- सहकारी संस्थाहरुले ऋण लगानी गर्दा ऋणको उद्देश्य खुलाएर आयमूलक काममा धितो वा धन जमानी वा निश्चित कार्यविधि बनाएर सामुहिक जमानीमा बाहेक व्यक्तिगत लगानीका आधारमा ऋण लगानी गर्न लगाउने ।
- ऋण लगानी गर्दा कुल परियोजनाको व्यक्तिमा ३० प्रतिशत रकम ऋण लिने सदस्यले व्यर्होने गरि कुल परियोजनाको वढीमा ७० प्रतिशतसम्म मात्र संस्थाले ऋण लगानी गर्नुपर्ने ।
- संस्थाले ऋण लगानी गर्दा रु. १० लाखभन्दा बढीको परियोजनामा ऋण लगानी गर्ने भए संस्थागत मूल्यांकनकर्ताबाट धितो मूल्याङ्कन गराउनु पर्ने ।
- संस्थाले आफनो सदस्यको शेयर प्रमाणपत्र धितो राखी ऋण लगानी गर्न नपाउने ।
- ऋण रकमको ब्याज हिसाव गर्दा घट्दो दरमा हिसाब गर्ने तथा ब्याजलाई साँवामा जोडेर पूँजीकरण गर्न नपाईने । सन्दर्भ ब्याजदरको सीमाभन्दा वाहिर गएर ब्याज लिन नपाईने ।
- धितो वापत राखेको सम्पत्ती संस्थाको नामा दृष्टिबन्धक गरेर राख्नु पर्ने । संचालकहरुले आफनो नाममा राख्न नपाउने ।
- संस्थाका सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिमा रहेका कुल सदस्यहरु मध्ये बढीमा ४९ प्रतिशतले मात्र एकै पटकमा संस्थाबाट ऋण लिन पाउने ।
- सहकारी संस्थाले ऋणको भाखाको आधारमा ऋण वर्गिकरण गरि सोको अनुपातमा जोखिम व्यहोर्ने कोषको व्यवस्था गर्नुपर्ने ।
- सहकारी संघसंस्थाहरुको नियमित र सघन अनुगमन गरी प्रदेश सहकारी मन्त्रालयलले गर्ने । संघहरुले समेत आफना सदस्य संस्थाहरुको अनुगमन गरी प्रदेश सहकारी रजिष्ट्रार कार्यालयमा प्रतिवेदन गर्न सक्नेछन ।
- सहकारी संघसंस्थाहरुले साधारण सभाको निर्णय बमोजिम लेखा परिक्षकको नियूक्ति गरेपछि सोको जानकारी ७ दिनभित्र प्रदेश सहकारी रजिष्ट्रार कार्यालयमा पठाउनु पर्ने ।
- सहकारी  संघसंस्थाहरुले अघिल्लो वर्षसम्मको खुद संचित नोक्सान पूरा नभएसम्म सदस्यहरुलाई लाभांश वितरण गर्न पाईने छैन ।
- लगातार दुई वर्षसम्म कारोबार नगरी बस्ने अथवा साधारण सभा र लेखापरिक्षण नगराउने अथवा गराएर साधारण सभा गरे पनि कार्यालयमा प्रतिवेदन नुभाउने सहकारी संस्था वा संघलाई निष्क्रिय सूचीमा राखी दर्ता खारेज गरिने ।
- संस्थाको प्रारम्भिक साधारण सभाबाट गरिएका विनियम संशोधन कार्यालयबाट स्वीकृत नगरिने ।
- सहकारी संस्थाका सदस्य, संचालक, कर्मचारी सबैले आचार संहिता बनाई लागु गर्नुपर्ने ।
- संस्थाको कार्यालय निर्धारित कार्य क्षेत्रभित्र वढी सदस्यहरु बसोवास गर्ने स्थानमा राख्नु पर्नेछ । सम्बन्धित सहकारी अनुगमन संस्थाको स्वीकृति नलिई कार्यालय स्थानान्तरण गर्न पाईने छैन ।
- सहकारी संघसंस्थाको साईन बोर्ड हल्का हरियो रंगको भूईमा सेतो अक्षरले लेखिएको हुनुपर्ने छ ।
- बचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थाहरुले PEARLS अनुगमन पद्धति बमोजिम आफनो कारोवारको लेखा राख्नुपर्ने छ ।
- सहकारी संस्थाको सम्पत्ति अन्य व्यक्ति वा निकायको नाममा राख्न पाईने छैन ।
- सहकारी संस्थाहरुले विज्ञापन गरी सदस्यता आकर्षित गर्न तथा आकर्षक ब्याजको प्रलोभन दिई बचत संकलन गर्न पाउने छैन ।
- सहकारी संघ संस्थाहरुले सम्पत्ति शुद्धिकरण विवरण सम्बन्धी कानून एवं निर्देशिकाको पालना अनिवार्य रुपमा गर्नुपर्ने छ । सम्पति शुद्धिकरण निवारण सम्बन्धी कानून एवं निर्देशिकाको पालन अनिवार्य रुपमा गर्नुपर्ने छ । सम्पति शुद्धिकरण सम्बन्धि निर्देशनको पालनाको शिलसिलामा कार्यान्वयन अधिकारी (Compliannce Officer) को नियूक्ति सदस्य पहिचान फाराम (Know Your Members) अद्यावधिक गर्ने कार्य एक दिनमा दश लाखभन्दा बढी कारोवार गर्ने सदस्यको (Threshold Transaction Report) तथा शंका लागेमा सो भन्दा कम कारोवारको समेत (Suspicious Transactions Report) जानकारी समेत वित्तीय जानकारी एकाईमा पठाउने कार्य मुख्य रुपमा सहकारी संस्थाहरुले गर्नु पर्दछ । लेखा परिक्षक नियुक्ति र लेखा परिक्षण सम्वन्धी नयाँ व्यवस्थामा गरिएको छ ।

# ४.० तथ्यांक प्रस्तुती र विश्लेषण

पूर्व निर्धारित ३ प्रदेशका १० जिल्लाहरु झापा, इलाम, ताप्लेजुङ, दोलखा, काभ्रेपलान्चोक, धादिङ, स्याङजा, तनहुँ र बाग्लुङ जिल्लाका जिल्ला सहकारी संघ, जिल्ला कृषि सहकारी संघ र प्रारम्भिक कृषि सहकारी संस्था र साना किसान कृषि सहकारी संस्थाका पदाधिकारी तथा कर्मचारीहरुसँग लक्षित समुह छलफल (Focus Group Discussion) मा निर्धारित प्रश्नावलीको माध्यमबाट तपशिल अनुसारको समस्याहरु संकलन गरि छलफल गरिएको थियो ।

लक्षित समुह छलफल (Focus Group Discussion) मा कुल सहभागिहरु लिङ्ग तथा जनजातिहरुको सहभागिता निम्न अनुसार रहेको छ ।

| क्र.सं. | प्रदेश | जिल्ला | कुल जम्मा | पुरुष | | महिला | | बाहुन, क्षेत्री, नेवार | | जनजाति | | दलित | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | जम्मा | प्रतिशत | जम्मा | प्रतिशत | जम्मा | प्रतिशत | जम्मा | प्रतिशत | जम्मा | प्रतिशत |
| १ | कोशी | झापा | १७ | ६ | ३५ | ११ | ६५ | १५ | ८८ | २ | १२ | | ० |
| २ | | इलाम | १६ | ११ | ६९ | ५ | ३१ | १२ | ७५ | ४ | २५ | | ० |
| ३ | | ताप्लेजुङ | १६ | ६ | ३८ | १० | ६३ | ९ | ५६ | ६ | ३८ | १ | ६ |
| ४ | बागमती | दोलखा | २३ | १५ | ६५ | ८ | ३५ | १७ | ७४ | ५ | २२ | १ | ४ |
| ५ | | काभ्रेपलान्चोक | २० | १७ | ८५ | ३ | १५ | १९ | ९५ | १ | ५ | | ० |
| ६ | | धादिङ | २६ | १७ | ६५ | ९ | ३५ | २२ | ८५ | ४ | १५ | | ० |
| ७ | गण्डकी | स्याङ्जा | २२ | १९ | ८६ | ३ | १४ | २२ | १०० | | ० | | ० |
| ८ | | तनहुँ | १२ | १० | ८३ | २ | १७ | ११ | ९२ | १ | ८ | | ० |
| ९ | | बाग्लुङ | १६ | ११ | ६९ | ५ | ३१ | १४ | ८८ | १ | ६ | १ | ६ |
| जम्मा | | | १६८ | ११२ | ६७ | ५६ | ३३ | १४१ | ८४ | २४ | १४ | ३ | २ |






राष्ट्रिय किसान आयोगद्वारा परामर्शदातालाई दिइएको कार्य क्षेत्रगत शर्त (Terms of Reference) मा उल्लेख भएका उद्देश्यहरुका आधारमा अध्ययनको विश्लेषण गरिएको छ ।

## ४.१ तीन तहको सरकारले सहकारी व्यवस्थापनका लागि गरेका नीतिगत र कार्यगत प्रयासहरुको बारेमा पुनरावलोकन

संघ, प्रदेश र स्थानीय तहको सरकारका लागि सहकारी, नेपालको संविधान २०७२ ले मार्ग निर्देशन गरे अनुसार महत्वपूर्ण क्षेत्र हो । राज्य प्रदत्त सेवालाई जनताको घर दैलोसम्म सहज, सरल रुपमा पुऱ्याउन संघीयतालाई सर्वोत्तम विकल्प ठानिएको छ । संघीय अवधारणाको ध्येय पनि राज्य शक्तिलाई जनताको नजिक पुऱ्याउनु हो । सेवा प्रदायक र सेवाग्राही बीचको दुरीलाई घटाउँदै राज्य प्रशासनमा समग्र जनताको खुशीलाई समेट्नु संघीयताको मूल मर्म हो । सहकारी समुदायस्तरमा आम जनता संगठित हुने महत्वपूर्ण पद्धती हो । संगठित जनता माझ राज्य प्रदत्त सेवा प्रवाह गर्न सहज हुन्छ । तसर्थ संघीय शासन प्रणाली र सहकारीलाई आपसमा अन्योन्याश्रीत सम्बन्ध भएका एकै सिक्काका दुई पाटाको रुपमा लिन सकिन्छ ।

मुलुक संघिय संरचनामा गई सकेपछि धेरै सहकारीहरु (२३ हजारभन्दा बढी) स्थानीय तहको नियमन क्षेत्राधिकारमा पर्ने तर स्थानीय तहमा नियमनको लागि आवश्यक कानूनी तथा प्रशासनिक प्रबन्ध प्रभावकारी बनी नसकेको कारण नियमन प्रभावकारी हुन सकेको अवस्था छैन । प्रदेशको अवस्था पनि उस्तै देखिन्छ । सहकारी विभागको नियमन क्षेत्राधिकारमा परेका सहकारीको संख्या तुलनात्मक रुपमा थोरै भएता पनि सहकारीको कारोबारको ठूलो आकार र विभागको संस्थागत संरचनागत संकुचनले नियमन प्रभावकारी हुन सकेको छैन ।

तीन तहको सरकारले सहकारी व्यवस्थापनका लागि गरेका नीतिगत र कार्यगत प्रयासहरुको बारेमा तपशिल अनुसार पुनरावलोकन गर्दा देखिएका तथ्यहरु :

### ४.१.१ संघ

सहकारीको क्षमता अभिवृद्धि र माध्यमबाट सहकारीको चेतना अभिवृद्धि गर्ने, शिक्षा, प्रशिक्षण र जानकारी दिने; कृषि उद्यम र अन्य सबै प्रकारका उत्पादन र सेवामा आधारित उद्यमहरूमा सहकारीहरूलाई सक्रिय बनाउने, सहकारीमा महिला, गरिब, सीमान्तकृत, अपाङ्गता भएका, भूमिहिन र पिछडिएका समुदायका साथै मजदुर र आम जनताको जिविकोपार्जनमा सुधार ल्याउन सहकारीमा पहुँच बढाउने, सहकारीले प्रवर्द्धित उद्यमको विकास र विस्तार गरी सहकारी क्षेत्रलाई प्रभावकारी, प्रतिस्पर्धी र गुणात्मक बनाउने, प्रभावकारी व्यवस्थापन प्रक्रियाको अवलम्बन र नियमन गरी सहकारीका निर्धारित मूल्य र सिद्धान्तको अभ्यास गरी सहकारी क्षेत्रमा सुशासन कायम गर्ने, दीर्घकालीन योजना, जनशक्ति विकास र आवश्यक संस्थागत संरचना तथा कानून तर्जुमा गर्ने, सहकारीको विकास, विस्तार र प्रवर्धनका लागि कानूनी प्रावधान बनाउने, सहकारीहरुको अनुगमन तथा मूल्याङ्कनको व्यवस्था भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय लगायत सहकारी विभाग तथा प्रदेशमा रहेको विभिन्न मन्त्रालयहरु अन्तर्गत रहेको सहकारी महाशाखा तथा सहकारी रजिष्ट्रारको कार्यालयहरुले गर्ने गरेको व्यवस्था रहेको पाईयो । आ.व. २०७८/७९ मा सहकारी विभागबाट ४ वटा सहकारी बजार स्थापनाको स्थापना भएको छ भने ७ वटा शीत भण्डारहरु निर्माण भएका छन् ।

भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयबाट विभिन्न कृषि सहकारी संस्थाहरुलाई कृषि उत्पादन तथा बजारीकरणमा सहयोग गर्न ललितपुर, मकवानपुर, चितवन, नुवाकोट र धादिङ जिल्लाका कृषि सहकारी संस्था तथा जिल्ला सहकारी संघहरुलाई ढुवानी साधन, चिस्यान केन्द्र, संकलन केन्द्र निर्माण, पालिकास्तरको कृषि बजारहरु निर्माण गर्न आर्थिक सहयोग प्रदान गरिएको छ ।

सहकारी विकास सरकारका तीन तह (संघ, प्रदेश र स्थानीय) बीचको साझा कार्य भएकोले संघीय निकायको रूपमा सहकारी विभागले प्रादेशिक र स्थानीय सरकारका सहकारी निकायहरूलाई आवश्यक नियमन, प्रवर्द्धन र प्रशिक्षण गर्ने विषयमा अग्रणी भूमिका खेल्दै आएको छ । यस विभाग अन्तर्गत सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्र समेत रहेको छ, जसले सहकारी सम्बन्धी प्रशिक्षण तथा अनुसन्धानात्मक कार्य गर्ने गर्दछ ।

सहकारी विभाग, सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्र नयाँ बानेश्वरबाट सहकारी संघ संस्थाहरुको क्षमता अभिवृद्धि गर्न तपशिलको विभिन्न तालिमहरुको व्यवस्था गरिएको पाइएको छ ।

- सहकारी सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आधारभूत तालिम,
- सहकारीता तथा सहकारी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली तालिम,
- सहकारी व्यवसाय प्रवर्द्धन तालिम,
- सहकारी प्रशिक्षक प्रशिक्षण तालिम,
- सहकारी नेतृत्व तथा वित्तिय विश्लेषण सम्वन्धी तालिम,
- सहकारी नेतृत्व तथा संस्थागत विकास तालिम,
- सहकारी प्रशिक्षण तालिम,
- सहकारी नियामक निकाय (केन्द्र र प्रदेशस्तर) का लागि मुख्य प्रशिक्षक प्रशिक्षण तालिम,
- स्थानीय तह सहकारी शाखामा कार्यरत कर्मचारीहरुका लागि सञ्चालन हुने सेवाकालिन तालिम आदि ।

**दोहोरो अनुदान बन्द गर्ने निर्णय**

संघ, प्रदेश र स्थानीय तहबीचको अन्तर सम्बन्ध व्यवस्थित गर्ने संयन्त्र राष्ट्रिय समन्वय परिषदको आषाढ १६, २०८० मा प्रधानमन्त्री, प्रदेशका मुख्यमन्त्रीहरु, स्थानीय तहका जनप्रतिनिधि सहितको उपस्थितिमा बैठकले ६ महिनाभित्र संघीयता कार्यान्वयनमा तीन तहबीच देखिएका अस्पष्टता अन्त्य गर्ने लगायतका विभिन्न ६ वटा निर्णय गरेको थियो । उक्त बैठकले अनुदान वितरण दोहोरो नपर्ने गरी क्षेत्र तोक्न एक समिति गठन गर्ने निर्णय गरेको छ । तीनै तहबाट जाने अनुदानको शिर्षक, प्रकृति र रकम अध्ययन गरी दोहोरो अनुदान बन्द गर्न समिति गठन गर्ने र त्यसमा प्रदेश तथा स्थानीय तहलाई समेत सहभागि गराउने निर्णय भएको छ । अहिले संघ, प्रदेश र स्थानीय तहले आआफैं अनुदान रकम वितरण गर्दा कतिपयले दोहोरो अनुदान लिइरहेको र अनुदानको प्रभावकारिता नभएको गुनासो बढेको थियो । बिना समन्वय अनुदान वितरण गर्दा पहुँचवालाले पटक पटक पाउने, कसैले पाउँदै नपाउने परिस्थितिको अब अन्त्य हुने आशा लिइएको छ । यस निर्णयले कृषि सहकारीहरुले अनुदानको अपारदर्शी नीति विरुद्ध उठाउँदै आएको आवाजको केहि हदसम्म सम्बोधन हुने देखिएको छ ।

https://www.onlinekhabar.com/2023/07/1330389

### ४.१.२ प्रदेश

संघीय भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय तथा सहकारी विभागहरुबाट जारी गरिएका नीति नियमहरुलाई मध्यनजर राख्दै सम्बन्धित प्रदेशका सहकारी तथा कृषि तथा पशुपन्छी विकास निर्देशनालयहरुले सहकारी क्षेत्रको विकासको लागि नीति नियम तथा कार्यविधिहरु निर्माण गर्ने गरिएको छ । कतिपय सहकारी संस्थाहरुले आफनो उद्देश्य अनुसार कार्यक्रम सञ्चालन नगरी अन्य क्षेत्रमा कार्यक्रमहरु सञ्चालन गर्ने गरेको र प्रदेशहरुले सबै सहकारी संस्थाहरुको नियमित अनुगमन गर्न नसकेकोले सहकारीहरुले उत्पादनमूखि हुनुको साटो आर्थिक लाभ हुने अन्य क्षेत्रहरुमा लगानी गरी शेयर सदस्यहरुको लगानी डुबाउने सम्भावना सिर्जना हुन गएको छ । प्रदेशका कृषि तथा पशु पन्छी विकास निर्देशनालयहरुले प्रदान गरिने कार्यक्रमहरुमा कृषि तथा पशु सहकारीहरुलाई खास प्राथमिकतामा नराखि कार्यक्रम सञ्चालन गरिएको पाईएको छ ।

भ्रमण गरिएको तीनै प्रदेशमा कृषि तथा पशुपन्छीको कार्यक्रमहरु एकै किसिमका भएको तर कृषि सहकारीलाई नै केन्द्रीत गरि कुनै पनि कार्यक्रम गरेको पाइएन । प्रदेश स्तरमा कृषि सहकारीहरुलाई अन्य कृषक समूह वा नीजि कृषि फार्म कै वर्गमा राखिएको छ । तर दुग्ध उत्पादन तथा पशुपालनमा भने दुग्ध उत्पादनमा संलग्न दुग्ध सहकारीहरुलाई भने सहयोग गरको पाइयो । त्यस्ता सहकारीहरुलाई ५० देखि ७५ प्रतिशतसम्म अनुदान दिइएको पाइयो । जस अनुसार एउटा सहकारीले रु. ३० देखि ३५ लाखसम्मको अनुदान पाउने गरेको पाइयो ।

प्रत्येक प्रदेशहरुमा संघबाट ब्लक विकासका लागि सशर्त, कृषि विकास रणनीतिका लागि सशर्त र कृषि तथा पशु सेवा विभागको सशर्त अनुदान कार्यक्रम सञ्चालन गर्ने गरेको पाइयो ।

प्रदेशहरुमा आ.व. २०७९/८० मा सञ्चालन गरेका कार्यक्रमहरु:

#### कोशी प्रदेश

यस प्रदेशमा कृषि सहकारीलाई नै केन्द्रीत गरि कुनै पनि कार्यक्रम गरेको पाइएन । प्रदेश स्तरमा कृषि सहकारीहरुलाई अन्य कृषक समुह वा नीजि कृषि फार्म कै वर्गमा राखिएको छ । तर दुग्ध उत्पादन तथा पशुपालनमा भने दुग्ध उत्पादनमा संलग्न दुग्ध सहकारीहरुलाई भने सहयोग गरको पाइयो । त्यस्ता सहकारीहरुलाई ५० देखि ७५ प्रतिशतसम्म अनुदान दिइएको पाइयो । जस अनुसार एउटा सहकारीले रु. ३० देखि ३५ लाखसम्मको अनुदान पाउने गरेको पाइयो ।

कोशी प्रदेश मन्त्रालयले प्रादेशिक स्टार्टअप नीति तर्जुमा सम्बन्धी कार्यक्रम सञ्चालनमा ल्याएको छ। त्यस्तै मोरङ जिल्लामा अर्गानिक चिया खेतीको प्रवर्धन गरिएको छ।

त्यस्तै सुनसरीको बराह क्षेत्रमा बिदेशबाट फर्केका युवाहरुलाई स्टबेरीमा सामुहिक खेतीको लागि पनि सहयो गरिएको छ। गरिव तथा सिमान्तकृत बर्गका किसानका लागि बृहत्तर बाख्रा पकेट कार्यक्रम पनि गरिएको छ। यसै गरी भमरी गाउँपालिका सुनसरीमा करीव २४ लाखको सहयोगमा माछा पालनमा सहयोग गरेको थियो। त्यस्तै झापाको टंकेसिनवारीमा गड्यौंला मल पवर्द्धन कार्यक्रमलाई पनि सहयोग गरिएको छ। सुनसरीको देवागञ्जमा २ हेक्टरमा माछा पालनका लागि १५ लाखको सहयोग दिएको थियो।

## बागमती प्रदेश

यस प्रदेशमा कृषि तथा पशुपन्छी सम्बन्धी बीऊ पूँजी परिचालन, गाई भैंसी पालनको लागि असल व्यवस्थापन अध्ययन, साईलेज प्रोत्साहन तथा प्रवर्द्धन, पशुपन्छी तथा मत्स्य विकास, बाँझो जमीनमा करार खेती कार्यकम गरेको पाइयो। प्रत्यक्ष रुपमा सहकारीसँग सम्बन्धित कार्यक्रममा ५० प्रतिशत साझेदारीमा फलफूल प्रशोधन केन्द्र स्थापना (किवी १, जुनार १) रहेको पाइयो। अन्य कृषिसँग सम्बन्धित कार्यक्रमहरु निम्नानुसार रहेको पाइयो।

- कोभिड १९ का कारणबाट बिदेशबाट फर्किएका तथा बेरोजगार युवाहरुका लागि लागत साझेदारीमा व्यवसायिक कृषि कार्यक्रम अन्तर्गत ३०० जना बेरोजगार युवाहरुलाई रोजगार प्रदान गरिएको थियो।
- ५० प्रतिशत अनुदानमा साना कृषि यन्त्रहरुको वितरण कार्यक्रम
- पशुपन्छी उत्पादनमा प्रयोग हुने यान्त्रिकरण कार्यक्रम
- साझेदारीमा कृषि मेशिनरी वर्कशप स्थापना (चितवनमा) एक वटा स्थापना भएको
- जिल्ला स्तरीय कृषि तथा पशुपन्छी विकास सम्बन्धित शिक्षण अनुसन्धान तथा प्रसारण संलग्न निकाय बीच प्राविधिक अन्तरक्रिया

## गण्डकी प्रदेश

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, सहकारी रजिष्ट्रारको कार्यालयबाट एक सहकारी एक उत्पादन सहयोग कार्यक्रम अनुसार सहकारी संघ संस्थासँगको साझेदारीमा सहकारी संस्थाको प्रत्यक्ष आयोजना सञ्चालन गर्नका लगि पूँजीगत अनुदान अन्तर्गत सहकारी संस्थालाई अनुदान प्रदान गर्ने मापदण्ड २०७७ तथा बजेट तथा कायक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि २०७७ अनुसार सहकारी खेती, उत्पादन वा आफना सदस्यहरुको सामुहिक उत्पादन, संचय, प्रशोधन तथा बजारीकरण गर्ने सहकारी संघसंस्थाहरुको उत्पादनमूलक, औद्योगिक तथा व्यवसायिक आयोजनाका लागि जग्गा र भवन बाहेक पूँजीगत निर्माण र खरिदमा अनुदान उपलब्ध गराईएको छ। यसै गरी गण्डकी प्रदेशको सहकारी ऐन २०७५ मा बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाले आफनो ऋण लगानीको ३० प्रतिशत रकम कृषि उत्पादन तथा प्रशोधन वा उत्पादनशिल क्षेत्रमा लगानी गरी सोको अभिलेख दुरुस्त राखी चौमासिक रुपमा महाशाखामा विवरण उपलब्ध गराउनु पर्ने व्यवस्था गरेको छ।

गण्डकी प्रदेशको सहकारी नियमावली २०७६ मा संस्थाको कार्यक्षेत्र तथा सेवा केन्द्र सम्बन्धी व्यवस्था भएकोमा मन्त्रालयको स्वीकृति नलिई कार्य सञ्चालन भएमा त्यस्ता सेवा केन्द्र वा सम्पर्क केन्द्र भए कानून बमोजिम स्वीकृति लिनुपर्ने व्यवस्था छ।

गण्डकी प्रदेशको सहकारी ऐन २०७५ मा यो ऐन प्रारम्भ हुँदाका बखत दर्ता भई सञ्चालनमा रहेका एक भन्दा बढी स्थानीय तह तर प्रदेशभित्र कार्यक्षेत्र कायम गरिएका सहकारी संघ संस्था यसै ऐन बमोजिम दर्ता भएको मानिनेछ र त्यस्ता सहकारी संघसंस्था यस ऐन बमोजिम दर्ता अधिकारी समक्ष निवेदन पेश गरी अद्यावधिक गर्नु पर्नेछ भनि परिपत्र गरिएको छ।

### ४.१.३ पालिका

तत्कालिन केही जिल्लाहरुलाई हेर्ने डिभिजन सहकारी कार्यालयहरुले सहकारीको दस्तावेज तथा कागजातहरुको पोको बनाई स्थानीय नगरपालिकाहरुलाई हस्तान्तरण गर्ने गरि फाईलहरु जिम्मा दिएको अवस्थामा कतिपय पालिकाहरुमा सो सहकारीको पोको भएको फाईल सहि पालिकामा नपुगि अन्यत्र पालिकामा पुगेकोले वास्तविक सहकारी संस्थाहरुको अभिलेख प्राप्त हुन नसकेको अवस्था रहेको छ। स्थानीय पालिकाहरुमा सहकारी हेर्ने शाखामा जनशक्तिको अभाव भएको कारणले गर्दा वा कतिपय पालिकाहरुमा अन्य क्षेत्रबाट आएका सहकारी हेर्ने कर्मचारीहरुलाई सहकारी सम्बन्धि कार्यक्रम बारे जानकारी हुन नसकि सहकारी क्षेत्रको लागि बजेटको अभावमा सहकारीहरुको अनुगमन निरीक्षण गर्न नसकिएको र मासिक रुपमा सम्बन्धित सहकारीहरुबाट नियमित रुपमा प्रगति प्रतिवेदन गर्न नसकेको र पालिका वा जिल्लाभित्र के कति संख्यामा सहकारीहरु रहेको जानकारी प्राप्त हुन नसकेको र चार खाता, सम्पत्ति र दायित्व पूँजीबारे सम्वन्धित सहकारीहरुलाई ज्ञान नरहेको स्थीतिले तालिमको अभाव रहेको र आर्थिक कारोवारको सही अभिलेख नभएकोले के कति लगानी भएको बारे अन्यौलको स्थिति रहेको पाईएको छ। संघ वा प्रदेशबाट प्राप्त हुने अनुदानहरु संघको कार्यविधि अनुसार व्यक्ति सरह सहकारीलाई पनि मानिएकोले सहकारीको लागि कुनै खास प्राथमिकता नरहेको र कार्यविधि अनुसार आवश्यक कागजात पेश गरेमा मात्र पालिकाहरुले अनुदान वा सेवा उपलब्ध गराउने गरेको र स्थानीय निकाय र कृषि ज्ञान केन्द्रहरुको कृषि सहकारी संस्थाहरुसँग समन्वय नभएको पनि पाईयो।

इलाम नगरपालिकाले सहकारीलाई अन्य व्यापारी तथा बजारसँग समन्वय गरेका छन्। चितवनको खैरहनी नगरपालिकामा बिऊ तथा मेशिनरी यान्त्रिकिकरणमा ५० प्रतिशत अनुदान पालिकाबाट वितरण गरेका छन्। त्यस्तै पनौती नगरपालिकामा कृषि सहकारी संस्थाहरु सिमित घेराभित्र सञ्चालन भएको निश्चित क्षेत्रका वरिपरिका घरहरु मिलेर कृषि सहकारी संस्थाहरु दर्ता गरिएको छ। इलाम नगरपालिकाले स्थानीय तरकारी संकलन केन्द्र, स्थानीय बजार, शीत भण्डारणको स्थापनाका साथै व्यवस्थापनमा मद्दत गरेका छन्। धुनिबेंशी नगरपालिकाले पालिकाका विभिन्न ब्लकहरुमा कृषि तथा पशु कार्यक्रमको आयोजना गर्ने गरेका छन् भने कृषि औजार तथा बिऊहरु ५० प्रतिशत अनुदानमा वितरण गर्दै आएको छ।

यस नगरपालिकाले सात वटा वडामा किसानहरुको सूचिकरण गरी सकेको र दुई वटामा हुन बाँकी रहेको जानकारी प्राप्त भएको छ । बाग्लुङ नगरपालिकाले कृषि सम्बन्धी तालिमलाई बढी जोड दिने गरको छ । भिमेश्वर नगरपालिकाले कृषि सहकारी संस्थाहरुलाई भवन निर्माणमा ८५ प्रतिशत अनुदान र कृषि यान्त्रिकीकरणमा ५० प्रतिशत अनुदान प्रदान गर्ने गरेका छन् ।

पालिका स्तरमा माथि उल्लेखित विभिन्न कार्यक्रमहरुका सकारात्मक पक्ष देखिएता पनि फिल्ड भ्रमणका क्रममा सहकारी संस्थाका सदस्यहरुले पालिकामा सुधार गर्नुपर्ने कार्यहरु पनि प्रशस्तै भएको जानकारी दिएका छन् जसको छोटकरी विवरण तल वर्णन गरिएको छ ।

- पालिकाको कार्यक्रममा कृषिलाई कम ग्राह्यता दिइएको ।
- प्रदेश तथा स्थानीय तहमा कृषि तथा सहकारी सम्बन्धि ज्ञान भएको जनशक्तिको कमी रहेको ।
- स्थानीय पालिकाहरुमा दक्ष तथा क्षमतावान् कृषि तथा सहकारी अधिकृत नभएको कारणले गर्दा वास्तविक कृषि तथा सहकारीहरुलाई सम्बोधन गर्ने खालको कार्यक्रमहरु तर्जुमा हुन नसकेको ।
- पालिकामा कृषि बजेटको अभाव भएको तथा कृषिको बजेट भएता पनि दुरुपयोग हुने गरेको, जस्तैः सिंचाई तथा कृषिलाई प्राथमिकता नदिई मठ मन्दिरहरुको निर्माण, धार्मिक स्थल भ्रमणमा प्राथमिकता दिने प्रचलन रहेको ।
- कृषि ज्ञान केन्द्र, कृषि सहकारी तथा पालिकाका बीच समन्वयको कमी ।
- कृषि सहकारीहरुको सम्बन्धित नियामक निकायबाट हुने अनुगमन फितलो भएको ।
- अनुदान प्रक्रिया अपारदर्शी तथा झञ्झटिलो भएको तथा अनुदानमा वितरित कृषि सामाग्रीहरु कम गुणस्तरको रहेको ।
- स्थानीय सरकारको कृषि कार्यक्रममा पहुँचवालाको रजाइ रहेको ।

| **विभिन्न जिल्लामा रहेका कृषि सहकारी संस्थाहरु तथा जिल्ला सहकारी संघका सेवा तथा सफलताका अनुभवहरु** | |
|---|---|
| **कृषि सहकारी संस्थाहरुको नाम ठेगाना** | **सो संस्थाले सञ्चालन गर्दै आएका कार्यक्रमहरु** |
| जागरुक कृषि सहकारी संस्था शिवपुरी गाउँपालिका, नुवाकोट | खाद्यान्न तथा तरकारी बालीको बिऊ रु.८,९०,३७६। खरिद गरि सोको उत्पादनबाट १२८,२४,७६४। मूल्य बरावरको बिक्री गरेको । |
| | ९० जना कृषकहरुवाट १६५,७२५ लिटर दूध संकलन गरि प्रति लिटर रु.१३.२५ मा खरिद गरि रु.१६।२५ मा बिक्री गरि रु.४९७,१७५ आम्दानी गर्न सफल भएको । |
| | संस्थाको ढुवानी साधानबाट तरकारी ढुवानी गर्दा प्रति के.जी रु.३ । र दूधको क्यान ढुवानी गर्दा प्रतिक्यान रु.२५०। भाडा लिई कृषकहरुलाई सहयोग पुऱ्याउँदै आएको । |
| | विभिन्न जिल्लाहरुलाई खाद्यान्न तथा तरकारीको बिऊ उत्पादन गरि बिक्री वितरण गर्ने गरेको । |
| साना किसान कृषि सहकारी संस्था, महारानीझोडा, गौरादह नगरपालिका, झापा | कस्टम हायरिंग सेन्टरको व्यवस्था गरि मेशिनरी तथा औजार उपकरणहरु शेयर सदस्यहरुलाई प्रयोग गर्ने सुविधा प्रदान गरेको । |
| | खाद्यान्न बिऊ उत्पादन ग्रेडिङ्ग, पैकिजिङ्ग गरि बिक्री वितरण गर्ने गरेको । |
| | सामुहिक तथा चक्लाबन्दी खेती गर्ने गरेको । |
| | आफनै कार्यालय भवन तथा तालिम भवन तथा अतिथि भवनको व्यवस्था गरिएको । |
| साना किसान कृषि सहकारी संस्था, मनहरी गाउँपालिका, चितवन | एग्रोभेट पसल, कोसेली घर, दूध तथा तरकारी संकलन केन्द्र र आफनै भवन भएको । |
| | बचत संकलन तथा ऋण लगानी, आई.एम.इ.पे.को व्यवस्था भएको । |
| | पालिकामा अर्गानिक तरकारी उत्पादन गर्ने कृषक समूहहरु भएकोले संस्थाले ग्रेडिङ्ग पैकेजिङ्ग गरि हेटौंडामा कोभिडको बेला बिक्री गरी तरकारीको आपूर्ति सहज बनाएको । |
| | कोभिडको समयमा दूधप्रति लिटर रु.७० मा बिक्री गरि आम उपभोक्ताहरुलाई राहत पुऱ्याएको । |
| कृषक सुधार तरकारी तथा फलफूल कृषि सहकारी संस्था, चरौंदी, बेनीघाट रोरांग, धादिङ | व्यवस्थित तरकारी संकलन केन्द्र र उपकेन्द्र भएको, ढुवानी साधनको व्यवस्था भएको, एग्रोभेट पसल सञ्चालन, कृषक तथा व्यापारीहरुलाई तरकारी संकलन गर्ने स्थान उपलब्ध तथा तौलने सेवा सुविधा प्रदान गर्ने गरेको, कालिमाटी तरकारी तथा फलफूल बजार विकास समितिमा आफ्नै थोक बिक्री केन्द्र, सटरको व्यवस्था भएको । |
| हरियाली कृषि सहकारी संस्था लिमिटेड, वेलकोटगढी नगरपालिका- ३, कुमरी, नुवाकोट | संस्थाको संकलन केन्द्रमा संकलन भएको वा शेयर सदस्यहरुको घर दैलौसम्म संस्थाको ढुवानी साधन उपलब्ध गराई धादिङ हाईवे, धार्केसम्म तरकारी ढुवानी गरि प्रति के.जी रु.२.५० भाडा लिई ढुवानी गर्ने र कृषि सामाग्रीहरु काठमाण्डौ वा अन्य स्थानमा सुपथ मूल्यमा ढुवानी गरि कृषकहरुलाई कृषि सहकारी संस्थाले सुविधा पुऱ्याएको । |
| दिर्घायु जडिबुटी कृषि सहकारी संस्था, रत्न नगरपालिका, चितवन | जडीबुटी प्रशोधन गर्ने प्लान्ट स्थापना गरि जडीबुटीको झोल निकाली बिक्री गर्ने गरेको र अफसिजनमा सामुहिक तरकारी खेती र सामुदायिक वनको जग्गामा जडिबुटी खेती गर्ने गरेको । |
| जिल्ला सहकारी संघ, चितवन | पेट्रोल डिपो सञ्चालन, तेल प्रशोधन र आधुनिक एग्री मार्ट तथा शपिङ्ग कम्प्लेक्स निर्माण गरि सञ्चालन हुने क्रममा रहेको । |
| जिल्ला सहकारी संघ, विदुर नुवाकोट | ढुवानी साधन तथा चिस्यान केन्द्र, आधुनिक एग्री मार्ट तथा शपिङ्ग कम्प्लेक्स निर्माण गरि सञ्चालन |

| | |
|---|---|
| काभ्रे तथा ललितपुर | हुने क्रममा रहेको, छापाखाना सञ्चालन (CMDP support) |
| जिल्ला सहकारी संघ, मकवानपुर | विभिन्न कृषि सहकारी तथा साना किसान कृषि सहकारी संस्थाहरुबाट तरकारी संकलन गरि ग्रेडिंग, पैकैजिंग गरि हेटौडामा विकी गर्ने गरेको । |
| मकवानपुर जिल्ला दुग्ध उत्पादक सहकारी संघ.लि, चौकीटोल मकवानपुर | जिल्लाका विभिन्न ५९ वटा दुग्ध उत्पादक सहकारी संस्थाहरुवाट दूध संकलन गरि विभिन्न बजारहरुमा दूध संकलन गरि पठाउने गरेको र हाल दूध प्रशोधन केन्द्र निर्माण भई पैकेट दूध तथा आईस क्रिम, दही, घिऊ, पनिर निकाल्ने प्रशोधन प्लान्टको स्थापना गरि सञ्चालनको तयारी अवस्थामा रहेको । |
| पौरखी कृषि स.सं.लि., चरिकोट दोलखा | तरकारी संकलन गरि विक्री वितरण, तालिम सञ्चालन, बिऊ उत्पादन, सामुहिक खेती |
| जिल्ला सहकारी संघ धादिङ्गद्वारा सञ्चालित | सहकारी तरकारी बजार, धादिङवेसी |
| मिर्मिरे बहुउद्देश्यिय कृषि सहकारी संस्था, लहरे पिपल कृषि सहकारी संस्था, कोसेली घर, बाग्लुङ | साना किसान कृषि सहकारी संस्थाहरु तथा कृषक समूहहरुले मल वितरण, उखु खेती, बेसार, व्यवसायिक बाखापालन, दूध संकलन, तोरी पेल्ने, मकै भुट्ने, उत्पादन प्रशोधन गरि खुद्रा कृषि बजारको व्यवस्था गरि २० प्रतिशत मूनाफा लिई कृषि उपजहरु बेचविखन गर्ने गरेको कुराउनी, घिऊ बिक्री |
| श्रोतः सम्वन्धित कृषि सहकारी संस्थाहरुको व्यवसाय योजना, वागमती प्रदेशको आर्थिक वर्ष २०७८/७९ को वजेटको वार्षिक मूल्याङ्कन प्रतिवेदन र सहभागिहरुसँगको छलफल | |

## ४.२ नेपालमा सञ्चालित कृषि सहकारीहरुको विद्यमान अवस्थाको बिश्लेषण

देशभर रहेका सहकारी मध्ये ३० प्रतिशत भन्दा धेरै कृषि सहकारी छन् । यी सबै सहकारीहरुको संघीय संरचना अनुसार आफनै सञ्जाल रहेको छ । नेपाल कृषि सहकारी केन्द्रीय संघ लिमिटेडले कृषि सहकारी र साना किसानहरुको छाता संगठनका रुपमा काम गरेको छ भने समग्र सहकारी अभियानको राष्ट्रिय सहकारी महासंघले गाउँ तहमा प्रारम्भिक संस्था, प्रदेश तहमा प्रदेश संघ र केन्द्रमा महासंघको संरचनामा सबै सहकारीहरुले आफनो काम अघि बढाएका छन् । जसलाई हेर्दा एउटा गाउँमा उत्पादन भएको कुनै कृषि उपज एकै दिनमा पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म बेच्न र पुऱ्याउन सकिन्छ भन्ने देखाउँछ । एकल प्रयासमा अधिकांश सफलता अब असम्भव प्रायः भइसकेको छ । सहकारीमा आबद्ध सदस्य संस्था र समुह हुँदै आफ्नै सदस्यहरुको सहभागितामा सञ्चालन हुने बजारबाट एकैदिनमा कृषि उत्पादन बजार लैजान सक्ने सञ्जालको विकास भएको छ । नेपालको सहकारी आन्दोलनको मुख्य निकाय राष्ट्रिय सहकारी महासंघ र महासंघसँग आबद्ध अन्य विषयगत सहकारी संघसंस्थाहरु पनि उत्पादनमा जोड दिनुपर्छ र आफनै ठूला बजार र संकलन केन्द्र हुनुपर्छ भन्ने सोचका साथ काम अगाडी बढनु पर्ने देखिन्छ ।

कृषि सहकारीहरूले आफ्ना सदस्यहरूलाई समुह खरिद र बजारीकरण, सामुहिक खरिदका लागि कृषि व्यवसाय गर्न चाहिने सामाग्रीहरुको पसल, साथै ज्ञान र जानकारी प्रदान गरेर साना उत्पादकहरूको शिपहरू निर्माण गरेर उनीहरूलाई मद्दत गर्नका लागि विभिन्न सेवाहरू प्रदान गर्न सक्तछन् । सहकारीहरूले निर्णय प्रक्रियामा किसानहरूको सहभागितालाई सहज बनाउँछन् र साना उत्पादकहरूलाई उनीहरूको चासोको आवाज उठाउन मद्दत गर्छन्, र नीति निर्माण प्रक्रियाहरूलाई प्रभाव पार्न उनीहरूको वार्तालाप गर्ने शक्ति बढाउँछन् ।

वि.सं. २०६८ देखि २०७८ सम्मको तथ्याङ्क हेर्दा सबैभन्दा बढी कृषि सहकारीको संख्या लगभग २०२ प्रतिशतले बृद्धि भएको देखिन्छ । विभिन्न सरकारी तथा गैह्र सरकारी संस्थाहरुबाट आफनो परियोजनाको कार्यक्रम अन्तर्गत यस्ता सहकारीहरुको जन्म भएको हुनसक्छ । यसका साथै अनुदान र सहयोग पाउनका लागि तथा मल, बीऊ बितरणका लागि कृषि सहकारीहरुको यस क्रममा विकास भएको अनुमान लगाउन सकिन्छ । तर यसरी बृद्धि भएता पनि यस्ता कृषि सहकारीहरु मध्ये कति वटा सक्रिय छन् र कति वटा निष्क्रिय छन् भन्ने कुनै तथ्याङ्क छैन । अधिकांश बहुउद्देश्यीय सहकारीहरु कृषिमै लागेको भएता पनि यसको पनि कुनै ठोस तथ्याङ्क छैन ।

कफि, मौरीपालन, उखु, जुनार, तरकारी तथा फलफूल, चिया, दूध जस्ता विषयगत सहकारीको कार्य कृषि नै भएकाले कृषिमा लागेका सबै सहकारीहरुको योगफललाई ध्यानमा राख्ने हो भने कृषिमा संलग्न सहकारीहरुको संख्या वि.सं. २०६८ मा ५,७६५ बाट वि.सं. २०७८ सम्ममा १२९ प्रतिशतले बृद्धि भई १३,२२१ सम्म पुगेको देखिन्छ । कफि सहकारी १०७ प्रतिशतले बृद्धि भएको पाइएको छ भने दुग्ध सहकारी ५ प्रतिशतले घटेको पाइएको छ । सहकारीहरु बीच एकिकरण (मर्जरमा जाने) भएकाले पनि यस्तो भएको हुन सक्तछ ।

**कृषि प्रकृतिका सहकारी संस्थाहरुको विवरण**

| क्र.सं | प्रकृति | वि.सं.२०६८ | वि.सं.२०७८ | बृद्धि प्रतिशत |
|---|---|---|---|---|
| १ | कृषि | ३,६१२ | १०,९२१ | २०२ |
| २ | कफि | ७५ | १५५ | १०७ |
| ३ | मौरी पालन | ५४ | ९३ | ७२ |
| ४ | उखु | ० | ४८ | ४८ |
| ५ | जुनार | ० | ४५ | ४५ |
| ६ | तरकारी तथा फलफूल | १७४ | १९३ | ११ |
| ७ | चिया | १०३ | १०८ | ५ |
| ८ | दुग्ध | १,७४७ | १,६५८ | -५ |
| | **जम्मा** | **५,७६५** | **१३,२२१** | **१२९** |

श्रोतः विस्तृत सहकारी तथ्यांक, २०७८

**सफलताको कथाः कफी क्षेत्रमा सहकारी**

कुनै समय नेपालको कफी क्षेत्र परम्परागत रूपमा व्यापारीहरूद्वारा उत्पादकहरूको शोषण गर्ने, कम मूल्य पाउने र काम गर्न कठिन अवस्थाबाट गुज्रेको थियो । स्विस गैह्र सरकारी संस्था हेल्भेटासले झण्डै दुई दशकअघि नेपालमा कफी क्षेत्रलाई सहयोग गर्न थालेको थियो । सर्वप्रथम कफी उत्पादक किसान समूहहरू मार्फत कफि उत्पादक कृषकको क्षमता अभिवृद्धि गतिविधिहरू र त्यसपछि लगानीमा सहयोग गर्न थाल्यो जसलाई क्रमशः जिल्ला-स्तरीय संघहरूमा समुहबद्ध गरियो र कफि राष्ट्रिय संघको पनि स्थापना भयो ।

शुरुमा सहयोग सिर्फ उत्पादन सुधार्ने तर्फ केन्द्रित थियो र गुणस्तरीय कफी उत्पादनलाई बढी जोड दिइएको थियो जसमा उच्च उचाइमा (समुद्री सतहभन्दा १,००० मिटर माथि) फल्ने निकै राम्रो गुणस्तरको रोबष्टा कफिको जातलाई प्राथामिकता दिई अर्गानिक प्रमाणीकरण पनि प्रदान गरिएको थियो । बिस्तारै उत्पादन पछिको व्यवस्थापन र बजारीकरणमा पनि जोड दिन थालियो । कफि संघहरू, जो कानूनत गैर-नाफामूलक थिए र व्यापारको निम्ति योग्य थिएनन्, त्यस्ता संघहरुलाई हेल्भेटासले बिस्तारै प्राथमिक सहकारी र जिल्ला संघहरूलाई सहकारी संघहरूमा परिणत गर्न मद्दत गर्यो, जसले कानूनी रुपमा व्यावसायिक रूपमा सञ्चालन गर्न सक्तछन् ।

यि प्रयासहरूको फलस्वरुप नेपालमा १५,००० सदस्य भएका १५० भन्दा बढी कफी उच्च दक्ष प्राथमिक सहकारी संस्थाहरू छन् । यी सहकारीहरूले आफ्नो उत्पादन १२ जिल्ला संघहरुलाई बेच्छन्, जसले अन्य २३,००० व्यक्तिगत किसानहरू र सहकारी प्रणाली बाहिरका किसान समुहहरूबाट पनि उत्पादन खरिद गर्दछ । कफि संघहरुले कफीको गेडा सङ्कलन गर्छन् र उत्पादन रूपान्तरणको पहिलो चरणहरू पार गर्छन् । यि मध्ये चारवटा संघले ब्राण्डेड नेपाली कफी जर्मनी, जापान र कोरियामा सिधै निकासा गर्दै आएका छन् भने बाँकी संघहरुले प्रिमियम अर्गानिक गुणस्तरका कारण विगतको तुलनामा राम्रो मूल्य पाइरहेका छन् । परिणाम स्वरुप केन्द्रीय कफी सहकारी संघको पनि स्थापना भएको छ जसमा जम्मा १५,७०० सदस्य छन् (६० प्रतिशत महिला) ।

अहिले नेपालको कफी उत्पादनको करीव ६० प्रतिशत सहकारीबाट हुने अनुमान गरिएको छ । राम्रो गुणस्तर र राम्रो मोलतोल (बार्गेनिङ) शक्तिका कारण सहकारी सदस्य भएका किसानले ७ वर्ष अघिको तुलनामा दोब्बर मूल्य पाएका छन् । वृक्षारोपण विस्तार हुँदै गएको छ, र पहिले कफी उत्पादन नगरेका किसानहरू अहिले यो व्यवसाय तर्फ आकर्षित हुन थालेका छन् । आगामी योजनाहरूमा कफि सहकारीहरुको सदस्यता बढाउने र नयाँ सहकारीको स्थापना, प्रमाणीकरण प्रणालीको विस्तार गर्ने ताकी अन्य संघहरुले पनि प्रत्यक्ष निर्यात गर्न सक्दछन् ।

निसन्देह, अन्य सहकारी जस्तैः कफि सहकारीमा पनि प्रारम्भिक कमजोर व्यवस्थापन कौशलता वा प्रमाणीकरण प्रक्रियाको उच्च जटिलता सहित विभिन्न समस्याहरूबाट जुझ्नु पर्दथ्यो । तैपनि, कफी क्षेत्रमा सहकारीको विकासको ठूलो सफलताले पर्याप्त प्रोत्साहन र दीर्घकालीन प्रतिबद्धता र दूरदृष्टि राखेमा सहकारीले नेपालको ग्रामीण अर्थतन्त्रको आधुनिकीकरणमा ठूलो योगदान गर्न सक्छ भन्ने देखाउँछ ।

*साभार : Support to the MoCPA on cooperative sector development, by UNDP with MoLCPA, 2016*

साना छरिएर रहेका पूँजीहरुको संकलन भई उद्यमी गर्न चाहने महिला, उद्यमी कृषकहरुलाई साना तिनो उद्यम सञ्चालन गर्न बिना धितो ऋृण प्राप्त भएको छ भने सहकारीहरुमा कार्यक्रम सञ्चालन गरिएका विभिन्न क्षमता अभिवृद्धिका कार्यक्रमहरुको नतिजाहरु देखिन थालेका छन । फलस्वरुप कार्यक्रमसँग सम्बन्धित समुह सहकारीका सदस्यहरुमा नेतृत्वदायी भूमिका, सामाजिक तथा आर्थिक प्रगतिहरु भएका छन । सहकारी संस्थाहरुलाई उपलब्ध गराईएको आर्थिक तथा प्राविधिक सहयोगको कारणले कृषि र पशुपालन क्षेत्रमा भएको उत्पादकत्व बृद्धिले ल्याएको उन्नती उदाहरणीय छ । व्यवसायिक उत्पादन गर्ने कृषि सहकारी संस्थाहरुलाई कालिमाटी तथा पोखराको तरकारी थोक बजारहरुमा सहकारीको लागि निश्चित कोटामा शटरहरु प्रदान गर्नुको साथै भाडा दरमा समेत छुटको (पोखरामा २५ प्रतिशत) व्यवस्था गरि सहकारीहरुलाई बजारीकरणमा बढावा दिंदै आएको छ । कृषि सहकारीहरुले उत्पादनको साथै बजारीकरण, ग्रेडिङ्ग, प्याकेजिङ्ग गरि विदेशमा निर्यात गर्दा विभिन्न निकायहरुमा पुन स्वीकृति लिनुपर्ने कानूनको झमेलाले गर्दा सहकारीहरुलाई व्यवसायिक कार्य गर्न बाधा समेत पुऱ्याएको अवस्था छ । विभिन्न पालिकाहरुमा कृषि सहकारीहरुले केवल उत्पादनमूखि कार्य गर्दै आएकोमा उत्पादन कार्यमा मात्र सिमित नराखी कृषि उपजहरुको ग्रेडिङ्ग, प्याकेजिङ्ग गर्न नीजि उद्यमी कृषक सहकारीहरुलाई नवप्रवर्तन कार्यको लागि बजेटको समेत व्यवस्था भएको (आँबु खैरैनी गाउपालिका तनहुँ) बाट अन्य कृषि सहकारी तथा पालिकाहरुले यस प्रकारको कार्यक्रमलाई समावेश गरि वस्तुको गुणस्तरलाई सुधार गरि उचित मूल्य प्राप्त गर्ने गरेका छन् । फिल्ड भ्रमणका दौरानमा भेटिएका कृषि सहकारी संस्थाहरुले गर्ने गरेका कार्यक्रमहरुको विस्तृत विवरण परिच्छेद ४.४ मा दिइएको छ ।

## नेपालको सहकारी कृषि क्षेत्रमा नेपाल कृषि सहकारी केन्द्रीय संघ लिमिटेड उपस्थिति

साना किसान सहकारी संस्थाहरूको छाता संगठन नेपाल कृषि सहकारी केन्द्रीय संघ लिमिटेड वि.स. २०६४ सालमा स्थापना भएको हो । यस संघले आफ्नो संस्थाको कृषि उत्पादन तथा उत्पादकत्व विकासलाई व्यवसायिक बनाउन रणनीतिक योजना अघि सारेको छ । यस संघले आफ्नो स्थापनाकालदेखि नै ग्रामीण गरिवी न्यूनिकरण र समावेशीकरणका लागि आफ्ना सदस्यहरुको क्षमता बृद्धि गरी असल अभ्यासका साथ नयाँ संस्थाहरुको अनुसरण गर्दै सदस्यहरुको आवश्यकता, संभाव्यता र चाहना अनुसार कार्य गर्नका लागि पैरवी गर्दै सामाजिक पूँजीको विकास गर्नमा उत्प्रेरणा गर्ने नेतृत्वदायी भूमिका निर्वाह गरिरहेको छ । नेपालका बढी भन्दा बढी पालिकामा साना किसान कृषि सहकारी संस्था स्थापना र स्थापित कृषि सहकारी संस्थाहरुको क्षमता विकास गरी सदस्य सहकारीहरुको संस्थागत विकासको माध्यमबाट दिगो आर्थिक तथा सामाजिक रुपान्तरणका लागि निरन्तर अभ्यासरत रहँदै आएको छ । नेपाल कृषि सहकारी केन्द्रीय संघ लिमिटेड सदस्य सहकारीहरूलाई प्रदान गरिने वित्तीय र गैर-वित्तीय सेवाहरूको दायरालाई सुधार गर्नका लागि आफ्नो सञ्जाल विस्तार गर्न निरन्तर लागि रहेको छ । यसले अधिकतम घरपरिवारमा सेवा प्रदान गर्ने उद्देश्यले नेपालको सबै क्षेत्रहरूमा आफ्नो प्रतिनिधित्व विस्तार गर्दै हाल आएर देशभरका ७० जिल्लामा ७ लाख भन्दा बढी घरधनी सदस्यहरूको लागि ८७० साना किसान सहकारी संस्थाहरू छन् ।

कृषि सहकारी केन्द्रीय संघ लिमिटेडमा निम्न संख्यामा साना किसान सहकारी संस्थाहरू सदस्य रहेका छन् ।

| प्रदेश तथा जिल्ला | जम्मा |
|---|---|
| कोशी प्रदेशका १३ जिल्लाः<br>ताप्लेजुङ २, पाँचथर ८, झापा ४०, इलाम ११, मोरङ ३१, सुनसरी १७, धनकुटा १, तेह्रथुम २, भोजपुर ५, संखुवासभा ४, उदयपुर ७, सोलुखुम्ब ६, खोटाङ ६ | १४१ |
| मधेश प्रदेशका ८ जिल्लाः<br>सप्तरी १४, सिराहा २६, धनुषा २७, महोत्तरी ११, सर्लाही १५, रौतहट ११, बारा १६, पर्सा ३ | १२३ |
| बागमती प्रदेशका १३ जिल्लाः<br>मकवानपुर २१, चितवन ३५, धादिङ ४९, काठमाण्डौं १८, ललितपुर ५, भक्तपुर ८, काभ्रे १८, नुवाकोट २१, रसुवा ६, सिन्धुपाल्चोक १५, सिन्धुली १०, दोलखा १७, रामेछाप ११ | २३४ |
| गण्डकी प्रदेशका १० जिल्लाः<br>गोरखा ५, तनहुँ ८, लम्जुङ ३, कास्की १३, स्याङ्जा २१, पर्वत ३, मुस्ताङ १, बाग्लुङ १२, म्याग्दी १, नवलपुर ११ | ७८ |
| लुम्बिनी प्रदेशका १२ जिल्लाः<br>परासी १४, रुपन्देही २०, कपिलबस्तु ९, पाल्पा ३, गुल्मी १८, अर्घाखाँची १९, दाङ १९, प्युठान १८, रोल्पा १४, बाँके १५, बर्दिया ३२, पूर्वी रुकुम १ | १८२ |
| कर्णाली प्रदेशका ८ जिल्लाः<br>दैलेख ४, जाजरकोट ५, सुर्खेत २४, कालिकोट ७, हुम्ला २, जुम्ला १, सल्यान १२, पश्चिम रुकुम ७ | ६२ |
| सुदूर पश्चिम प्रदेशका ६ जिल्लाः<br>बझाङ ४, बाजुरा ६, कैलाली १३, कञ्चनपुर १८, बैतडी ३, डडेल्धुरा ६ | ५० |
| जम्मा | ८७० |

नेपाल कृषि सहकारी केन्द्रीय संघ लिमिटेडमा आबद्ध सदस्य संस्थाहरुको संस्थागत विकास गरि साना किसान तथा विपन्न वर्गहरुको आर्थिक तथा सामाजिक विकासका लागि आवश्यक गैर वित्तीय सेवाहरु प्रदान गर्दै सञ्जाल बृद्धि गर्नु यस संघको ध्येय रहेको छ । यस संघले किसानको पोको पहल नेपालका विभिन्न जिल्लाहरूमा नेपाली किसानको हातले प्रत्येक उत्पादनको खेती गरिएको तथ्यबाट प्रेरित छ । नेपाल भरका साना किसानहरूलाई काठमाडौं उपत्यकाका उपभोक्ताहरूसँग जोड्ने यो नयाँ पहल हो । यस पहल मार्फत बजारीकरण हुने सबै कृषि उत्पादनहरू स्थानीय रूपमा उत्पादन गरिन्छ, र यसबाट धेरै सामाजिक, आर्थिक र वातावरणीय फाइदाहरू हुने गर्दछ ।

साना किसान कृषि सहकारी संस्थाबाट प्रवाह भईरहेका सेवा तथा कार्यहरु संक्षेपमा तल दिइएको छ ।

- शेयर सदस्य विस्तार तथा समूह गठन गर्ने ।
- नियमित शेयर तथा बचत संकलन गर्ने ।
- सदस्यहरुलाई योजना अनुसारको ऋण लगानी गर्ने ।
- सदस्यहरुको पशुधनको सुरक्षणको लागि पशु बिमा गराउने ।
- कृषकहरुबाट उत्पादित दूधको खरिद बिक्री तथा बजारीकरण गर्ने ।
- सदस्यहरुलाई पुरस्कार, प्रोत्साहन तथा सम्मानको व्यवस्था गर्ने ।
- सदस्यहरलाई विभिन्न शिपमूलक तालिम तथा अवलोकन भ्रमणको व्यवस्था ।
- रसायनिक मल, तरकारी तथा खाधान्नको बिऊ विषादी तथा कृषि सामाग्रीको सुपथ मूल्यमा उपलब्धता गराईएको ।
- गाँउपालिका तथा कृषि ज्ञान केन्द्र मार्फत उपलब्ध गराईएका कृषि अनुदानका सामाग्रीहरु सदस्यदहरुलाई सहजतरिबाट वितरण
- सदस्यहरलाई सुत्केरी पोषण खर्च र मृत्यू राहत कोषको व्यवस्था गरिएको ।
- वार्षिक रुपमा शेयर बोनस वितरण तथा संरक्षण पूँजी फिर्ता कोषको रकम वितरण गर्ने ।
- सदस्यहरुलाई सहकारी शिप तथा वित्तीय साक्षरता तालिम दिने ।
- सदस्य परिवारका युवायुवतीहरुलाई कृषि प्रशिक्षार्थी कार्यक्रम अन्तर्गत ईजरायलमा पठाउने र उनिहरुलाई स्वदेशमा आएर कृषि कार्य गरेका प्रोत्साहन दिने ।
- आधुनिक नर्सरी ग्रिन हाउस सञ्चालन ।

आ.व. २०७७ सम्ममा स्थापना भएका विभिन्न सहकारी संस्थाहरुको विवरण प्रदेश तथा स्थानीयस्तरमा तपशिल अनुसार रहेको छ ।

**स्थानीय तह, विभिन्न ७ प्रदेश र विभागिय नियमन अर्न्तगत रहेको विभिन्न जिल्ला अनुसार सहकारी संस्थाहरुको विवरण**

| कोशी १ | | मधेश २ | | वागमती प्रदेश | | गण्डकी प्रदेश | | लुम्बिनी प्रदेश | | कर्णाली प्रदेश | | सुदूर पश्चिम प्रदेश | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| जिल्ला | संख्या | जिल्ला | संख्या | जिल्ला | संख्या | जिल्ला | संख्या | जिल्ला | संख्या | जिल्ला | संख्या | जिल्ला | संख्या | |
| ताप्लेजुङ | १३८ | सप्तरी | ३२६ | सिन्धुली | २४८ | बाग्लुङ | २५९ | गुल्मी | २३८ | दैलेख | ३०४ | कैलाली | ५०८ | |
| पाँचथर | २३१ | सिराहा | ४९९ | रामेछाप | २५३ | गोर्खा | २६५ | कपिलवस्तु | ४४२ | डोल्पा | ८३ | बझाङ | ८५ | |
| इलाम | ४३५ | धनुषा | ६१७ | दोलखा | ५२४ | कास्की | ४७० | रुपन्देही | ५५४ | हुम्ला | ८५ | डोटी | १२५ | |
| झापा | ४६३ | महोत्तरी | ४२९ | सिन्धुपाल्चोक | ५०२ | लमजुङ | १८६ | पाल्पा | २१९ | जुम्ला | १७४ | अछाम | १४० | |
| मोरङ | ६९४ | सर्लाही | ४४९ | रसुवा | ८३ | मनाङ | १० | रोल्पा | १२५ | कालिकोट | १२८ | बाजुरा | ११९ | |
| सुनसरी | ४९० | रौतहट | ३४६ | धादिङ | २८९ | मुस्ताङ | २८ | बर्दिया | २८४ | मुगु | ८५ | बैतडी | १८२ | |
| धनकुटा | २२४ | बारा | ३८१ | नुवाकोट | ३०६ | म्याग्दी | १२७ | प्यूठान | ११६ | सुर्खेत | ४८८ | दार्चुला | ९१ | |
| तेह्रथुम | १२२ | पर्सा | २६५ | काठमाण्डौ | २५११ | नवलपरासी | १४९ | बाँके | २०८ | रुकुम (प) | १८७ | डडेलधुरा | १७४ | |
| भोजपुर | १३७ | | | ललितपुर | ७११ | पर्वत | २०७ | दाङ | ५८५ | जाजरकोट | १८३ | क्न्चनपुर | ३०७ | |
| संखुवासभा | ११५ | | | काभ्रे | ५३४ | स्याङजा | ३४४ | रुकुम पूर्व | ३२ | सल्यान | १४२ | | | |
| उदयपुर | ३१३ | | | मकवानपुर | ९०१ | तनहुँ | २५३ | नवलपरासी | १३९ | | | | | |
| खोटाङ | १३९ | | | चितवन | २८५ | | | अर्घाखाँची | १२७ | | | | | |
| सोलुखुम्बु | ६७ | | | | ६५४ | | | | | | | | | |
| ओखलढुङ्गा | १११ | | | | | | | | | | | | | |
| स्थानीय तह जम्मा | ३६७९ | स्थानीय तह जम्मा | ३३१२ | स्थानीय तह जम्मा | ७८०१ | स्थानीय तह जम्मा | २२९८ | स्थानीय तह जम्मा | ३०६९ | स्थानीय तह जम्मा | १८५९ | स्थानीय तह जम्मा | १७३१ | |
| कोशी प्रदेश | १०५८ | मधेश प्रदेश | ८४१ | बागमती प्रदेश | २६१७ | गण्डकी प्रदेश | ३६३ | लुम्बिनी प्रदेश | ६८६ | कर्णाली प्रदेश | | सुदुर पश्चिम प्रदेश ३२९ | | |
| कुल जम्मा | ४७३७( १६%) | | ४१५३ ( १४%) | | १०४१८ (३५%) | | २६७१ (९%) | | ३७५५ (१२.५%) | | १९६७ (६.६%) | | २०६० (६.९%) | २९,७६१ |
| विभागिय नियमन जम्मा | | | | | | | | | | | | | | १२५ |
| जम्मा सहकारी | | | | | | | | | | | | | | २९,८८६ |

*श्रोतः सहकारी झलक २०७७ सहकारी विभाग*

**सफलताको सहकारी बजार मार्फत बजारीकरण**

कृषि सहकारीका किसानको उत्पादन बिना बिचौलिया सहकारी बजार प्रणाली मार्फत उपभोक्तासम्म सहजै पुगोस् भन्ने हेतुले नेपाल सरकारको भूमि व्यवस्था, सहकारी तथा गरीवी निवारण मन्त्रालय र संयुक्त राष्ट्र संघीय विकास कार्यक्रमबाट सन् २०१८ देखि सन् २०२२ सम्म काठमाण्डौ वरिपरिका ६ वटा जिल्लाहरु (चितवन, धादिङ, ललितपुर, नुवाकोट, काभ्रे तथा मकवानपुर) का १८ वटा पालिकाहरुमा सहकारी बजार विकास कार्यक्रम सञ्चालनमा ल्याइएको थियो जसमा ७२ वटा कृषि तथा बहुउद्देश्यीय सहकारीका करीव १६,००० कृषकले विभिन्न सहयोग पाएका थिए । यसै क्रममा यस कार्यक्रमले सहकारी बजार प्रणालीको विकासको अवधारण स्वरुप काठमाण्डौ उपत्यकामा २ वटा स्याट्लाइट बजार (बीऊ, फलफूल तथा तरकारी राष्ट्रिय सहकारी महासंघद्वारा चावहिल र जिल्ला सहकारी संघ ललितपुरद्वारा ललितपुरको महालक्ष्मीस्थानमा), १ वटा क्षेत्रिय बजार (जिल्ला सहकारी संघ भरतपुरद्वारा, चितवनको भरतपुरमा), ३ वटा जिल्ला बजार (नुवाकोट, धादिङ र काभ्रेका जिल्ला सहकारी संघद्वारा सञ्चालित) को स्थापना गरेको थियो । त्यस्तै श्री कृषक सुधार फलफूल तरकारी सहकारीद्वारा धादिङको बेनीघाट रोरांङ्को चरौंदी, रत्ननगर ताजा तरकारी सहकारीद्वारा चितवन टाँडीको रत्ननगर तथा जनजागृति कृषि सहकारीद्वारा चितवनको राप्ती नगरपालिकाको भण्डारामा पालिकास्तरीय बजार स्थापना गरेको थियो । यस कार्यक्रमले यी संस्थाहरुलाई बजार स्थापनाका लागि चाहिने विभिन्न उपकरण, सामाग्री, ढुवानी साधन, चिस्यान भण्डारण आदि पनि उपलब्ध गराइएको थियो । यसैगरी करीव ५० भन्दा प्राथमिक कृषि सहकारीहरुलाई पनि संकलन केन्द्र, ढुवानी साधन, चिस्यान केन्द्र, बजारीकरणका लागि चाहिने सामाग्री तथा उपकरणहरु उपलब्ध गराइएको थियो ।

हालको यथास्थितिमा यि मध्ये केहि बजारहरु मात्रै सञ्चालनमा छन् जस्तैः धादिङको नीलकण्ठ नगरपालिकामा जिल्ला सहकारी संघ धादिङद्वारा सञ्चालित जिल्लास्तरीय सहकारी बजार, धादिङको बेनीघाट रोरांङ्को चरौंदीमा श्री कृषक सुधार फलफूल तरकारी सहकारीद्वारा सञ्चालित पालिकास्तरीय सहकारी बजार तथा जनजागृति कृषि सहकारीद्वारा चितवनको राप्ती नगरपालिकाको भण्डारामा सञ्चालित पालिकास्तरीय बजार मात्र सञ्चालनमा छन् । केहि प्राथमिक सहकारीहरु पर्ने कार्यक्रमले कल्पना गरेको जस्तैः आफनो सदस्य कृषकहरुको तरकारी तथा फलफूल उत्पादन आफनै सहकारीले किनेर माथिल्लोस्तरका सहकारी बजारमा बिक्री गर्ने भनिएतापनि खाली ढुवानी गरी दिएर भाडा उठाउने काम मात्रै गरेका छन् ।



धादिङबेशीमा जिल्ला सहकारी संघद्वारा सञ्चालित जिल्ला सहकारी बजार

## ४.३ कृषि सहकारीहरुको नीतिगत, कानुनी, प्रशासनिक, प्राविधिक र वित्तीय अवस्थाहरुको पहिचान तथा सुधारका लागि आवश्यक सुझाव

### ४.३.१ कृषि सहकारीहरुको नीतिगत तथा कानूनी अवस्था

केहि कृषि सहकारी संस्थाहरुमा संस्थाको वार्षिक योजना, व्यवसायिक योजना तथा रणनितिक योजना तथा आन्तरिक कार्यविधि समेत छैन । कुनै सहकारीले आफनो साधारण सभाको माईन्युट पनि सहि तरिकाले राख्ने गरेका छैनन् । धुनिबेशी नगरपालिकामा समयमा सहकारी संस्थाहरुले अडिट रिर्पोट र संस्थाको प्रगति विवरणहरु बुझाउने नगरेको भन्ने जानकारी आएको छ ।

### ४.३.२ कृषि सहकारीमा सुशासनको अवस्था

धरै जसो कृषि सहकारी संस्थाहरुले बचत तथा ऋणको कार्य मात्र गर्ने गरेको तर उद्देश्य अनुसार कृषिका कार्यहरु नगरेको पाइएको छ । कृषि सहकारी संस्थाहरुमा संस्थाको वार्षिक योजना, व्यवसायिक योजना तथा रणनीतिक योजना तथा आन्तरिक कार्यविधि बिना चलेका कृषि सहकारीहरु पनि छन् । कतिपय कृषि सहकारीका सदस्यहरुलाई सहकारीको सिद्धान्त, नीतिहरु तथा कार्यक्रमहरुको बारेमा अज्ञानता रहेको पाइएको छ । सहकारीभित्र पनि नातावाद र कृपावाद चल्ने गरेकाले वास्तविक किसानहरु ओझेलमा पर्न थालेका छन् । सहकारी संस्थाका नेतृत्व गर्नेमा नेतृत्वको

खुबी तथा ईमान्दारिता नहुनु पनि सहकारीका लागि घातक सावित भएका छन् । सहकारीहरु तथा सहकारीका सदस्यहरु बीच पनि राजनैतिक पूर्वाग्रह रहनुले सहकारीमा अस्वस्थ प्रतिस्पर्धाले जरो गाडेको पाइएको छ । अनुदान लिन सहकारीहरुले सदस्यहरुको फर्जी उपस्थिति गर्ने गरेको गुनासो पनि केहि पालिकामा सहकारीकर्मीले गरे ।

### ४.३.३ कृषि सहकारीहरुको वित्तीय अवस्थाः

कुनै पनि व्यवसाय गर्न तथा संस्था सफलताका साथ सञ्चालन हुन पूँजीको आवश्यकता पर्दछ । बचत तथा ऋणको कारोबार नगर्ने कृषि सहकारीहरुलाई पर्याप्त पूँजीको उपलब्धता हँदैन । जसका कारण कम तलवका कारण सक्षम तथा प्राविधिक ज्ञान भएका कर्मचारीहरु राख्न सक्दैनन् । पनौती नगरपालिकका अधिकांश कृषि सहकारीहरुको आम्दानीको स्रोत न्यून भएकोले कर्मचारीहरु समेत नियुक्ति गर्न सकेका छैनन् भने केहि स्रोत हुनेहरुले व्यवस्थापक तथा लेखा हेर्ने कर्मचारीहरु मात्र राख्न विवश भएका छन् । कम तलवमा राखिएका कर्मचारीहरु अन्य ठाउँमा अधिक तलव पाउनासाथ सहकारी छोडी अन्यत्र जाने गर्दछन ।

पूँजीको कमीका कारणले कुनै अनुदान प्राप्त गर्न केहि रकम सहकारीले पनि लगानी गर्नुपर्ने प्रावधानले गर्दा आर्थिक रुपमा कमजोर कृषि सहकारीहरुले यस्ता अनुदान पाउनबाट वञ्चित रहेको पाइएको छ ।

कृषि सहकारी संस्थाका पदाधिकारीहरु अध्यक्ष तथा व्यवस्थापकले निव्याजी ऋण लिने गर्दछनु । समयमा सहकारी संस्थाहरुले अडिट रिर्पोट र संस्थाको प्रगति विवरणहरु बुझाउने गरेको पाइँदैन । कृषि सहकारी संस्थाहरुको सञ्चालनमा व्यक्ति हावी भएको शेयर सदस्यहरुलाई आवश्यक पर्ने ऋण तथा सुविधाहरु व्यक्ति विशेषको सम्बन्धमा उपलब्ध गराउने गरेका छन् । कृषि कार्यको लागि भनेर लिएको ऋण गैह्र कृषि क्षेत्रमा लगानी गरी ऋणको दुरुपयोग हुने गरिएको छ । कृषि तथा पशुपालन भनि समुह तथा सहकारी खोल्ने तर सो कार्य नगरि अन्य बचत तथा ऋण कार्य मात्र गर्ने पनि जानकारी प्राप्त भयो ।

आफनो शेयर सदस्यहरुले कृषि उत्पादनका लागि लगानी गर्न सजिलो होस् भनेर साना किसान कृषि सहकारी संस्था, मनहरी गाउँपालिका, चितवनले आफ्ना सदस्यहरुलाई सस्तो ब्याज दरमा ऋण लगानी गरेका छन् । आफनो संस्थाको पूँजी बढाउनका लागि प्रत्येक महिना आफना शेयर सदस्यहरुबाट बचत संकलन गर्ने गरेका छन् । यसरी बचत संकलन गरी पूँजी बृद्धि गरि लगानी गर्दा कृषकहरुले बढीभन्दा बढी फाइदा लिने गरेका छन् ।

### ४.३.४ कृषि सहकारीहरुको प्राविधिक अवस्था

सहकारीहरुमा आफनो सहकारी प्रभावकारी ढंगले चलाउनका लागि प्राविधिक ज्ञानको कमी रहेको पाइन्छ । कृषि सहकारी संस्थाहरुले आफनो वित्तीय वित्तीय विवरणहरुलाई सहकारी विभागको निर्देशन अनुसार चार खातामा राख्न सकेका छैनन भने कोपोमिस तथा अनलाईन खाता प्रगति प्रतिवेदनको प्रविधि बारे अनभिज्ञ रहेका छन् । संस्थाको व्यवस्थापन, खाता सञ्चालन आदिमा सहकारीहरुका कर्मचारीमा व्यवसायिक दक्षताको अभाव रहेको छ । प्रशस्त पूँजीको अभावमा आकर्षक तलव दिन नसक्नाले कृषि सहकारीले आफनो सहकारीले गर्न खोजेको कृषि उत्पादन तथा पशुपालनमा दक्ष प्राविधिक राख्न सकेका छैनन् भने सम्बन्धित पालिकाका कृषि शाखा तथा प्रदेशस्तरमा कृषि ज्ञान केन्द्रमा माग भएको बखतमा प्राविधिक सेवा पाउने गर्दैनन् । पालिकास्तर तथा प्रदेश सरकारले दिने यस्ता प्राविधिक तालिमहरुको समयमा जानकारी नपाउँदा तनहुँको आँबु खैरेनीका कृषि सहकारीले तालिम लिन नपाएको गुनासो पोखे । यस्तै आफुले उत्पादन तथा बिक्री गर्ने कृषि उपजको व्यवसायिक योजनाको कमीको कारणले गर्दा बजारमा प्रतिस्पर्धी बन्न सकेका छैनन् ।

बजारमा प्रतिस्पर्धी बन्न उत्पादक कृषकहरुले आफ्नो लागत मूल्य थाहा पाउन निकै जरुरी हुन्छ ताकि उनीहरुले आफनो उत्पादनको बिक्री मूल्य कतिसम्म राख्दा फाइदा हुन्छ भन्ने हेक्का रहन्छ । तर व्यवासायिक योजनाको अभाव तथा उत्पादकत्व बढाई उत्पादन लागत कसरी घटाउन सकिन्छ भन्ने बारेमा त्यति चासो राखेको पाइँदैन । कृषिमा आधुनिक खेती गर्न आवश्यक पर्ने प्राविधिकहरुको कमी तथा भएका कृषि प्राविधिहरुसँग प्राविधिक ज्ञानको अभावले समयमा बाली तथा पशुपन्क्षीमा लाग्ने रोगको उपचार गर्न नसकी उत्पादन तथा उत्पादकत्व घट्ने गरेको पाइन्छ ।

## ४.४ नेपालमा कृषि सहकारीहरुबाट सञ्चालन भएका कार्यक्रमहरु र कार्यक्रम सञ्चालनमा भोग्नु परेको समस्याहरु

### ४.४.१ नेपालमा कृषि सहकारीहरुबाट सञ्चालन भएका कार्यक्रमहरु

स्थलगत भ्रमणका क्रममा विभिन्न सहकारीहरुसँग गरेको छलफलमा कृषि सहकारी संस्थाहरुले विभिन्न कार्यक्रम गरि आफ्नो कृषि सहकारीलाई अगाडी बढाइएको पाइयो जसको संक्षेपमा तल वर्णन गरिएको छ ।

#### कष्टम हायरिंग सेन्टरको व्यवस्था गरेकोः

साना किसान कृषि सहकारी संस्था, महारानीझोडा, गौरादह नगरपालिका, झापाले कष्टम हायरिङ सेवा अन्तर्गत आफ्ना शेयर सदस्यहरुलाई मेशिनरी तथा औजार उपकरणहरु प्रयोग गर्ने सुविधा दिएको छ । यसरी कष्टम हायरीङ गर्दा बजारमा चलेको भन्दा न्यूनतम मूल्यमा सेवा शुल्क दिई शेयर सदस्यहरुले आफनो सहकारीबाट फाइदा लिई रहेकाछन् ।

#### सामुहिक तथा चक्लाबन्दी

साना किसान कृषि सहकारी संस्था, महारानीझोडा, गौरादह नगरपालिका, झापाले सामुहिक चक्लाबन्दी खेती गरी व्यवसायिक उत्पादन गर्ने गरेका छन् । यसरी खेती गर्दा धेरै क्षेत्रफलमा विभिन्न किसिमका बाली उत्पादन गरी बढी परिमाणमा उत्पादन हुन गई लागत मूल्य पनि घट्ने गरेको जिकीर उक्त सहकारीका शेयर सदस्यहरुले गरे । यसै गरी दिर्घायु जडीबुटी कृषि सहकारी संस्था, रत्न नगरपालिका, चितवनले सामुदायिक वनको

जग्गामा जडीबुटी खेती तथा प्रशोधन गर्ने प्लाण्ट स्थापना गरि जडीबुटीको झोल निकाली बिक्री गर्ने गरेका छन् । सहकारीका सदस्यहरु मिलेर बेमौसमी सामुहिक तरकारी खेती गरी बिक्रि गरी राम्रै आम्दानी गरेका छन् । पौरखी कृषि सहकारी संस्था लि. चरिकोट दोलखाले पनि सामुहिक खेतीलाई अगाडी बढाएका छन् ।

## एग्रोभेट पसल, कोसेली घर, दूध तथा तरकारी संकलन केन्द्रको स्थापना

साना किसान कृषि सहकारी संस्था, मनहरी गाउँपालिका, चितवनले आफनो सहकारीले एग्रोभेट पसल खोली किसानलाई चाहिने कृषि सामाग्री तथा उपकरणहरु सस्तो दरमा बिक्रि गर्ने गरेका छन् । आफना किसान सदस्यहरुको आर्थिक अवस्था हेरी सस्तो ब्याज दरमा उधारो पनि दिने गरिएको पाइयो । आफना कृषकहरुले उत्पादन गरेको दूध तथा कृषि उपजको बिक्रिका लागि दूध तथा तरकारी संकलन केन्द्रका साथै कोसेली घरको पनि बन्दोबस्त गरेका छन् ।

## कृषि उपजको उत्पादन, ग्रेडिङ्ग, पैकिजिङ्ग तथा बजारीकरण

मनहरी गाउँपालिकामा अर्गानिक तरकारी उत्पादन गर्ने कृषक समुहहरु भएकोले साना किसान कृषि सहकारी संस्थाले कृषकहरुले उत्पादन गरेको कृषि उपजहरु खरिद गरी ग्रेडिङ्ग र पैकेजिङ्ग गरि हेटौंडामा कोभिडको बेला बिक्री गरी तरकारीको आपूर्ति सहज बनाएका थिए । यसले गर्दा कोभिडका बेलामा हेटौंडा बजारमा तरकारीको अभावलाई कम गराई आफना सदस्यहरुलाई उचित मूनाफा भएको रहेछ । यसै गरी बेनीघाट रोराङ, धादिङको चरौंदीस्थित कृषक सुधार तरकारी तथा फलफूल कृषि सहकारी संस्थाले व्यवस्थित तरकारी संकलन केन्द्र र उपकेन्द्र भएको, ढुवानी साधनको व्यवस्था भएको, एग्रोभेट पसल सञ्चालन, कृषक तथा व्यापारीहरुलाई तरकारी संकलन गर्ने स्थान उपलब्ध तथा तौलने सेवा सुविधा प्रदान गर्ने गरेको पाइयो । उक्त सहकारीको कालिमाटीस्थित तरकारी तथा फलफूल बजार विकास समितिमा आफ्नै थोक बिक्री केन्द्र, सटरको व्यवस्था भएको पाइयो ।

त्यसै जिल्ला सहकारी संघ, मकवानपुरले विभिन्न कृषि सहकारी तथा साना किसान कृषि सहकारी संस्थाहरुबाट तरकारी संकलन गरि ग्रेडिङ्ग, पैकैजिङ्ग गरि हेटौंडामा विक्री गर्ने गरेका छन् । पौरखी कृषि स.सं, चरिकोट दोलखाले तरकारी संकलन गरि विक्री वितरणका साथै तालिम पनि सञ्चालन गर्ने गरेका छन् । जिल्ला सहकारी संघ धादिङले धादिङबेशीमा जिल्ला सहकारी बजार मार्फत कृषकहरुको तरकारी तथा अन्य कृषि उपजहरु संकलन गरी बेच्ने गरेका छन् । बाग्लुडमा मिर्मिरे बहुउद्देश्यीय कृषि सहकारी  संस्था तथा लहरे पिपल कृषि सहकारी संस्थाले मल वितरण, उखु खेती, बेसार, व्यवसायिक बाखापालन, दूध संकलन, कुरौनी, घिऊ बिक्री गर्ने गरेका छन् ।

## बीऊ उत्पादन

हुलमुलमा जीउ जोगाउनु अनिकालमा बीऊ जोगाउनु भन्ने पुरानो उखानलाई आत्मसात गर्दै पौरखी कृषि स.सं.लि., चरिकोट दोलखाले ताजा तरकारी उत्पादन बाहेक बीऊ उत्पादन गरी आत्मनिर्भर हुने कार्यमा पनि अगाडी बढेको पाइयो । बजारमा पाइने बीऊहरुको गुणस्तर सधैं राम्रो र एकनासे नहुने र आवश्यक परेको बेलामा बीऊ उपलब्ध नहुने हुँदा आफैले उब्जाएको बीऊबाट तरकारी उत्पादन गर्दा ढुक्क हुने कृषि सहकारीहरु बताउँदछन् । साना किसान कृषि सहकारी संस्था, महारानीझोडा, गौरादह नगरपालिका, झापाले आफनो सदस्यहरुले उत्पादन गरेको खाद्यान्नको बिउ ग्रेडिङ्ग, पैकेजिङ्ग गरि विक्री वितरण गर्ने गरेका छन् ।

## व्यावसायिक पूर्वाधारको स्थापना

जिल्ला सहकारी संघ, चितवनले पेट्रोल डिपो सञ्चालनका साथै तोरीको तेल प्रशोधन गरी बिक्रि गरेका छन् । भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय र संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम यू.एन.डी.पी.को सहकारी बजार विकास कार्यक्रमको आंशिक सहयोगमा निर्मित भवनमा आधुनिक एग्री मार्ट तथा शपिङ्ग कम्प्लेक्स निर्माण गरि सञ्चालन हुने क्रममा रहेका छन् । मकवानपुर जिल्ला दुग्ध उत्पादक सहकारी संघ.लि, चौकीटोल मकवानपुरले जिल्लाका विभिन्न ५९ वटा दुग्ध उत्पादक सहकारी संस्थाहरुबाट दूध संकलन गरि विभिन्न बजारहरुमा पठाउने गरेको र हाल दुग्ध प्रशोधन केन्द्र निर्माण भई पैकेट दूध तथा आईसक्रिम, दही, घिऊ, पनिर निकाल्ने प्रशोधन प्लाण्टको स्थापना गरि सञ्चालनको तयारी अवस्थामा रहेको छ । यो केन्द्रको स्थापनामा पनि नेपाल सरकारको भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय र संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम यू.एन.डी.पी.को सहकारी बजार विकास कार्यक्रमको आंशिक सहयोग रहेको थियो । बाग्लुङमा मिर्मिरे बहुउद्देश्यीय कृषि सहकारी संस्था र लहरे पिपल कृषि सहकारी संस्थाले तोरी पेल्ने, मकै भुट्ने जस्ता उत्पादन प्रशोधन गरि खुद्रा कृषि बजारको व्यवस्था गरि २० प्रतिशत मूनाफा लिई कृषि उपजहरु बेचविखन गर्ने गरेका छन् ।

### ४.४.२ नेपालमा कृषि सहकारीहरुबाट सञ्चालन भएका कार्यक्रमहरु सञ्चालनमा भोग्नु परेको समस्याहरु

माथि उल्लेखित केहि छानिएका कृषि सहकारीहरुको सकारात्मक पक्षका बावजुद सुधार गर्नुपर्ने पक्ष पनि रहेका छन् । फिल्ड भ्रमणका दौरान लक्षित समुह छलफल (Focus Group Discussion) तथा प्रमुख सूचनादाता अन्तर्वाता (Key Informant Interview) का दौरान कृषि सहकारीले कृषि सञ्चालनमा भोग्नु परेका समस्याहरुका बारेमा अवगत गराएको र तिनीहरुले पनि समाधानका उपाय सुझाएका हुनाले यसको विस्तृत विवरण तल दिइएको छ ।

## कष्टम हायरिंग सेन्टर

सामुहिक रुपमा खेती गर्न कष्टम हायरिंग सेन्टरलाई सहकारीको किसानहरूका लागि नयाँ कृषि अभ्यासहरू र कृषि मेसिनरी प्रविधिहरूका लागि उत्कृष्ट विस्तार र सिकाउने मोडेलको रूपमा प्रबर्धन गर्नु पर्दछ । प्रत्येक घर घरमा किसानलाई दिनु भन्दा कृषि सहकारीलाई सामुहिक रुपमा कष्टम हायरिंगका लागि कृषि उपकरण वितरण गर्दा उक्त उपकरणहरुको उचित उपयोग हुने देखिन्छ । तर व्यक्तिलाई मेसिनरी उपलब्ध गराउँदा पक्षपात र भ्रष्टाचारको आरोप समेत लाग्ने गरेको छ । समुह सेटिङहरूमा, धेरै कृषकहरूले प्रत्यक्ष रूपमा मेसिनरीलाई अवलोकन गर्न र सञ्चालन गर्न र

मेसिनरीको प्रत्यक्ष अनुभव र ज्ञान प्राप्त गर्न सक्षम हुने गर्दछ । सहकारीले सामुहिक रुपमा सञ्चालन गर्ने हुँदा प्रत्येक सदस्यहरुले पालैपालो कृषि उपकरण प्रयोग गर्दा किसानलाई पनि फाइदा हुने साथै सहकारीलाई पनि आम्दानी हुने गर्दछ ।

## रसायनिक मल वितरण

नेपालमा आवश्यक परेको बेला चाहिने जति कृषि मल नपाउनाले कृषकहरु प्रत्येक बर्ष निरास हुने गर्दछन् । मल बिक्री तथा वितरणका समयमा पनि टाठाबाठा तथा पहुँचवालाले बढी मल पाउने र वास्तविक, पहुँच नभएका किसानले मल पाउने गर्दैनन् । धेरै जसो कृषि सहकारीहरुको धेरै मध्ये एक उद्देश्य भनेको रसायनिक मल वितरण नै हो । नेपाल सरकारले कृषि सहकारी मार्फत मल वितरण गर्ने नियम ल्याएदेखि कृषि सहकारीको संख्यामा उल्लेखनीय बृद्धि भएको पाइन्छ । पनौती नगरपालिकाका कृषि सहकारीहरुले मलका साथै कृषि मेशिनरी औजार वितरण गर्ने, कृषि तालिम प्रदान गर्ने, तरकारीहरु संकलन गरि बिक्री वितरण गर्ने सामुहिक रुपमा खेती  पनि गर्ने गरेका छन् । तर माग बमोजिमको मल समयमै आपूर्ति नहुँदा कृषि सहकारीहरुलाई आफना सदस्यहरुलाई सुन्तुष्ट तुल्याउन नसकेको अवस्था रहेकोछ । केहि कृषि सहकारीमा नाताबाद र कृपावादका कारण पहुँचवालाले मात्रै रसायनिक मल पाउने गुनासो पनि सुन्नमा आएको छ । सोझासाझा किसानले आफुलाई आवश्यक पर्ने मल कालो बजारीमा किन्नु पर्ने बाध्यता छ । आवश्यक परेको बेला चाहिने जति कृषि मल नपाउनाले कृषि उत्पादन तथा उत्पादकत्व घट्न जाने तथा कालो बजारीमा मल किन्दा लागत मूल्य बढ्ने गर्दछ ।

## पूर्वाधारहरुको कमी

कुनै पनि व्यवसाय गर्न पूर्वाधारको ठूलो महत्व हुने गर्दछ । पूँजीको कमीले गर्दा धेरै जसो कृषि सहकारीहरुको आफनै कार्यालय नभएर भाडामा बस्न बाध्य भएका छन् । कुनै पनि कृषि सहकारीको आम्दानीको प्रमुख श्रोत भनेकै आफना सहकारी सदस्यहरुलाई कृषि सामाग्रीहरु थोरै नाफामा बिक्री गर्ने र ती सदस्यहरुबाट उत्पादन भएका कृषि उपजहरु संकलन गरी बिक्रीबाट आएको आम्दानीको केहि प्रतिशत छुट्याएर नाफा नै हो । यि सबै कार्य गर्न पूर्वाधारको आवश्यकता रहन्छ जस्तैः आफनो कार्यालयको भवन, संकलन केन्द्र, ढुवानी साधन, शीत भण्डारण, क्रेट, काँटा आदि ।

## बजारीकरणमा समस्या

बाग्लुङका कृषि सहकारीका कृषकहरुले परम्परागत खेती प्रणालीबाट उत्पादन लगानी बढी भएको तर सो अनुसार प्रतिफल पाउन नसकेको गुनासो गरेका छन् । कृषि सहकारीहरुले नीजि व्यपारीहरुसँग प्रतिस्पर्धा गर्न सक्तैनन किनभने स्थानीय संकलनकर्ता व्यापारीहरुले सिजनमा उत्पादन गर्नका लागि कृषकहरुलाई मल, बिऊ खरिद गर्न रकम लगानी तथा सापटी दिने र उत्पादन तयार भएपछि सोही व्यापारीले खरिद गरि लैजाने परापूर्वकालदेखि चलि आएको परम्परालाई तोडन सहकारीहरुले बिऊ पूँजीको अभावमा यसरी नीजि व्यापारीहरुले जस्तै कार्य गर्न सहकारीले सकेका छैनन । सहकारीहरुमा व्यवसायिक दक्षताको अभावको कारणले गर्दा नीजि क्षेत्रसँग प्रतिस्पर्धा गर्न सक्दैनन् । कृषि सहकारी संस्थाहरुले आफनो पहलमा तरकारीहरु विभिन्न थोक बजारहरुमा बिक्री गर्न लैजाँदा थोक बजारका नीजि व्यापारीहरुले कार्टेलिङ गर्ने गरेको अवस्थाबाट आफनो उत्पादनको उचित मूल्य पाउन नसकेको अवस्था रहेको छ । थोक व्यापारीहरु सबै मिलि बस्तुको मूल्य घटाई दिने जसले गर्दा सहकारीहरुले बाध्य भएर व्यापारीहरुले निर्धारण गरेको सस्तो मूल्यमा बिक्री गर्नुपर्ने बाध्यता रहेको छ । झन बिचौलियाहरुको उपस्थितिले गर्दा कृषकले आफनो लागत मूल्य उठाउन पनि धौंधौ पर्ने तर उपभोक्ताले चाहिँ चर्को मूल्य तिर्नु पर्ने बाध्यता रहेको छ ।

पनौती नगरपालिकामा कृषि सहकारीले तरकारी बेच्ने भनेपछि शेयर सदस्यहरुले ग्रेडिङ नगरि जथाभावी तल्लो ग्रेडको कृषि उपज पठाउने प्रवृतिले गर्दा बिक्रीको जिम्मा लिएको स्थानीय कृषि सहकारीले बजारमा बिक्री गर्न लैजाँदा अधिक क्षति नोक्सानी भएको अनुभव पनि सुनाएका छन्, जसले गर्दा राम्रो गुणस्तरको उत्पादनको समेत उचित मूल्य पाएको थिएन । आँबु खैरेनीका कृषि सहकारी संस्थाहरुलाई कृषि उपजको प्रशोधन तथा मूल्य श्रृंखला अभिबृद्धि सम्बन्धि प्राविधिक ज्ञानको अभावका कारणले गर्दा सिजनमा कृषि उपजहरु बिक्री हुन नसकि खेर फाल्नु परेको थियो । यसै गरी इलामका कृषि सहकारीले झापाको बजारसम्म तरकारी बिक्री गर्नका लागि आफनो ढुवानी साधान नभएको र भाडाको गाडी महँगो भएका कारणले सम्भव हुन सकेन । धेरै जसो कृषि सहकारीहरुको आफ्नो उत्पादनको व्यावसायिक योजना नभएको र कसैको भइहालेता पनि योजना अनुसारको काम हुने गरेको छैन ।

## व्यवसायिक खेती गर्न जग्गाको अभाव

धुनिवेशी नगरपालिकाका कृषकहरुले २०० रोपनीमा व्यावसायिक आलु खेती गर्न चाहेका थिए । तर त्यस क्षेत्रमा ईंटा भट्टाहरुले रोपनीको २० हजारसम्म भाडा प्रति रोपनी तिर्ने गरेकाले सहकारीहरुले जग्गा भाडा तिर्न आँट गर्न सकेनन् ।

## शीत भण्डारणको कमी

बिक्री नभई वा बिक्रि भई बढी भएको तरकारी तथा फलफूललाई केहि दिन थप भण्डारणपछि बेच्न वा कुनै कृषि उपजलाई सस्तोमा नबेचिकन केहि समयका लागि सुरक्षित भण्डारण गरी राम्रो मूल्य आएमा केहि समयपछि बेच्न शीत भण्डारणको ठूलो महत्व हुन्छ । विभिन्न प्रकारका कृषि उपज खास गरी फरक फरक तरकारी तथा फलफूलको शीत भण्डारणमा भण्डार गर्दा चाहिने तापक्रम, सापेक्षित आद्रता तथा समयावधि फरक हुने गर्दछ । यसका लागि शीत भण्डारणको राम्रो प्राविधिक ज्ञान हुन जरुरी छ । गत वर्ष मात्रै स्याङ्जाका कृषकले शीत भण्डारण गरेको करोडौंको सुन्तला कुहिएर गएको समाचार हामीले पढेका थियौं । प्राविधिक ज्ञानको कमीले गर्दा पनौती नगरपालिकाका कृषकहरुले शीत भण्डारण गरेको उत्पादनको गुणस्तरमा ह्रास आइ मूल्य पाउन सकेका थिएनन् ।

## कृषि तथा पशु बिमा

फिल्ड भ्रमणका क्रममा कृषि सहकारीका कृषकहरुले आफनो बाली तथा पशुपन्छीको बिमा कमै गरेको पाइयो । कृषकहरुलाई बिमाको प्रिमियमको शुल्कमा नेपाल सरकारले ८० प्रतिशत अनुदान दिन्छ भन्ने जानकारी हुँदा हुँदै पनि बिमा गरेको बाली वा पशुको क्षतिको बिमा दावी गर्ने प्रक्रिया

लामो र झञ्झटिलो भएकाले खासै रुचि देखाएको पाइएन । नेपाल सरकारले तोकिएका बिमा कम्पनीहरु बाली तथा पशु बिमालाई प्राथमिकता दिने गरेको पाइएन ।

### अनुदान लिन कठिनाई

अनुदानको विषय जहिले पनि विवादमा पर्ने गरेको गहन बिषय हो । अहिले संघ, प्रदेश र स्थानीय तहले आआफैं अनुदान रकम वितरण गर्दा कतिपयले दोहोरो अनुदान लिइरहेको र अनुदानको प्रभावकारिता नभएको गुनासो बढेको पाइएको छ । बिना समन्वय अनुदान वितरण गर्दा पहुँचवाला र राजनैतिक प्रभाव भएकाले पटक पटक पाउने त कसैले पाउँदै नपाउने गरेका छन् ।

पनौती नगरपालिकका किसानहरुले अनुदानमा प्रदान गरिने मेशिनरी औजार तथा बिऊहरु स्थानीय पालिकाले नै उच्च मूल्यमा सामाग्री खरिद गरि कृषकहरुलाई दिने गरेको तर यस्ता सामानहरुको उच्च मूल्य भए अनुसार गुणस्तरहिन पनि हुने पनि दावा गरे । उदाहरणका लागि ब्याट्रीबाट सञ्चालन गरिने स्प्रेयर कम गुणस्तरको हुनाले चाँडै बिग्रने गुनासो पोखेका थिए ।

भिमेश्वर नगरपालिकाका अधिकांश कृषि सहकारीहरु संघ तथा प्रदेश सरकार (खासगरी कृषि ज्ञान केन्द्र मार्फत) प्रदान गरिने अनुदानका कायक्रमहरुबारे जानकारी पाउने गर्दैनन् । जानकारीमा आएता पनि अनुदान लिनको लागि डकुमेन्टेशनको प्रक्रिया झञ्झटिलो हुने गरेको बताए । त्यस भेगका सहकारीहरु प्रदेशबाट पाउने अनुदानको आवेदन दिन हेटौडा जान र कृषि ज्ञान केन्द्र रामेछाप जान भौगोलिक दुरीको कारणले गर्दा अनुदान लिन प्रस्ताव पेश गर्न आउदा जाँदा खर्च र समय लाग्ने बताउँदछन । कुनै अनुदान लिन सहकारीले पनि केहि रकम लगानी गर्नुपर्ने शर्तका कारण पूँजी नभएका कृषि सहकारीहरु त्यस्ता अनुदानबाट बञ्चित हुने गर्दछन् ।

## ४.४.३ नेपालमा कृषि सहकारीहरुबाट सञ्चालन भएका कार्यक्रमहरु सञ्चालनमा भोग्नु परेको समस्याहरुको समाधानका सुझावहरु

### कष्टम हायरिंग सेन्टर

तीनै तहका सरकारले कृषि मेसिनरी तथा उपकरणहरुमा अनुदान दिंदा व्यक्तिगत किसानलाई दिनेभन्दा कृषि सहकारीलाई दिने नीति ल्याउनु पर्दछ । यसले सामूहिक खेती गर्नलाई पनि हौसला दिन्छ । अनुदान प्राप्त नहुने अवस्थामा कम ब्याज दरमा ऋण दिने वा बीऊ पूँजी दिने व्यवस्था गर्नुपर्दछ । यसरी कृषि सामाग्री तथा उपकरणहरुको व्यवस्थापन, सञ्चालन, कर्मचारीको खर्च तथा प्राविधिक ज्ञान निकै महत्वपूर्ण हुने हुँदा कृषि सहकारीलाई यस सम्बन्धि ज्ञान दिन पनि जरुरी छ ।

### रसायनिक मल वितरण

नेपालमा मललाई कृषि सहकारी मार्फत वितरण गर्ने कार्यविधि बनाई कृषि सहकारीलाई वितरणको जिम्मा दिने हो भने मल वितरणको समस्या केहि हदसम्म समाधान हुन सक्दछ । कार्यविधि विपरीत पक्षपाति ढंगले मल वितरण गर्ने सहकारीलाई कडा कारवाही गर्न पनि सरकारी निकाय पछि पर्नु हुन्न । कुनै पनि कृषि सहकारीमा सदस्य नरहेका किसानहरु मल पाउनका लागि भएपनि कृषि सहकारीको सदस्य बन्न बाध्य हुन्छन् । यसले गर्दा कृषि सहकारीमा शेयर सदस्यको संख्या बढ्न गई शेयर पूँजी र बचत रकम बढ्न गई सहकारीको पूँजी बृद्धि हुन जान्छ जसले गर्दा कृषि सहकारीले आफ्ना सदस्यहरुका व्यवसायिक लगानी गर्न उत्प्रेरित गर्न सक्दछ ।

### पूर्वाधारहरुको कमी

आवश्यक पूर्वाधारहरु निर्माण गर्नका लागि पालिकाले सक्षम कृषि सहकारीलाई सके अनुदान दिने नसके बीऊ पूँजीको बन्दोबस्त गर्नु पर्दछ अथवा कम ब्याज दरमा सफ्ट लोनको बन्दोबस्त गराउनु पर्दछ । केही कृषि सहकारी संस्था तथा कृषि समुहहरुले व्यवसायिक उत्पादन गर्दै आएकोले ति संस्थाहरुलाई कस्टम हायरिङ सेन्टर खोल्न आवश्यक मेशिनरी तथा औजारले सर्वसम्पन्न बनाई अन्य साना कृषि सहकारी संस्था तथा विभिन्न कृषक समुहहरुलाई सेवा प्रदान गर्न वातावरण मिलाउनु पर्दछ । शीत भण्डारणका लागि थ्री फेजको लाइनको विद्युत महशुल महँगो हुने भएको सम्बन्धित निकायबाट बिजुलीको महशुलमा अनुदानको व्यवस्था हुन सके उत्पादन तथा बजारीकरण लागत घट्न जाने हुन्छ ।

### बजारीकरणमा समस्या

कृषि सहकारीले कम्तीमा ३ देखि ५ वर्षको व्यावसायिक योजना बनाई कुन स्थानको कुन सदस्यले के उत्पादन गर्ने भनि विविध उत्पादनको कार्य योजना बनाउनु पर्दछ । यसरी विविधीकरण गर्दा एउटा सिजनमा सबै कृषक सदस्यले एउटै तरकारी वा कृषि उपज उत्पादन नगरी फरक फरक उत्पादन गर्ने हुँदा सबै तरकारीको उचित पाउने गर्दछन् । बिचौलियाको तह घटाउनका लागि सहकारी बजार प्रणाली स्थापना गर्न सके कृषकले पनि राम्रो मूल्य पाउने र उपभोक्ताले पनि सस्तोमा किन्न पाउने छन् । कृषकहरुले उत्पादन गरेका सबै गुणस्तरका बस्तुहरु एकै ठाउँमा मिसाएर बिक्री गर्दा राम्रो गुणस्तरले पनि भाउ नपाउने सम्भावना भएकोले कृषकहरुले आफनो उत्पादनलाई राम्रोसँग सफा गरी, ग्रेडिङ तथा प्याकेजिङ गरी बेच्न सिकाउनु पर्दछ ।

### व्यवसायिक खेती गर्न जग्गाको अभाव

व्यावसायिक खेती गर्न चाहने कृषि सहकारीलाई पालिकाले जग्गा उपलब्ध गराउने वा भाडा तिर्नका लागि अनुदान उपलब्ध गराउने । प्रत्येक सहकारीका आफना सदस्यहरुलाई समुहमा खेती गर्न प्रोत्साहित गर्ने ।

## शीत भण्डारणको कमी

कुनै पनि स्थानमा शीत भण्डारण स्थापना गर्न शुरुमा त्यसको क्षमताको बारेमा विस्तृत अध्ययन हुन जरुरी हुन्छ । त्यसकारण चाहिनेभन्दा बढीको क्षमताको शीत भण्डार स्थापना गर्दा लागत खर्च बढ्न जान्छ । शीत भण्डारण चलाउन प्राबिधिक ज्ञान नितान्त आवश्यक हुने भएकोले प्रत्येक कृषि सहकारीमा यसबारे तालिम दिन जरुरी हुन्छ । शीत भण्डार सञ्चालनका लागि बिजुली खर्च बढ्न गई लागत बढ्ने हुँदा सम्बन्धित निकायले बिजुलीमा अनुदान दिने व्यवस्था हुनु पर्दछ ।

## कृषि तथा पशु बिमा

नीजि बिमा कम्पनीका अतिरिक्त विषयगत कृषि सहकारीहरुले पनि कृषिको बिमा गर्न पाउने नीति ल्याउनु पर्दछ ताकि सहकारीले आफनै सदस्य कृषकहरुको बाली तथा पशुको बिमा गर्दा सदस्यले पनि विश्वास गर्ने वातावरण बन्दछ । आफना सदस्यहरुले तिरेको प्रिमियम रकमबाट पनि सहकारीको आम्दानीमा बृद्धि हुन सक्तछ ।

## अनुदान लिन कठिनाई

अनुदानको कार्यक्रम पारदर्शी बनाउनु पर्ने तथा यसको सूचना प्रत्येक कृषि सहकारीलाई जानकारी गराउनु पर्दछ । व्यक्तिगत किसानलाई भन्दा सहकारी मार्फत अनुदान दिंदा निकै नै प्रभावकारी हुन सक्तछ । यसको लागि तीनै तहका सरकारले पारदर्शी कार्यविधि बनाइ सहकारी मार्फत अनुदान दिने व्यवस्था मिलाउनु पर्दछ । कृषि सहकारीहरुले पनि उक्त अनुदान निष्पक्ष रुपमा आफना योग्य सदस्यलाई दिएका छन् की छैनन भनेर सम्बन्धित नियमक निकायले चाहिँ कडा रुपमा नियमन तथा अनुगमन गर्नु पर्दछ ।

सो समस्याहरुलाई तपसिलका चार्टमा प्रस्तुत गरिएको छ ।




सो समस्याहरु जिल्ला बमोजिम तपसिलका ग्राफमा प्रस्तुत गरिएको छ ।



# ५.० निष्कर्ष तथा सुझावहरु

## ५.१ निष्कर्ष

सहकारी क्षेत्रका विभिन्न आयामहरु र पक्षहरु जस्तैः सहकारी संघसंस्थाको संख्या, सदस्य संख्या, कुल शेयर पूँजी, कुल बचत रकम, कुल ऋण लगानी, प्रत्यक्ष रोजगारी आदिमा बागमती प्रदेश अग्रपङक्तिमा देखिएको छ भने उपरोक्त पक्षहरुमा कर्णाली प्रदेश निकै पछाडी रहेको पाइएको छ । समग्रमा हेर्दा, सहकारीहरु (कृषि सहकारी सहित) शहरीकरण र बढी जनसंख्या भएको ठाउँमा बढी केन्द्रित भई क्रियाशिल रहेको तर दुर्गम तथा न्यून जनसंख्या भएका क्षेत्रमा सहकारी क्षेत्रको उपस्थिति र गतिविधि निकै न्यून रहेको पाइएको छ । देशका सबै जिल्लाहरूमा सहकारीहरू छन्, तर तिनीहरू असमान रूपमा वितरित छन् । काठमाडौं उपत्यका र अन्य शहरी वा अर्ध-शहरी क्षेत्रहरूमा उच्च एकाग्रता (जहाँ बचत तथा ऋण सहकारी संस्थाहरू धेरै केन्द्रीत छन् र दुर्गम र पहाडी जिल्लाहरूमा धेरै कम उपस्थिति छ) करिब ३५% सहकारीहरु बागमती प्रदेश तथा सबभन्दा कम सुदूर पश्चिम प्रदेशमा मात्र ६% सहकारीको उपस्थिति छ । आउँदा दिनहरुमा सहकारी अभियानलाई केवल सुगम ठाउँ र सहरहरुमा मात्र केन्द्रीत नगरी दुर्गम क्षेत्र र गाउँहरुमा समेत सक्रिय बनाउन र उत्पादनशिल क्षेत्रमा काम गर्न प्रोत्साहन गर्नुपर्ने टड्कारो आवश्यकता देखिन्छ ।

विश्वभरी सहकारीको सिद्धान्तबाट खोलेका उदाहरणहरु हेर्दा सहकारीहरु कुनै पनि आर्थिक वा सामाजिक क्षेत्रका लागि उपयुक्त हुन्छ जस्तैः शिक्षा, स्वास्थ्य, अनुसन्धान वा संस्कृति जस्ता सामाजिक क्षेत्रहरूदेखि लिएर कृषि, ऊर्जा वा निर्माण जस्ता प्रख्यात मामिलाहरू लगायत आर्थिक गतिविधिहरूसम्म, पर्यटन, यातायात, उद्योग, हस्तकला, वातावरणीय सेवा, सडक निर्माण, सिँचाइ आदि । यि प्रत्येक क्षेत्रमा सदस्यताका आधारमा विभिन्न प्रकारका सहकारीहरू गठन भएको पाइन्छ (उदाहरणका लागि शिक्षामा शिक्षकहरूको सहकारी, अभिभावकको सहकारी, र विद्यार्थीहरुको सहकारी) वा गतिविधिको आधारमा गठन भएका सहकारीहरु (उदाहरणका लागि ऊर्जा उत्पादन गर्ने सहकारीहरू, ऊर्जा उपभोक्ताहरूको सहकारीहरू) । कृषि क्षेत्रको सन्दर्भमा, त्यहाँ सेवा र गतिविधिहरू तथा मूल्य श्रृखलाको एक विशाल दायरा छ जहाँ कृषि सहकारी गठन गर्न सकिन्छ । कृषिको मूल्य श्रृखलामा उत्पादनदेखि बजारीकरण हुँदै उपभोक्तासम्म अटाउने कुनै पनि पात्रहरुको सहकारी हुन सक्दछ । नेपालमा सामान्यतया कुनै पनि कृषि उत्पादनमा लागेका कृषकहरुको समुहले कृषि सहकारी स्थापना गरेको पाइन्छ ।

कानूनी तथा नीतिगत रुपमा हेर्दा नेपालमा कृषि सहकारी स्थापना गर्न गाह्रो छैन । वास्तवमा धेरैजसो नेपाली सहकारीहरु सीमित विषयहरूमा केन्द्रीत छन् जस्तै बचत तथा ऋण (क्रेडिट युनियन) सहकारी र कृषि सम्बन्धी गतिविधिहरूमा, विशेष गरी उत्पादनमा र थोरै हदसम्म, बजार र व्यापारमा केन्द्रीत सहकारीहरु छन् ।

हाल सञ्चालन भइरहेका कतिपय कृषि सहकारी संस्थाहरु रसायनिक मल वितरण गर्ने मुख्य प्रयोजनले स्थापना भएको देखिएको छ । थोरै बचत संकलनले शेयर सदस्यहरुको कृषिको विभिन्न कार्यक्रमहरु सञ्चालन गर्न मुख्य रुपमा पूँजिको अभाव, कर्मचारीलाई तलव दिन समेत अधिकांश कृषि सहकारीहरुलाई समस्या रहेको छ । जिल्लास्थित जिल्ला कृषि सहकारी सस्थाहरुको सदस्यता तथा आवद्दता नभएको कारणले गर्दा छाता संगठनको रुपमा जिल्ला कृषि सहकारी संघ धेरै जिल्लाहरुमा निष्कृय अवस्थामा रहेको छ । कृषि सहकारी संस्थाहरुको सञ्चालन तथा व्यवस्थापनमा देखिएका समस्याहरुको पैरवी तथा वकालत गर्न जिल्ला कृषि सहकारी संस्थाहरुलाई सकृय वनाउन संस्थाका पदाधिकारी तथा कर्मचारीहरुको क्षमता अभिबृद्धि कार्यक्रम, शिक्षा, तालिम र सूचनाको माध्यमबाट सहकारीको सैद्दान्तिक र कानूनी प्रकृया बारे व्यापक प्रचार प्रसार गरि सहकारीको महत्व सबै शेयर सदस्यहरुलाई जानकारी गराउनु पर्दछ ।

हाल कृषि सहकारी संस्थाहरुको मुख्य उद्देश्य उत्पादनमूखी कार्यक्रममा नै सिमित हुनु पर्नेमा अन्य काम (ऋण बचत संकलन) गर्नाले सदस्यहरुको लगानी जोखिममा पर्न गएको हालको सहकारी संस्थाहरुमा देखिएको समस्याले उजागर गरेको छ । तसर्थ सहकारी सस्थाहरुको नियमित अनुगमन सम्बन्धी निकाय, स्थानीय पालिका, प्रदेश तथा संघहरुले गर्नु पर्दछ ।

औंलामा गन्न सक्ने सफल कृषि सहकारी संस्थाहरुले उत्पादन तथा बजारीकरण गर्दा धेरै ऐन कानूनहरुले काम गर्न अवरोध पुराएकोले ति ऐन कानुनहरुलाई संशोधित गरि काम गर्ने वातावरण उपल्बध गराउनु पर्दछ ।

कृषि सहकारी संस्थाहरुलाई उत्पादनमूखी क्षमता अभिबृद्धि कार्यक्रम, लेखा व्यवस्थापन सम्वन्धी तालिम समय समयमा निःशुल्क रुपमा राष्ट्रिय सहकारी महासंघ तथा जिल्ला सहकारी संघले प्रदान गर्नुपर्नेमा शुल्क लिई तालिम सञ्चालन गर्नाले अधिकांश कृषि सहकारी संस्थाहरुले रकमको अभावमा तालिमहरुमा सहभागि हुन सकेको छैन ।

**सहकारी ऐन २०७४ मा भएको व्यवस्था अनुसार सवै सहकारी संघ संस्थाहरुको वार्षिक साधारण सभाहरु तोकिएकै समयमा गरिसक्नु पर्ने कानूनी व्यवस्था रहेको र जिल्ला कृषि सहकारी संस्थाहरुमा हाल देखिएका चुनौतीहरु तपसिल अनुसार रहेको छ ।**

क) अधिकांश सहकारी क्षेत्र पूर्ण व्यवसायिक बन्न नसकेका र सहकारी संस्थाहरुको व्यवस्थापन कमजोर रहको र प्रविधि मैत्री समेत वनाउन नसक्नु ।

ख) सहकारी संस्थाका सदस्यहरुका सहकारी शिक्षाको कमी रहेको छ भने संकलित पूँजी समेत उत्पादनशिल क्षेत्रमा परिचालित हुन नसक्नु ।

ग) सहकारी संस्कृति, मूल्य मान्यता र सिद्धान्तको प्रयोगमा एकरुपता नहुनु ।

घ) न्यूनपूँजीका कारण कृषि सहकारी संघ आफैले व्यवसायिक कारोवारलाई अगाडी वढाउन नसक्नु ।

ङ.) स्वपूँजी निर्माण गर्न आवश्यक प्रयासहरु नहुन र सदस्य संघ संस्थाहरुवाट समेत नियमित कारोवार नहुनु ।

च) कृषि सहकारी संघको आफ्नै छुट्टै व्यवस्थित कार्यालय र पूर्णकालिन कर्मचारी नभएको कारण समयानुकूल प्रविधिहरुको उपयोग र सदस्यहरुसँगको नियमित सम्पर्क समन्वय गर्न नसक्नु ।

छ) सहकारीको नेतृत्वमा दक्ष सहकारीकर्मीहरुको कमजोर उपस्थिती ।

ज) आर्थिक संकुचनले गर्दा सदस्य संस्थाहरुमा तरलता अभाव भई संस्थाले आफना सदस्यहरुलाई व्यवसायिक ऋण लगानी गर्न नसक्नु ।

ञ) ऋण असुलीमा कमी आई भाखा नाधेको ऋणमा वृद्धि हुनु, साख सूचनाको प्रणालीलाई व्यवस्थित गर्न नसक्नु ।

ठ) संस्थाहरुमा शेयर पूँजी रकम कम हुनु । सहकारीहरु बीच आपसी एकता र सहकार्यको कमी ।

ड) सरकारी बजेट सहकारी क्षेत्रमा कम मात्र विनियोजन हुनु । सहकारीलाई लाग्ने स्थानीय तथा संघीय कर छुटलाई व्यवस्थित नगरिएको ।

ढ) सहकारी एकीकरण गर्नुको सट्टा नयाँ संस्थाहरु दर्ता हुने र दोहोरो सदस्यता कायमै रहनु ।

ण) सहकारी संस्थाहरुमा प्रविधिमैत्री दक्ष जनशक्ति नहुनु ।

माथि उल्लेखित कृषि सहकारीहरुको कमजोरी वा चुनौतीलाई मध्यनजर गर्दै यस अध्ययनमा गरिएको विभिन्न छलफल एवं अध्ययनबाट तपशिल बमोजिका सुझावहरु प्रस्तुत गरिएका छन् ।

## ५.२ विश्लेषणात्मक सुझावहरु

संविधानका धारा तथा अनुसूचिहरुमा सहकारीले यसरी स्थान पाउनु संयोग मात्र होईन । सहकारी हाम्रा अपेक्षाहरुको एक महत्वपूर्ण सम्भाग बनेको छ । सहकारीलाई समग्र देशको आर्थिक, सामाजिक विकासको बलियो खम्वाको रुपमा स्थापित गराउन स्थानीय तहका सरकारहरुले स्थानीय स्रोत साधन, सिप, पूँजी, प्रविधि, ज्ञान, अनुभवको परिचालन, सदुपयोग गरि सहकारी क्षेत्रलाई स्वरोजगारमूलक, उत्पादनमूलक क्षेत्रको आधार बनाउन तदअनुरुपको कानून नीति, योजना बनाउनु पर्ने देखिन्छ । त्यसैगरी प्रदेश सहकारी अभियानलाई अगाडि वढाउने एवं क्षेत्रीय स्तरका सहकारीको उत्पादन प्रशोधन तथा बजारसँग दीगो सम्वन्ध स्थापित गर्ने नीति, कानून योजना बनाउनु लाभकर हुने देखिन्छ । संघले एक भन्दा बढी प्रदेश स्तरसम्म सहकारी क्षेत्रको अभियानलाई के कसरी विकास गर्दा उपयूक्त हुन्छ र सहकारीको विकास मार्फत सहकारी क्षेत्रको उत्पादनको बजारीकरण कसरी गर्न सकिन्छ भन्ने विषयमा केन्द्रीय नीति, कानून, योजना वनाउनु आवश्यक छ । संघले सहकारी क्षेत्रका मुख्य विषयहरुमा एकरुपता कायम गराउनका लागि केन्द्र (संघ) स्तरवाट मापदण्डहरु लागु गराउन विशेष भूमिका निर्वाह गर्नुपर्ने देखिन्छ । तसर्थ संघीय राज्य व्यवस्था अनुरुप सहकारी, क्षेत्रको समुचित विकास तथा व्यवस्थापनमा सफलता हासिल गर्न संघले केन्द्रीय मापदण्ड बनाई एकरुपता कायम गराउन प्रदेशले समन्वयकारी भूमिका निभाउन र स्थानीय तहले योजना निर्माण तथा कार्यान्वयन गरी जनताको घर दैलोमा सहकारीको प्रतिफल प्राप्त हुने वातावरण तयार गर्न संघ, प्रदेश र स्थानीय तहले आपसमा स्पष्ट नीति, कानून तथा योजनाहरु बनाई कार्यान्वयनमा ल्याउन जरुरी छ ।

कृषकहरुले उत्पादन भन्दा बजारीकरणमा बजारको ज्ञानको अभाव, चालु पूँजीको अभाव, बजारको पूर्वाधारको विकासको अभाव तथा वस्तुको मूल्य श्रृखला, मूल्य अभिबृद्धि, पोष्ट हार्भेष्ट क्षति नियन्त्रणको ज्ञानको अभावको कारणले गर्दा कृषि व्यवसायहरुमा कृषक स्वंय आफनो पहुँच नभएको कारणले गर्दा बिचौलियाहरुको प्रवेश आवश्यक भन्दा बढि संलग्नता भएको कारणले गर्दा बजारीकरण लागत बढि र बिचौलियाहरुले लिने बढि मूनाफाको कारणले गर्दा कृषकहरुले उचित मूल्य प्राप्त गर्न नसक्ने र अर्कातिर अन्तिम उपभोक्ता तथा ग्राहकहरुले बढि मूल्य तिर्नुपर्ने वाध्यता रहेको छ । यस किसिमको कृषकहरुको समस्यालाई समाधान गर्न समुह, बजार वा समुहहरुले निश्चित स्थानमा कृषि उपजहरु संकलन गरि संकलन केन्द्रको विकासबाट कृषकहरुले संकलन गरि आफनो उपजहरु व्यापारीहरुलाई विकी गर्ने अवसर उपलब्ध भएको छ यसरी समुहबाट सहकारी हुँदै कृषकहरु एक आपसमा आवद्ध भई सहकारी मार्फत बचत संकलन गर्दै कृषि तथा पशु लगायत विभिन्न विषयगत संघसंस्थाहरुको स्थापना गरी सामुहिक समस्याहरुको निराकरण गर्न ठूलो राहत महसुस गरेका छन् ।

कृषि क्षेत्रको विस्तार र साना पशुपालक कृषकहरुको व्यवसायिकरण गरी आयस्तरमा सुधार ल्याउने उद्देश्य सहित नेपाल सरकार मार्फत कार्यकमहरु सहकारीको ढाँचामा कार्यक्रमहरु सञ्चालन हुँदै आएको छ । परिणामको तहमा अपेक्षित उपलव्धि हासिल गर्नको लागि सामाजिक समावेशीकरण र लैङ्गिक न्यायोचितता जस्ता सबै संवेदनशिल विषयहरुलाई कार्यक्रमको सबै क्षेत्रहरुमा समाहित गर्न आवश्यक हुन्छ । सहकारी संस्थाको गठन मार्फत सहकारी र संस्थाका सदस्यहरुको क्षमता बृद्धि गरी लक्षित समुह तथा समुदायलाई परिचालन गरि निर्दिष्ट गरे अनुरुप लक्ष्य हासिल गर्ने अभिप्रायले कार्य क्षेत्रका कृषक समुह तथा सहकारीहरुमा महिला, दलित तथा जनजातिहरुलाई बढीभन्दा बढि समेटने प्रयास गरि विभिन्न कार्यक्रमहरु सहकारी संस्थाहरुले सञ्चालन गर्दै आएको छ र ति मध्ये सफल सहकारीहरु औंलामा गन्न सक्ने संख्यामा रहेको छ भने हाल नेपाल सरकारले सहकारीहरुलाई विभिन्न पूँजीगत तथा वस्तुगत अनुदान प्रदान गरे पश्चात सहकारीहरुले आफ्नो सेवा क्षेत्रलाई व्यापकता गर्दै विभिन्न विषयगत तथा वस्तुगत सहकारी संस्थाहरु गठन भई उत्पादन, बजारीकरण, प्रशोधन लगायत शिक्षा, स्वास्थ्य तथा व्यवसाय क्षेत्रमा (पेट्रोल पम्प सञ्चालन, तोरीको तेल पेल्ने, जडिबुटी प्रशोधन चितवन जिल्ला) विभिन्न सेवा सुविधाहरु गर्दै अगाडि बढिरहेका छन् । तीन तहको सरकारमा समष्टिगत रुपमा अध्ययन तथा छलफलबाट प्राप्त तपशिल अनुसारको सुझाव प्रस्तुत गरिएको छ ।

### ५.२. १ संघिय तह

तल दिइएका केहि सुझावहरु प्रदेश, जिल्ला तथा स्थानीय तहमा पनि लागु हुन सक्दछन् ।

## उत्पादनमूलक सहकारीलाई बढावा दिने

आजकल नेपालमा बचत तथा ऋण सहकारीहरु प्रशस्तै छन्, जबकि कृषि र अन्य उत्पादन सहकारीहरूको उपस्थिति अपेक्षाकृत सीमित छ । वास्तवमा, नेपालमा सहकारी विकासको वास्तविक आधार छोटो अवधिको ऋणमा पहुँच प्रदान गर्नु होइन, तर उत्पादकहरूलाई बजारसँग जोड्नु नै ठूलो अर्थतन्त्र सिर्जना गर्नु हो । छोटो अवधिको ऋण, यदि उत्पादन गतिविधिहरूमा निर्देशित गरिएको छैन भने, सजिलै मुद्रास्फीति र थप सामाजिक विचलनका रुपमा परिणत हुन सक्छ (जस्तै रेमिटेन्स प्राप्त गर्नेहरूले तिनीहरूलाई उत्पादनशिल लगानीको सट्टा उपभोक्ताहरूको वस्तु र वास्तविक राज्यमा लगानी गर्ने) । नेपाल जस्तो कृषि प्रधान देशमा कृषि सहकारी एक उत्पादनमूलक सहकारी हो । कृषि क्षेत्रले नेपालको कुल ग्राहस्थ उत्पादनको २० प्रतिशत योगदान दिने भएकोले कृषि सहकारीलाई बढावा वा प्रोत्साहित गर्न जरुरी छ ।

## कृषि सहकारीहरू स्वेच्छिक रूपमा स्थापित हुनुपर्ने

सहकारी भनेको स्वैच्छिक संस्था हो । कुनै पनि परिस्थितिमा क्षणिक लोभ देखाएर कुनै पनि संस्था, परियोजना वा कार्यक्रमहरूले सहकारी स्थापना गर्न वा विद्यमान सहकारीको हिस्सा बन्न बाध्य पार्नु हुँदैन । नेपालमा धेरै जसो अनुदानहरु कृषि सहकारी मार्फत दिने गरिन्छ । किसानहरुले यस्ता अनुदान वा सहयोग पाउन सहकारीको सदस्य बन्न अपरिहार्य बन्दछ । यसरी क्षणिक स्वार्थका लागि सहकारी सदस्य बन्नेले सहकारीलाई आत्मसात गर्न सक्दैनन् किन भने यस्ता सहकारीहरु अनुदान लिन छोटो अवधिको लागि मात्रै सक्रिय हुन्छन् ।

## कृषि सहकारी गठन प्रक्रिया

राम्रोसँग काम गर्ने सहकारीहरू स्थापना गर्नु लामो र जटिल प्रक्रिया हो । कुनै पनि पूर्व योजना विना क्षणिक फाइदाका लागि बनाइएका कृषि सहकारीहरु आफनो अनुभवको कमीले गर्दा सफल हुन सक्दैनन् । अनौपचारिक रुपमा गठन भई लामो समयसम्म अनुभव कमाएका किसान समुहलाई सहकारीमा दर्ता गर्ने हो भने यस्ता कृषि सहकारीहरु सफल हुने सम्भावना बढी हुन्छ ।

## क्षमता अभिबृद्धि

नयाँ कृषि प्रविधि तथा व्यवस्थापनका नयाँ आयामहरुलाई आत्मसात गर्दै लान सकियो भने कृषि सहकारीहरु क्षमतावान् बन्दै जान्छन् । सिक्ने भन्ने प्रक्रिया निरन्तर चलिरहन्छ । त्यसैले तालिम प्याकेजमा सहकारीको सिद्धान्त र आचार संहिता लगायत सहकारीका नेता, सदस्य, प्रबन्धक र कर्मचारीको क्षमता अभिवृद्धिका लागि आवश्यक पर्ने सबै पक्षहरू समावेश हुनुपर्छ । सहकारीका सिद्धान्त, सुशासन, कर र वित्तीय मुद्दाहरु, लेखा, सामाजिक उत्तरदायित्व, कृषि उत्पादन तथा बजारीकरणका ज्ञानहरु कृषि सहकारीका सदस्यसँग हुनु अति जरुरी छ ।

## राम्रो सहकारीको छनौट

कुनै पनि कार्यक्रम वा परियोजनाले आफनो कार्यक्रम सञ्चालन गर्नका लागि मात्र भएपनि कृषि सहकारीलाई अनुदान वा सहयोग दिइन्छ भने यसको खासै प्रभावकारीता हुँदैन । आफनो कार्यक्रम कार्यान्वयन गर्न यस्ता संस्थाहरुले सहकारीहरूमा चारा छरे जस्तै सहयोग गर्नु भन्दा काम गरिरहेका असल र सक्षम कृषि सहकारीलाई एकमुष्ठ सहयोग गर्नु दूरदर्शि हुनेछ । यो नेपालको सन्दर्भमा विशेष गरी महत्वपूर्ण छ, जहाँ दर्ता भएका कृषि सहकारी संस्थाहरूको ठूलो संख्या वास्तवमा सञ्चालनमा छैन । सञ्चालित आयोजनाहरूले सहकारी प्रयासमा साँच्चै प्रतिबद्ध भएका र कसरी अगाडी बढ्ने, ठूलो अर्थतन्त्र हासिल गर्ने र बजारमा संलग्न हुने भन्ने ठोस आर्थिक विचार भएकाले सहयोग पाउन योग्यका सहकारीहरूलाई छनोट गर्ने प्रयास गर्नुपर्छ ।

प्रायः सम्भावित सहकारीहरूलाई छनौट गर्ने उत्तम तरिका भनेको प्रस्तावहरूको लागि आव्हान गर्नु हो । पहिले नै विशिष्ट आवश्यक मापदण्डहरू पूरा गर्ने सहकारीहरूलाई विशेष ग्राह्यता दिइनु पर्दछ ।

## सहकारी एकीकरणलाई प्रोत्साहित गर्ने

एउटै उद्देश्य लिई दर्ता भएका एक भन्दा बढी कृषि सहकारीलाई एकिकरण गर्नका लागि राज्यले प्रोत्साहित गर्नु पर्दछ । यसले गर्दा एकिकरण भएका सहकारीमा शेयर पूँजी तथा बचत रकम बढी हुने हुँदा पूँजी बृद्धि भई कृषि पेशालाई अझ बढी प्रभावकारी रुपमा व्यवसायिक बनाउन सकिन्छ । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र सहकारी विभागले पनि पछिल्लो समय सहकारीको एकिकरणलाई प्राथमिकता दिएको छ । यसबाट सहकारी संस्थाहरुको संख्या न्यूनीकरण भई नियमन प्रभावकारी हुने तथा उत्पादन र उत्पादकत्व बढ्ने देखिन्छ ।

सहकारी नियमावलीले सङ्घहरूको समेत एकिकरण गर्न सकिने व्यवस्था गरेको छ । कतिपय सङ्घहरू निष्क्रिय जस्तै र प्रयोजनहिन पनि देखिएको परिप्रेक्ष्यमा यो व्यवस्थाले सङ्घहरूको संख्या घटाउने र सशक्त बनाउने देखिएको छ । विषयगत कार्य मिल्ने गरी सङ्घहरूको एकिकरण गर्नुपर्ने व्यवस्था अनुसार हाल कायम रहेका कृषिजन्य कारोवार गर्ने जस्तै जुनार, तरकारी तथा फलफूल, बिऊ विजन विषयका सहकारी केन्द्रीय सङ्घहरू कृषि सहकारी केन्द्रीय सङ्घसँग एकिकरण गर्न सकिन्छ ।

## सन्दर्भ ब्याजदर अरु वाणिज्य बैंकको दर रेट आधारमा समायोजन गर्ने

पहिलो पटक सहकारी ऐन बमोजिम कर्जामा १६ प्रतिशतको अधिकतम सीमा कायम हुने गरी सन्दर्भ ब्याजदर घोषणा र लागु गरिएको थियो । ऋण र बचतको ब्याजदरको अन्तर बढिमा ६ प्रतिशत हुनु पर्दछ । सन्दर्भ ब्याजदर निर्धारण तथा सिफारिस समितिको मिति २०७७/०६/०५ को निर्णय बमोजिम सहकारी ऐन, २०७४ को दफा ५१ र सहकारी नियमावली, २०७५ को नियम २३ मा तोकिएका आधार र सामान्य भार समेतका आधारमा मिति २०७७ कार्तिक १५ गतेदेखि लागु हुने गरी सहकारी संस्थाहरुले ऋण लगानीमा लिने अधिकतम् ब्याजदर १४.७५ प्रतिशतमा नबढ्ने गरी तथा बचत र ऋणको ब्याजदरको अन्तर ६ (छ) प्रतिशत भन्दा घटी रहने गरी सन्दर्भ ब्याज दर तोकिएको थियो ।

मुलुकमा तरलताको अभावको कारणले विभिन्न बैंकहरुले निक्षेप आकर्षित गर्न बचतमा ब्याज दर बढाउने गर्दछन् । तर सहकारीको हकमा सन्दर्भ ब्याज (ऋण) दर तोकिएभन्दा बढी ब्याज लिन सक्दैनन् । वाणिज्य बैंकहरूको लागि यस्तो कुनै सन्दर्भ दर छैन । वाणिज्य बैंकहरूमा मुद्दती निक्षेपको ब्याजदर बढाउँदा निक्षेप र कर्जाको दर बीच निकै साँघुरो मार्जिन रहन जाने हुँदा सहकारीलाई यति न्यून मार्जिनमा बाँच्न निकै गाह्रो हुन्छ, अझ खास गरी उत्पादनमूलक कृषि सहकारी जस्तालाई । यसो गर्दा सहकारी सदस्यहरुले आफनो सहकारीमा बचत नगरीकन वाणिज्य बैंकहरुमा रकम जम्मा गर्दा सहकारीको बचत पूँजी कम भै लागानीयूक्त वातावरण बनाउन सक्दैनन् । त्यसैले सहकारीको सन्दर्भ ब्याज दर बजारमा बाणिज्य बैंकको ब्याजका आधारमा समायोजन गर्ने प्रावधान हुनु पर्दछ ।

## एकद्धार प्रणालीद्वारा अनुदान वितरण

एकद्वार प्रणालीको नीतिलाई अझ राम्रोसँग कायम गर्न आवश्यक छ जसमा प्रदेश सरकार त्यति चासो दिइएको पाइएको छैन । यसका लागि नगरपालिका, गाउँपालिका र विकास संस्थाहरू बीच थप समन्वय र सहकार्य हुन जरुरी छ । प्रत्येक त्रैमासिकमा प्रदेश र नगरपालिकाहरू बीच आयोजना हुने समन्वय बैठकहरू औपचारिकताका लागि मात्रै सिमित नराखिकन साँच्चै तालमेलको विकास गर्न सके अझ बढी प्रभावकारी हुन सक्थ्यो । एकद्वार प्रणालीको अभावमा कार्यक्रम, बजेट र लाभग्राहीहरू दोहोरिने र साँच्चिकै सहयोग चाहिने गरीव किसानहरू वञ्चित हुने गरेका छन् । विभिन्न संघ प्रदेश तथा पालिकावाट प्रदान गरिने अनुदान सही कृषकहरुमा पुग्न नसकेकोले एकद्धार प्रणालीको आधारमा अनुदान दिने व्यवस्था हुनु पर्दछ । पालिका स्तरमा एकद्वार प्रणालीलाई सुदृढ गर्न प्रदेश सरकारले कडा संयन्त्र बनाउन जरुरी छ । आफनै क्षेत्रमा धेरै कार्यक्रमहरू चलिरहने र पालिकाहरु ति बारे अनभिज्ञ रहने गर्दछन्, जसले गर्दा कुनै कार्य दोहोरीने र कुनै चाहिएको कार्यक्रम आवश्यक पर्ने किसानहरुले नपाउने जस्ता अवस्थाको सिर्जना हुने भएकोले यस्ता विभिन्न कार्यक्रमहरू र परियोजनाहरू बीच तालमेलको जरुरी छ ।

## सहकारी संस्थाहरुलाई दिइने अनुदानमा कृषि सहकारीलाई प्राथमिकता दिइनु पर्ने

विभागबाट प्रदान गरिने कार्यक्रम अनुदान, राष्ट्रिय सहकारी महासंघ, केन्द्रीय विषयगत संघ, जिल्ला सहकारी संघ तथा जिल्ला विषयगत संघहरुलाई मात्र सिमित नराखिकन ठूलो लगानी गरी कृषि उत्पादन, बजारीकरणमा लागेका कृषि तथा कृषिसँग सम्बन्धित बिषयगत सहकारीलाई पनि दिने व्यवस्था हुनु पर्दछ । बीऊ पूँजी अनुदान रोजगार पाउने संस्थाका आधारमा अधिकतम सात लाख पचास हजार र महिलाबाट मात्र सञ्चालित सहकारी संस्थालाई अधिकतम सीमा जम्मा नौ लाख ननाघ्ने गरी अनुदान उपलब्ध गराउन सकिने व्यवस्था रहेको छ । उक्त बीऊ पूँजी रोजगार पाउनेको आधारभन्दा पनि कृषि उत्पादन तथा बिक्री गरी बढीभन्दा बढी किसानलाई फाइदा पुऱ्याएको आधारमा दिनु पर्दछ । त्यस्तै पूँजीगत अनुदान  कृषि तथा कृषि कर्म गर्ने विषयगत तथा बहुउद्देश्यीय प्रारम्भिक सहकारीहरुलाई प्राथमिकता दिइनु पर्दछ ।

## एक व्यक्ति एक सहकारी

सहकारी ऐन, २०७४ को दफा ३२ को उपदफा (१) मा कुनै व्यक्ति एक स्थानीय तहको एकै प्रकृतिका एकभन्दा बढी संस्थाको सदस्य हुन नपाउने र ऐन प्रारम्भ हुनुअघि त्यसरी एकभन्दा बढी संस्थाको सदस्य रहेको भए तीन वर्षभित्र कुनै एक संस्थाको मात्र सदस्यता कायम राख्नु पर्ने व्यवस्था छ । सहकारी ऐन, २०७४ मिति २०७४ साल कात्तिक १ गतेदेखि जारी भएकाले कसैले एकै स्थानीय तहभित्र कार्य सञ्चालन गरिरहेका एकै प्रकृतिका एकभन्दा बढी सहकारी संस्थाहरूको सदस्यता लिएको भए २०७७ साल असोज मसान्तभित्रै आफूले छनौट गरेको कुनै एकमात्र सहकारी संस्थाको सदस्यता कायम राखी अन्य सहकारी संस्था वा संस्थाहरूको सदस्यता अन्त्य गर्नुपर्ने थियो । सहकारी नियामक निकायहरुले एक व्यक्ति एक सहकारीको धारणा अनुरुप कार्य भएको छ की छैन भनी तदारुकताका साथ नियमन गर्नु पर्दछ । यसले गर्दा एकै जना व्यक्तिले विभिन्न सहकारीको सदस्यता लिई शेयर तथा बचत रकम छरिएर बाँडिने हुँदा त्यस्ता सहकारीमा लगानी गर्ने प्रयाप्त पूँजी हुँदैन । एक व्यक्ति एक सहकारीको अवधारणाले सहकारीहरु पनि एकिकरणमा जान बाध्य भई सहकारीको संख्या पनि घट्ने र बढी पूँजी पनि संकलन भई उत्पादनशिल व्यवसायमा लगानी गर्ने वातावरण श्रृजना हुने छ ।

## दुर्गम ठाउँमा सहकारी दर्ताका लागि प्रोत्साहित गर्ने

सहकारी क्षेत्रका विभिन्न आयामहरु र पक्षहरु जस्तैः सहकारी संघसंस्था (कृषि सहकारी सहित) को संख्या, सदस्य संस्था, कुल शेयर पूँजी, कुल बचत रकम, कुल ऋण लगानी, प्रत्यक्ष रोजगारी आदिमा बागमती प्रदेश अग्रपङ्क्तिमा देखिएको छ, भने उपरोक्त पक्षहरुमा कर्णाली प्रदेश निकै पछाडि रहेको पाइएको छ । समग्रमा हेर्दा, सहकारीहरु शहरीकरण र बढी जनसंख्या भएको ठाउँमा बढी केन्द्रीत भई क्रियाशिल रहेको तर दुर्गम तथा न्यून जनसंख्या भएका क्षेत्रमा सहकारी क्षेत्रको उपस्थिति र गतिविधि निकै न्यून भएको तथ्य यस अध्ययनले उजागर गरेको छ । आउँदा दिनहरुमा सहकारी अभियानलाई केवल सुगम ठाउँ र शहरहरुमा मात्र केन्द्रीत नगरी दुर्गम क्षेत्र र गाउँहरुमा समेत सक्रिय बनाउन र उत्पादनशिल क्षेत्रमा काम गर्न प्रोत्साहन गर्नुपर्ने टड्कारो आवश्यकता देखिन्छ ।

## अनिवार्य व्यावसायिक योजना

व्यावसायिक योजना एक लिखित दस्तावेज हो जसले व्यवसाय गर्ने व्यक्ति/कृषकको उद्देश्यहरू र लक्ष्यहरू कसरी प्राप्त गर्न सकिन्छ भनेर दिशानिर्देश गर्दछ । कुनै पनि वस्तु अथवा सेवा उत्पादन गर्दा सुरुमा पूँजी लगानीको आवश्यकता पर्दछ । यो लगानी आवश्यक पूर्वाधार, मेसिनरी सामान, कच्चा पदार्थ, मानवीय स्रोत (दक्ष तथा अर्धदक्ष कामदार) परिचालनका लागि आवश्यकता पर्दछ । आफूले उत्पादन गरेका सेवा तथा वस्तुहरूलाई कसरी उपभोक्ता समक्ष पुऱ्याउने भन्ने बजारीकरण तथा प्रवर्धनका प्रक्रियाहरू एकदम महत्वपूर्ण विषयहरू हुन् । त्यसैले सहकारीलाई आर्थिक गतिविधिको लागि आर्थिक भावना देखाउने व्यावसायिक योजना विना कुनै सहयोग उपलब्ध गराउनु हुँदैन । उत्पादनमूलक सहकारीहरूलाई नतिजा प्रदान गर्न र किसानहरूको जीवनस्तर सुधार गर्न लगानी चाहिन्छ । यि नतिजाहरू राम्रोसँग उचित व्यावसायिक योजनाको साथ अनुमान गर्न सकिन्छ ।

### कृषि सहकारीहरुलाई कृषि बजारको जिम्मा दिने

पूर्वमा झापादेखि पश्चिम कञ्चनपुरसम्म हेर्दा अहिले कृषि सहकारीले विभिन्न कृषि उत्पादन, भण्डारण तथा बजारीकरणका प्रविधि भित्र्याएका छन् जुन किसान एक्लैले भित्र्याउन सम्भव छैन । तर सहकारीले ल्याएका ति प्रविधिको प्रयोग भने सस्तो र कृषि उत्पादन बढाउनका लागि लाभदायक भएको पाइन्छ । हरेक कुरामा अब्बल कृषि सहकारी र उसका सदस्यहरुले आफनो उत्पादन बेच्ने बजार भने अहिलेसम्म पाउन सकेका छैनन् । अहिलेको अवस्थामा स्थानीय सरकारले पनि कृषि उत्पादन र उत्पाकत्व बढाउने र प्रविधिको प्रयोगमा जोड दिने नारा र कार्यक्रम ल्याएका छन् । तर उत्पादन भएका कृषि तथा पशुपन्छीको उपजलाई कहाँ बेच्ने भन्ने कमै मात्रले सोचेका छन् । आफुलाई कृषि उत्पादनमा सक्षम रहेको प्रमाणीत गरेर देखाइ सकेका कृषि सहकारीहरुको आफ्नै बजार सञ्चालन गर्ने क्षमता र ज्ञान छ । उनीहरु आफ्नै बजार सञ्चालन गर्न चाहन्छन् तर त्यो अवसर राज्यले दिनुपर्छ । प्रारम्भिक सहकारीले उत्पादनमा जोड दिनुपर्ने र संघहरुले बजारीकरणमा ध्यान दिनुपर्दछ ।

### सहकारी ऐनसँग बाझिएका ऐनहरु यथाशक्य चाँडै संशोधन गर्ने

राष्ट्रिय सहकारी महासंघले सहकारी ऐनसँग बाझिएका ४७ वटा ऐन संशोधन गर्नुपर्ने बुँदाहरू (अनुसूची १) सम्बन्धित भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयमा बुझाएको तर त्यसको टुंगो लागेको छैन । ती मध्ये करीव २४ वटा सिधै कृषिसँग पनि सम्बन्धित छन् । यस्ता बाझिएका ऐनहरुलाई सकेसम्म चाँडै सम्बन्धित निकायहरु छलफलमा बसी चाँडै टुंगो लगाउनु पर्दछ ।

### सहकारी बजार विकास कार्यक्रमलाई निरन्तरता दिने

नेपाल सरकार भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय र संयुक्त राष्ट्र संघीय विकास कार्यक्रमद्वारा सन् २०१८ देखि सन् २०२२ सम्म सञ्चालित सहकारी बजार विकास कार्यक्रमको बीचमा कोरोनाका कारणले कार्यक्रम सञ्चालनमा समस्या उत्पन्न भई आशातित उपलब्धी हासिल हुन नसकेको तर त्यसका सफल पक्ष तथा कमजोर पक्षहरु केलाई के कति कारणले सहकारी बजार प्रणाली सफल हुन नसकेको हो अध्ययन गरी सफल पक्षलाई निरन्तरता दिई कमजोर पक्षलाई सुधार गर्दै लाने । यस्तै प्रकृतिको कार्यक्रम नेपाल कृषि सहकारी केन्द्रीय संघ लि.ले नेतृत्व लिई पुनरावृत्ति गर्ने जसका लागि नेपाल सरकारले दातृ निकायहरुसँग सहजिकरण गरिदिने । राष्ट्रिय सहकारी महासंघ अथवा कृषिमा काम गरी रहेको नेपाल कृषि सहकारी केन्द्रीय संघ लि. को अगुवाइमा विशिष्टकृत कृषि सहकारी बजार संघ खडा गरी देश भर उत्पादन भएको कृषिको उत्पादनलाई सहकारी बजार प्रणालीमा आबद्ध गराउने । यसका लागि नेपाल सरकारले विभिन्न दातृ निकायसँग सहयोगका लागि सहजीकरण गरीदिने ।

### आयातित बिदेशी कृषि उपजको नियमन गर्ने

नेपालको कृषि क्षेत्रलाई ग्राह्यता दिन तेश्रो मुलुकबाट आयात हुने फलफूल तथा तरकारीहरुको विषादी परिक्षण र आयातमा रोक लगाउन पहल गरि नेपालको उत्पादनलाई प्राथमिकता दिनुपर्ने । भारत लगायत अन्य मुलुकबाट आयात हुने वस्तुलाई निरुत्साहित गर्न संघीय सरकारले योजना र किसानमैत्री नीति बनाउनु पर्छ ।

### उत्पादनको आधारमा अनुदान दिने

राज्यले कृषकहरुको उत्पादनलाई संरक्षण गर्न उत्पादनको लागत र बजार मूल्यका आधारमा अनुदानको व्यवस्था मिलाईनु पर्ने नकि शुरुमा उत्पादन अगावै अनुदान दिने । यो व्यवस्था यस आर्थिक वर्ष २०८०/८१ को बजेटमा पनि सम्बोधन भई सकेको छ भने कार्यान्वयन गर्नका लागि कृषि तथा बजार विज्ञको सरसल्लाह र सुझावमा कार्यविधी बनाउनु पर्ने ।

### शित भण्डार सञ्चालनका लागि बिद्युत शुल्कमा अनुदान दिने

केही कृषि सहकारी संस्थाहरुबाट निर्माण गरिएका शीत भण्डारहरुमा लाग्ने बिद्युत शुल्क बढि भएकोले सरकारले शुरुका केहि वर्षसम्म राम्ररी सञ्चालनमा नआएसम्म राज्यवाट वा नेपाल विधुत प्राधिकरणबाट छुटको व्यवस्था गरिनु पर्ने र शीत भण्डार सञ्चालनमा आएपनि नआएपनि थ्रिफिजको लाईन जोडेपछि तिर्नुपर्ने न्यूनतम शुल्क बढि भएकोले यसको व्यवस्थापन गरिनु पर्ने ।

## ५.२.२ प्रदेश तह

### कानूनी पक्ष

सहकारी क्षेत्रको विकास लागि  प्रदेश तहमा आवश्यक कानूनी व्यवस्था, दीर्घकालीन रणनीतिक योजना तर्जुमा सहकारी नीतिको तर्जुमा एवं उपयुक्त संगठन संरचनाको निर्माण गर्नुपर्ने ।

### व्यवस्थापकिय एवं कार्यान्वयन पक्ष

- सहकारी  संस्थाहरुको व्यवस्थापनमा दक्षता अभिवृद्धि गर्न आवश्यक तालिमको व्यवस्था गर्नुपर्ने ।
- सहकारी व्यवस्थापन सूचना प्रणाली (MIS) को प्रयोगबाट अनुगमन तथा मूल्याङ्कन कार्यलाई प्रभावकारी बनाउन सवै सहकारीहरुमा COPOMIS शुरु गर्नुपर्ने ।
- कृषि तथा ग्रामीण सहकारी संस्थाहरुको उत्पादनलाई बजारीकरण गर्नका लागि सघाउ पुऱ्याउन विभिन्न स्तरका बजार तथा बजार सूचना केन्द्रको विकासको शुरु गर्नुपर्ने ।

- सहकारीमा आवद्ध विपन्न महिला, सीमान्तकृत गरीव, अपाङ्गता भएका व्यक्ति भूमिहिन तथा पिछडिएको समुदाय र श्रमिकलाई स्वरोजगारमूलक उद्योग तथा व्यवसाय स्थापना गर्न आवश्यक पर्ने पूँजी र सिपमूलक तालिम उपलब्ध गराउने व्यवस्था मिलाउँदै लैजाने व्यवस्था मिलाउनु पर्ने ।
- सहकारीमा आवद्ध कृषकहरुलाई सहुलियत कर्जाका लागि कृषि सहकारी संस्थाहरुको स्वामित्व रहेको साना किसान, युवा स्वरोजगार, सहकारी बैंकहरु मार्फत पूँजी परिचालनमा प्रशस्त सहयोग पुऱ्याउने व्यवस्था मिलाउँदै लैजाने ।
- युवाहरलाई स्वदेशमै काम गर्ने वातावरण सिर्जना गर्न सहकारी मार्फत रोजगार सिर्जना कार्यक्रमको शुरुवात गर्ने वातावरण मिलाउनु पर्ने ।

**कृषि ज्ञान केन्द्रको कार्यक्रम सहकारी मैत्री बनाउनु पर्ने**

प्रदेश तहमा कृषि ज्ञान केन्द्र र सहकारी संघसंस्थाहरु बीच समन्वयको अभाव तड्कारो रुपमा देखिएको छ । कृषि ज्ञान केन्द्र तथा पालिकामा कृषि सहकारी संस्थाहरुसँग समन्वय पनि छैन र सहकारीहरुलाई प्राथमिकताका आधारमा वजेट प्रदान गर्ने चलन छैन । कृषि कार्यक्रमहरु सहकारी संस्थाहरुसँग व्यक्तिगत सम्पर्क, पहुँच तथा समन्वयको आधारमा एकोहोरो हिसावले कार्यक्रम सञ्चालन भएको पाइएको छ । कृषि ज्ञान केन्द्र मार्फत सहकारी कृषकहरुलाई चिस्यान केन्द्र सञ्चालनको लागि मर्मत संभारको प्रविधिको तालिम दिने तथा संकलन गरिएका बालीहरु नश हुने र पोष्ट हार्भेष्ट सम्बन्धि ज्ञान दिलाउने । कृषि ज्ञान केन्द्रले सहकारीहरुका लागि निकालेको विज्ञापन र सूचना जिल्ला सहकारी संघ तथा जिल्ला कृषि सहकारी संघ मार्फत सबै सहकारीहरुमा पऱ्याउनु पर्ने ।

**प्रदेश स्तरीय सहकारी कृषि बजार खोल्ने**

प्रदेश सरकारको भूमिकामा "अत्यावश्यक वस्तु तथा सेवाको आपूर्ति, वितरण, मूल्य नियन्त्रण, मापदण्ड र अनुगमन" समावेश हुने भएकाले प्रदेश सरकारले मूल्य निर्धारणको नियमन, प्रणाली र अनुगमनको विकास गर्नुपर्छ । सरकारले प्रणाली बनाएर धानको जस्तै फलफूल र तरकारीको न्यूनतम मूल्य तोक्नु पर्छ । सातैवटै प्रदेशमा सहकारी संघ संस्थाका कृषकहरुले उत्पादन गरेको कृषि उपज बजारीकरणका लागि कृषि ज्ञान केन्द्रको समन्वय प्रादेशिक सहकारी बजार खोल्ने ।

### ५.२.३ जिल्ला तह

**जिल्लास्तरीय कृषि सहकारी बजार निर्माण तथा सञ्चालनमा ल्याउने**

जिल्लाका विभिन्न कृषि सहकारीहरु बीच पारस्परिक सम्बन्ध कायम गरि आफनो क्षेत्रमा भएको उत्पादन अन्य कृषि सहकारीहरुलाई बिक्री गरी वस्तुको आदानप्रदान गरि वस्तुको उपलब्धताको व्यवस्था मिलाउन जिल्लास्तरको कृषि बजारको व्यवस्था गरिनु पर्ने र यसको लागि आवश्यक पूर्वाधार संकलन केन्द्र, भवन, ढुवानीका साधनहरु, चिस्यान केन्द्रको व्यवस्था गर्ने ।

**कृषि सहकारीहरुलाई जिल्ला सहकारी संघमा आबद्ध गराउने**

जिल्ला अन्तर्गत रहेका सबै सहकारीहरु (कृषि सहकारी सहित) लाई जिल्ला सहकारी संघमा आबद्ध गराउने । जिल्ला सहकारी संघको अगुवाइमा बिशिष्टकृत कृषि सहकारी बजार संघ खडा गरी जिल्ला भर उत्पादन भएको कृषिको उत्पादनलाई सहकारी बजार प्रणालीमा आबद्ध गराउने ।

**सहकारी बजार विकास कार्यक्रमद्वारा निर्मित सहकारी कृषि बजार सञ्चालनमा ल्याउन पहल गर्ने**

नेपाल सरकार भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय र संयुक्त राष्ट्रिय संघ विकास कार्यक्रमद्वारा सन् २०१८ देखि सन् २०२२ सम्म सञ्चालित सहकारी बजार विकास कार्यक्रमले चितवन, धादिङ, काभ्रे, ललितपुर तथा नुवाकोटमा यस कार्यक्रमको लागत साझेदारीमा स्थापित सहकारी बजारहरु धादिङ जिल्लामा बाहेक अन्य जिल्लामा पूर्ण सञ्चालनमा आई नसकेकोले राज्यले (संघीय तथा प्रादेशिक सरकारले) थप सहयोग प्रदान गरी पूर्ण रुपमा सञ्चालनमा ल्याउन मद्दत गर्ने ।

### ५.२.४ स्थानीय तह

**पालिकामा कृषि तथा सहकारी शाखामा सहकारी बुझेका समर्पित (dedicated) कर्मचारी राख्ने**

देश संघीय संरचनामा गई सकेपछि सहकारी डिभिजन खारेज भई स्थानीय स्तरका प्राथमिक सहकारीहरुको सम्पूर्ण जिम्मेवारी स्थानीय सरकारमा गएको छ । तर पालिकाको कृषि तथा सहकारी शाखामा सहकारी बुझेका समर्पित (dedicated) कर्मचारी नभएका कारण स्थानीय स्तरमा सहकारी अभियानले सोचे जस्तो गति लिन सकेको छैन । त्यसकारण स्थानीय सरकारले आफनो मातहतमा रहेका प्राथमिक सहकारीको आवश्यक नियमन, अनुगमन गर्न सहकारी बुझेको समर्पित कर्मचारी राख्नु पर्ने आवश्यकता महशुस भएको छ ।

**बांझो रहेको जग्गामा खेती सामुहिक खेती गर्न लगाउने**

एकै कार्य प्रकृति भएका कृषि सहकारीहरुलाई एकिकरण गर्दै उनीहरुलाई सामुहिक खेतीका लागि उत्प्रेरीत गर्नुपर्ने देखिन्छ । देशका युवाशक्ति कामको खोजीमा विदेशिने क्रम बढेकोले गाउँमा खेतीयोग्य जमीनहरु बाँझो रहने क्रम बढेको छ । कृषि व्यवसायमा आधुनिकिकरण गर्दै नयाँ प्रविधि भित्र्याउन एकल भन्दा सामुहिक खेतीबाट मात्र सम्भव भएकोले बाँझो रहेका जग्गाहरुमा सहकारीलाई सामुहिक खेती गर्न स्थानीय स्तरबाट अनुदानका कार्यक्रम अगाडी ल्याउनु पर्ने देखिन्छ । भूमिहिन कृषकहरुका लागि बाँझो रहेका सार्वजनिक जग्गाहरुमा कृषि उत्पादन बढाउनका लागि स्थानीय सरकारले लिजमा सामुहिक खेती गर्न लगाउनु पर्दछ ।

#### स्थानीय तहको बजेट तर्जुमाका सात चरणको योजनामा सहकारीलाई संलग्न गराउने

पालिकाले कृषि क्षेत्रलाई मध्यनजर राख्दै सहकारीको आवश्यक सरसल्लाहमा कृषि तथा सहकारीको योजना बनाउनु पर्छ । यसका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहको बजेट तर्जुमाका सात चरणको योजनामा सहकारीलाई अनिवार्य रुपमा संलग्न गराउनु पर्दछ । स्थानीय सरकारहरूले बजारको मागमा आधारित विविध प्रकारका तरकारीहरूको उत्पादनलाई बलियो बनाउन किसान समुह र कृषि सहकारीहरूको क्षमता अभिवृद्धि गर्न भूमिका खेल्नु पर्छ । यसो गर्दा कृषि सहकारी संस्थाहरुसँग समन्वय गरि राज्यले कुन कुन क्षेत्रमा के कति वस्तु उत्पादन हुन्छ सोको जनाकारी भई सो अनुसार कार्यकमका लागि बजेट छुट्याउन सजिलो हुन्छ । पालिकाको स्थान विशेष अनुसार कृषि कार्यक्रम सञ्चालन हुनु पर्ने (जस्तैः एक गाँउ एक उत्पादन, OVOP) अथवा एक सहकारी एक उत्पादनको कार्यक्रम ल्याउनु पर्ने ।

#### सहकारी मार्फत कृषकलाई अनुदान

स्थानीय स्तरको कृषि तथा पशुपालन सम्बन्धि सहयोग तथा अनुदानलाई व्यक्तिगत किसानलाई भन्दा सहकारीका सदस्यहरुलाई सहकारी मार्फत दिने व्यवस्था मिलाउनु पर्दछ । विभिन्न कृषि सहकारीहरु बीच पारस्परिक सम्बन्ध कायम गरि आफनो क्षेत्रमा भएको उत्पादन अन्य कृषि सहकारीहरुलाई बिक्री गरि वस्तुको आदान प्रदान गरि वस्तुको उपलब्धताको व्यवस्था मिलाउन पालिकास्तरको कृषि बजारको व्यवस्था गरिनु पर्ने र यसको लागि आवश्यक पूर्वाधार संकलन केन्द्र, भवन, ढुवानीका साधनहरु, चिस्यान केन्द्रको व्यवस्थापन गर्ने ।

वाँझो जग्गामा कर लगाउने नीतिको शुरुवात गर्ने ।

स्थानीय पालिकाहरुमा जग्गा वाँझो राख्ने जग्गा धनीहरुलाई खेती नगरी वाँझो राखेमा कर तथा जरिवानाको व्यवस्था गरि खेती गर्न चाहने सहकारी वा व्यक्ति वा समुहहरुलाई जग्गाको उपभोग गर्न दिनुपर्ने व्यवस्था मिलाई जग्गाको सदुपयोग गर्ने तर्फ पहल गर्नुपर्ने ।

### ५.२.५. प्राथमिक सहकारी तथा वस्तुगत सहकारी तह

#### कर्मचारीको क्षमता विकासमा ध्यान दिने

पूँजीको अभावका कारण धेरै जसो कृषि सहकारीहरुमा क्षमतावान् स्थायी कर्मचारीहरु राखिएको पाइन्दैन । कर्मचारीहरु पनि पार्ट टाइमका आधारमा राखिन्छ । यसले गर्दा सहकारीले आफना सदस्यहरुलाई नियमित रुपमा दिइनु पर्ने सेवाको गुणस्तरमा ह्रास आउँछ । आफना सदस्यहरुलाई सेवा दिने काम बाहेक अरु संस्थागत कामहरु अगाडी बढाउन पनि यसले बाधा पुयाउँदछ । त्यसकारण प्रत्येक सहकारीले आफनो संस्थामा सहि व्यक्तिलाई कर्मचारीमा नियुक्त गर्नुपर्ने देखिन्छ । यसका साथै काम गरिरहेका कर्मचारीहरुको क्षमता अभिबृद्धिका लागि पनि जोड दिनु पर्दछ ।

#### लगानीका लागि पूँजी बढाउने

कृषि सहकारीले आफना सदस्यहरुबाट नियमित बचत संकलन गरी त्यसरी संकलन भएको रकम आफना सदस्यहरुका लागि कृषि उत्पादनमा लगानी गर्न प्रेरित गर्नु पर्दछ । एकै प्रकृतिका कृषि सहकारीहरुको एकिकरण गरी पूँजी संकलन बढ्ने हुँदा सामुहिक खेती र बजारीकरणको जिम्मा पनि आफैले लिन सकिन्छ । सहकारीले कृषकलाई चाहिने आवश्यक सामाग्रीहरु (बीऊ, बेर्ना, मल, सिंचाइका सामान आदि) सुपथ मूल्यमा उधारोमा कृषकलाई बाँड्ने र तिनीहरुको उत्पादन बिक्रीका बेलामा पैसा कटाउने गरी Buy back guarantee को अवधारणामा काम गर्नु पर्दछ ।

#### व्यवसायिक योजना

योजना विनाको कार्य सफल हुँदैन । कुनै पनि व्यवसाय स्थापना गरी सञ्चालन गर्नका लागि आवश्यक पक्षहरू जस्तैः बजार, उत्पादन, खर्च तथा वित्त सम्बन्धी सम्पूर्ण पक्षहरूका बारे जानकार हुन जरुरी हुन्छ । व्यवसायिक योजना भनेको व्यवसायको ऐना हो । व्यवसायिक योजना हेरेपछि प्रस्तावित व्यवसाय के-कस्तो छ भन्ने कुरा छर्लङ्ग हुन्छ । त्यसैले व्यवसायिक योजनाले कुन वस्तु/सेवा उत्पादन गर्ने हो, कस्तो गुणस्तरको वस्तु/सेवा उत्पादन गर्ने हो, वस्तु/सेवाको बजार क्षेत्र कहाँ हो, बजार माग कस्तो छ, कति परिमाणमा उत्पादन गर्ने हो, मेसिन उपकरण के-कति चाहिन्छ, के-कस्ता कच्चा पदार्थ आवश्यक पर्दछ, के-कस्ता दक्षता भएका, कति कामदार चाहिन्छ, अन्य खर्चहरू के कति लाग्छ, कति पूँजी आवश्यक पर्दछ, लगानीको कति प्रतिफल पाउन सकिन्छ आदि जस्ता व्यवसाय सम्बन्धी उठ्ने प्रश्नहरूको जवाफ दिन्छ । त्यसकारण प्रत्येक व्यवसायिक सहकारीले कम्तीमा ३ देखि ५ वर्षको व्यवसायिक योजना बनाउनु पर्दछ ।

## ५.३ आगामी दिनमा गर्नुपर्ने कामहरु (Way Forward)

| क.सं. | काम | जिम्मेवार निकाय |
|---|---|---|
| १. | नयाँ कृषि सहकारी दर्ता भन्दा भएका कृषि सहकारीहरु मर्ज गर्दै लाने । | सहकारी विभाग, रजिष्ट्रारको कार्यालय |
| २. | सहकारी व्यवस्थापन, सञ्चालन तथा सहकारीको मूल्य मान्यताका बारेमा सहकारी सदस्यहरुलाई नियमित रुपमा तालिम दिने । | स्थानीय पालिकाका सहकारी शाखा तथा सहकारी विभाग |
| ३. | कृषि उत्पादन तथा उत्पादन पछिका कार्य (Post Harvest) का प्रविधिहरुको तालिम दिने | कृषि तथा पशुपन्छी विकास मन्त्रालय, नेपाल कृषि सहकारी केन्द्रीय संघ लि. |
| ४. | उत्पादन लागत घटाउन सुलभ ब्याजमा ऋण दिने | सहकारी विकास बैंक, वाणिज्य बैंकहरु |
| ५. | कृषि सहकारीलाई अनुदान वा सहयोग दिनका लागि एकद्वार प्रणाली लागु गर्ने तथा सहकारी मार्फत अनुदान दिने | सबै तहका कृषि तथा सहकारी मन्त्रालय, कृषि तथा सहकारी शाखा, कृषि ज्ञान केन्द्र |
| ६. | बजारीकरण मुख्य समस्या भएकोले सहकारी बजार प्रणालीको | नेपाल कृषि सहकारी केन्द्रिय संघ लि., सहकारी महासंघ, जिल्ला |

| | | |
|---|---|---|
| | विकास गर्ने ताकि सहकारीका सदस्य कृषकले आफनो उचित मूल्य पाओस् | सहकारी संघ, विषयगत सहकारी संघ |
| ७ | सहकारी कृषि बजार प्रणालीका लागि बिशिष्टिकृत सहकारी संघ खोलेर चलाउने | नेपाल कृषि सहकारी केन्द्रिय संघ लि., सहकारी महासंघ |
| ८. | सहकारी कृषि व्यवसाय प्रबर्धनसँग बाझिएका ऐनहरु संशोधन गर्ने तर्फ पहल गर्ने | सहकारी महासंघ तथा सम्बन्धित मन्त्रालयहरु |
| ९. | कृषि सहकारीलाई सामूहिक रुपमा बाँझो खेत तथा सार्वजनिक खेर गएका जग्गामा कृषि उत्पादन गर्न लगाउने | नगरपालिका तथा गाउँपालिका |
| १०. | गाउँपालिका वा नगरपालिकामा सहकारी बुझेका समर्पित (dedicated) कर्मचारी राख्ने | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| ११. | भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयमा सहकारी बजार मात्रै हेर्ने एउटा Cell स्थापना गर्ने | भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय |
| १२. | सहकारी बजार प्रणाली सम्बन्धि कार्यक्रम नेपाल कृषि सहकारी केन्द्रिय संघ लि.ले नेतृत्व लिई पुनरावृत्ति गर्ने जसका लागि नेपाल सरकारले दातृ निकायहरुसँग सहजिकरण गरिदिने । | भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय, कृषि तथा पशुपन्छी मन्त्रालय, विभिन्न दातृ निकाय (संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम सहित) |
| १३. | तेश्रो मुलुकबाट आयात हुने तरकारीहरुको विषादी परिक्षण र आयातमा रोक लगाउन पहल गरि नेपालको उत्पादनलाई प्राथमिकता दिनुपर्ने | प्लाण्ट क्वाराईटिनको कार्यालय, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय |
| १४. | कृषि सहकारीहरुलाई आफनो सदस्यहरुको बाली तथा पशु बिमा गर्न लगाउने | नेपाल बिमा प्राधिकरण, स्थानीय सरकार, जिल्ला कृषि सहकारी संघ |
| १५ | जिल्ला भित्रका विभिन्न विषयगत सहकारीहरुको अभिलेख राख्ने | विषयगत जिल्ला सहकारी संघ तथा जिल्ला सहकारी संघ |
| १६ | जिल्ला भित्रका कृषि सहकारी संस्थाहरुलाई जिल्ला कृषि सहकारी संस्थाको अनिवार्य रुपले सदस्य बनाउने | सहकारी विभाग/जिल्ला सहकारी संघ, जिल्ला कृषि सहकारी संघ |
| १७ | कृषि सहकारी संस्थाहरुलाई उद्यमशिलता विकास, व्यवसाय, योजना, रासायनिक मल तथा विषादिका विकल्पको रुपमा प्राकृतिक खेती सम्बन्धि तालिम दिने | कृषि तथा पशुपन्छी विकास मन्त्रालय, नेपाल कृषि सहकारी केन्द्रीय संघ लि. |
| १८ | कृषि सहकारी संस्थाहरुको समस्या बारे अध्ययन गरि आवश्यक सुझाव सहित सम्बन्धित मन्त्रालयहरुमा पेश गर्ने | राष्ट्रिय किसान आयोग |

# सन्दर्भ सामाग्री

सहकारी बुलेटिन, सहकारी बिभाग, २०७६, २०७७

सहकारी ऐन, २०७४ तथा सहकारी नियमावली, २०७५

सहकारी दर्पण २०७६

विस्तृत सहकारी तथ्याङ्क, २०७४ : *https://www.deoc.gov.np/downloadsdetail/3/2017/76236913/*

नेपालको संविधान २०७२

सहकारिता, प्रकाशक श्री सहकारी विभाग, २०७४

- राष्ट्रिय सहकारी महासंघद्वारा प्रकाशित सहकारी सन्देश सहित विभिन्न प्रकाशनहरु, https://www.ncfnepal.com.np/
- प्रदेश नं ३ मा सहकारी तथा गरिवी वस्तुस्थिति २०७५ तथ्यांक र विश्लेषण
- वागमती प्रदेशको सहकारी गतिविधी २०७९ असार
- सहकारी झलक २०७७, सहकारी विभाग
- कोशी प्रदेशः उद्योग, कृषि तथा सहकारी मन्त्रालयको वेभसाईट : https://moiac.koshi.gov.np/
- श्रोतः कृषि तथा पशुपन्छी विकास मन्त्रालय, हेटौंडाको वेभसाइट www.molmac.bagmati.gov.np
- भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय गण्डकीको वेभसाइट www.molmac.gandaki .gov.np
- विभिन्न जिल्लाका जिल्ला सहकारी संघहरुको वार्षिक साधारण सभा प्रतिवेदनहरु
- Support to the MoCPA on cooperative sector development, by UNDP with MoLCPA, 2016

# अनुसूची १ : अन्तर सम्बन्धित बाझिएका ४७ ऐनहरू मध्ये कृषिसँग सम्बन्धित ऐनहरु र सहकारी मैत्री बनाउन संशोधन गर्नुपर्ने बुँदाहरू

| क्र.सं. | ऐनको नाम | प्रस्तावित व्यवस्था | | शंसोधन गर्नुपर्ने |
|---|---|---|---|---|
| १. | **गरिवी निवारण कोष ऐन, २०६३** | **परिभाषाः २**<br>(घ) "सहयोगी संस्था" भन्नाले स्थानीय स्वायत्त शासन ऐन, २०५५ अन्तर्गतका स्थानीय निकाय सम्झनु पर्छ र सो शब्दले गरिवी निवारण कार्यक्रम सञ्चालन गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम स्थापित अन्य संस्था समेतलाई जनाउँछ। | | **परिभाषाः२**<br>(घ) "सहयोगी संस्था" भन्नाले स्थानीय स्वायत्त शासन ऐन, २०५५ अन्तर्गतका स्थानीय निकाय सम्झनु पर्छ र सो शब्दले गरिवी निवारण कार्यक्रम सञ्चालन गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम स्थापित सहकारी संघ/संस्था तथा राष्ट्रिय सहकारी बैंक वा अन्य संस्था समेतलाई जनाउँछ। |
| | | **दफा १०. सामुदायिक संस्थालाई परिचालन गर्ने**<br>(१) कोषबाट निर्धारित मापदण्ड पूरा गरेका समुदायमा आधारित भई गरिवी निवारण कार्यक्रम सञ्चालन गर्ने सामुदायिक संस्थालाई यस ऐन बमोजिम उद्देश्य प्राप्तिका लागि आवश्यक कार्यक्रम सञ्चालन गर्न आवश्यकता अनुसार कोषले परिचालन गर्न सक्नेछ।<br>(२) उपदफा (१) बमोजिम परिचालित हुन चाहने संस्थाले तोकिए बमाजिम कोषमा दर्ता गराउनु पर्नेछ।<br>(३) उपदफा (१) बमोजिम गरिवी निवारण कार्यक्रम सञ्चालन गर्नको लागि सामुदायिक संस्थालाई कोषले तोकिए बमोजिम अनुदान वा सहयोग उपलब्ध गराउन सक्नेछ। | | **दफा १०. सामुदायिक संस्थालाई परिचालन गर्ने**<br>(१) कोषबाट निर्धारित मापदण्ड पूरा गरेका समुदायमा आधारित भई गरिवी निवारण कार्यक्रम सञ्चालन गर्ने सामुदायिक संस्था वा सहकारी संघ/संस्था/राष्ट्रिय सहकारी बैंकलाई यस ऐन बमोजिम उद्देश्य प्राप्तिका लागि आवश्यक कार्यक्रम सञ्चालन गर्न आवश्यकता अनुसार कोषले परिचालन गर्न सक्नेछ।<br>(२) उपदफा(१) बमोजिम परिचालित हुन चाहने संस्थाले तोकिए बमाजिम कोषमा दर्ता गराउनु पर्नेछ।<br>(३) उपदफा (१) बमोजिम गरिवी निवारण कार्यक्रम सञ्चालन गर्नको लागि सामुदायिक संस्था वा सहकारी संघ/संस्था तथा राष्ट्रिय सहकारी बैंकलाई कोषले तोकिए बमोजिम अनुदान वा सहयोग उपलब्ध गराउन सक्नेछ। |
| २. | **विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४** | **दफा ६. कार्यकारी समितिको गठन**<br>(२) कार्यकारी समितिको गठन देहाय बमोजिम हुनेछ।<br>(ठ) अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ | | **दफा ६. कार्यकारी समितिको गठन**<br>(२) कार्यकारी समितिको गठन देहाय बमोजिम हुनेछ।<br>(ठ) अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ<br>(ठ१) अध्यक्ष, राष्ट्रिय सहकारी महासंघ लि. नेपाल |
| | | **दफा ८. कार्यकारी समितिको काम, कर्तव्य र अधिकार**<br>(घ) विपद् व्यवस्थापनका सम्वन्धमा सार्वजनिक, नीजि, गैरसरकारी लगायत सवै निकाय तथा संस्थाले निर्वाह गर्नुपर्ने भूमिका निर्धारण गर्ने तथा त्यस्ता संस्था वा निकायलाई आफ्नो नीति, योजना र कार्यक्रममा विपद् व्यवस्थापन सम्वन्धी विषय समावेश गर्न लगाउने,<br>**दफा ११. प्राधिकरणको काम, कर्तव्य र अधिकार**<br>(ङ) विपद् व्यवस्थापन सम्वन्धी कार्यमा गैर सरकारी संस्था, नीजि क्षेत्र एवंम् स्थानीय समुदायलाई संलग्न गर्ने, गराउने तथा तिनीहरूको कार्यमा समन्वय एवम् सहजीकरण गर्ने, | | **दफा ८. कार्यकारी समितिको काम, कर्तव्य र अधिकार**<br>(घ) विपद् व्यवस्थापनका सम्वन्धमा सार्वजनिक, नीजि, सहकारी तथा गैर सरकारी लगायत सवै निकाय तथा संस्थाले निर्वाह गर्नुपर्ने भूमिका निर्धारण गर्ने तथा त्यस्ता संस्था वा निकायलाई आफ्नो नीति, योजना र कार्यक्रममा विपद् व्यवस्थापन सम्वन्धी विषय समावेश गर्न लगाउने,<br>**दफा ११. प्राधिकरणको काम, कर्तव्य र अधिकार**<br>(ङ) विपद् व्यवस्थापन सम्वन्धी कार्यमा गैरसरकारी संस्था, नीजि र सहकारी क्षेत्र एवंम् स्थानीय समुदायलाई संलग्न गर्ने, गराउने तथा तिनीहरूको कार्यमा समन्वय एवम् सहजीकरण गर्ने, |
| ३. | **जग्गा प्राप्ती ऐन २०३४** | **२. परिभाषा :**<br>**(ङ)** संस्था भन्नाले प्रचलित कानून बमोजिम स्थापना वा गठन भएको कम्पनी, विकास समिति र संस्थान सम्झनु पर्छ। | | **२. परिभाषा :**<br>**(ङ)** संस्था भन्नाले प्रचलित कानून बमोजिम स्थापना वा गठन भएको कम्पनी, विकास समिति, सहकारी र संस्थान सम्झनु पर्छ। |
| ४. | **विमा ऐन २०४९** | **दफा २ परिभाषा.**<br>(घ) "वीमक" भन्नाले दफा १० वमोजिम दर्ता भएको संगठित संस्था सम्झनु पर्छ र सो शब्दले पुनर्विमकलाई समेत जनाउँछ। | | **दफा २ परिभाषा.**<br>(घ) "वीमक"दफा १० वमोजिम दर्ता भएको संगठित संस्था तथा सहकारी संघ/संस्था/राष्ट्रिय सहकारी बैंकलाई सम्झनु पर्छ र सो शब्दले पुनर्विमकलाई समेत जनाउँछ। |
| | | **दफा १०. वीमकको दर्ता**<br>(२) विमा व्यवसाय गर्न चाहने स्वदेशी तथा विदेशी संगठित संस्थाले समितिको कार्यालयमा बीमकको रुपमा आफ्नो नाम दर्ता गर्न तोकिएको ढांचामा देहायका कागजात संलग्न राखी तोकिएको दस्तूर सहित निवेदन दिनु पर्नेछ। | | **दफा १०. वीमकको दर्ता**<br>(२) विमा व्यवसाय गर्न चाहने स्वदेशी तथा विदेशी संगठित संस्था वा सहकारी संघ/संस्था/ राष्ट्रिय सहकारी बैंकले समितिको कार्यालयमा बीमकको रुपमा आफ्नो नाम दर्ता गर्न तोकिएको ढांचामा देहायका कागजात संलग्न राखी तोकिएको दस्तूर सहित निवेदन दिनु पर्नेछ। |
| | | **दफा १२. दर्ता हुन नसक्ने**<br>(ख) जीवन विमा व्यवसायका लागि कम्तीमा पच्चिस करोड र नीर्जिवन विमा व्यवसायका लागि कम्तीमा दश करोड रूपैया चुक्ता पूँजी नभएमा। | | **दफा १२. दर्ता हुन नसक्ने**<br>(ख) जीवन विमा व्यवसायका लागि कम्तीमा पच्चिस करोड र नीर्जिवन विमा व्यवसायका लागि कम्तीमा दश करोड रूपैया चुक्ता पूँजी नभएमा। तर सहकारी संघ/संस्थाको हकमा जीवन विमा व्यवसायका लागि चुक्ता पूँजी दश करोड र नीर्जिवन विमा व्यवसायका लागि कम्तीमा पाँच करोड चुक्ता पूँजी नभएमा मात्र दर्ता हुन सक्दैन्। |

| क्र.सं. | ऐनको नाम | प्रस्तावित व्यवस्था | | शंसोधन गर्नुपर्ने |
|---|---|---|---|---|
| ५. | **नागरिक लगानी कोष ऐन, २०४७** | **परिच्छेद १: प्रारम्भिकदफा २ को खण्ड**<br>(प) "संगठित संस्था" भन्नाले प्रचलित कानून बमोजिम संगठित संस्थाको रुपमा स्थापना भएको बैंङ्क, पब्लिक कम्पनी, उद्योग वा त्यस्तै सरकारी वा गैर सरकारी संस्था सम्झनु पर्छ। | | **परिच्छेद १: प्रारम्भिकदफा २ को खण्ड**<br>(प) "संगठित संस्था" भन्नाले प्रचलित कानून बमोजिम संगठित संस्थाको रुपमा स्थापना भएको बैंङ्क, पब्लिक कम्पनी, उद्योग वा त्यस्तै सरकारी, सहकारी वा गैर सरकारी संस्था सम्झनु पर्छ। |
| ६. | **पेटेण्ट डिजाइन र ट्रेडमार्क ऐन २०२२** | **दफा २ परिभाषा:**<br>(ग) ट्रेडमार्क भन्नाले कुनै फर्म कम्पनी वा व्यक्तिले आफ्नो उत्पादित माल सामान वा आफुले प्रदान गर्ने सेवालाई अरुको माल सामान वा सेवाबाट फरक देखाउन प्रयोग गरिने शब्द चिन्न वा चित्र वा शब्द, चिन्न र चित्र तिनै कुराको संयोग सम्झनु पर्दछ। | | **दफा २ परिभाषा (ग):**<br>(ग) ट्रेडमार्क भन्नाले कुनै फर्म कम्पनी, सहकारी संघ/संस्थावा सहकारीका सदस्यहरू वा व्यक्तिले आफ्नो उत्पादित माल सामान वा आफुले प्रदान गर्ने सेवालाई अरुको माल सामान वा सेवाबाट फरक देखाउन प्रयोग गरिने शब्द चिन्न वा चित्र वा शब्द, चिन्न र चित्र तिनै कुराको संयोग सम्झनु पर्दछ। |
| ७. | **औधोगिक व्यवसाय विकास प्रतिष्ठान ऐन, २०५३** | **परिच्छेद-३ दफा ६ समितिको गठन:**<br>३. समितिमा देहायका सदस्यहरू रहनेछन्:<br>(घ) अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ | | **परिच्छेद-३ दफा ६ समितिको गठन:**<br>६. समितिको गठन:<br>३. समितिमा देहायका सदस्यहरू रहनेछन्<br>(घ) अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ<br>(घ१) अध्यक्ष, राष्ट्रिय सहकारी महासंघ लि. नेपाल |
| ८. | **आयोडिन यूक्त नून (उत्पादन तथा बिक्री वितरण ) ऐन २०५५** | **दफा २. परिभाषा:**<br>(च) "संस्था" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको फर्म, कम्पनी वा संगठित संस्था सम्झनु पर्छ।<br>**दफा १२**<br>(१) नेपाल सरकारको नीति र निर्देशन वमोजिम कार्यान्वयन गर्न देहाय वमोजिमको अध्यक्ष तथा सदस्य भएको आयोडिन अभाव जन्य विकार निवारण समिति गठन हुनेछ:<br>(छ) प्रतिनिधि, उद्योग वाणिज्य संघ | | **दफा २. परिभाषा:**<br>(च) "संस्था" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको फर्म, कम्पनी, सहकारी वा संगठित संस्था सम्झनु पर्छ।<br>**दफा १२ (१) को**<br>(१) नेपाल सरकारको नीति र निर्देशन वमोजिम कार्यान्वयन गर्न देहाय वमोजिमको अध्यक्ष तथा सदस्य भएको आयोडिन अभाव जन्यविकार निवारण समिति गठन हुनेछ:<br>(छ) प्रतिनिधि, उद्योग वाणिज्य संघ<br>(छ१) प्रतिनिधि, राष्ट्रिय सहकारी महासंघ लि. नेपाल |
| ९. | **प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन, २०६३** | **परिभाषा:२**<br>(ख) "प्रतिष्ठान" भन्नाले वस्तु वा सेवा उत्पादन वावितरण गर्ने कुनै फर्म, कम्पनी वा सङ्गठित संस्था सम्झनु पर्छ र सो शब्दले त्यस्तो फर्म, कम्पनी वा संस्थाको प्रत्यक्ष वा अप्रत्यक्ष नियन्त्रणमा रहेका सहायक वा सोसँग आबद्ध फर्म, कम्पनीवा संस्था समेतलाई जनाउँछ। | | **परिभाषा:२**<br>(ख) "प्रतिष्ठान" भन्नाले वस्तु वा सेवा उत्पादन वा वितरण गर्ने कुनै फर्म, कम्पनी, सहकारी संघ संस्था वा सङ्गठित संस्था सम्झनु पर्छ र सो शब्दले त्यस्तो फर्म, कम्पनी वा सहकारी संघ संस्थाको प्रत्यक्ष वा अप्रत्यक्ष नियन्त्रणमा रहेका सहायक वा सोसँग आबद्ध फर्म, कम्पनी वा संस्था समेतलाई जनाउँछ। |
| १०. | **कम्पनी ऐन, २०६३** | **दफा ३ (१)कम्पनीको संस्थापना :**<br>(१) मुनाफाको उद्देश्य लिई कुनै उद्यम गर्न चाहने व्यक्तिले एक्लै वा अरुसँग समुहबद्ध भई प्रबन्ध पत्रमा उल्लेख भए बमोजिम एक वा एक भन्दा बढी उद्देश्य प्राप्तिका लागि कम्पनी संस्थापना गर्न सक्नेछ। | | **दफा ३ (१)कम्पनीको संस्थापना :**<br>(१) मुनाफाको उद्देश्य लिई कुनै उद्यम गर्न चाहने व्यक्ति वा सहकारीले एक्लै वा अरुसँग समुहबद्ध भई प्रबन्ध पत्रमा उल्लेख भए बमोजिम एक वा एक भन्दा बढी उद्देश्य प्राप्तिका लागि कम्पनी संस्थापना गर्न सक्नेछ। |
| | | **दफा ४(१) कम्पनी संस्थापनाको लागि निवेदन दिनु पर्ने :**<br>(१) दफा ३ बमोजिम कम्पनीको संस्थापना गर्न चाहने व्यक्तिले विद्युतीय माध्यमबाट कम्पनीको प्रस्तावित नाम स्वीकृतिको लागि कार्यालय समक्ष निवेदन दिनु पर्नेछ। | | **दफा ४(१)कम्पनी संस्थापनाको लागि निवेदन दिनु पर्ने**<br>(१) दफा ३ बमोजिम कम्पनीको संस्थापना गर्न चाहने व्यक्ति वा सहकारीले विद्युतीय माध्यमबाट कम्पनीको प्रस्तावित नाम स्वीकृतिको लागि कार्यालय समक्ष निवेदन दिनु पर्नेछ। |
| ११. | **विशेष आर्थिक क्षेत्र ऐन, २०७३** | **दफा २. परिभाषा:**<br>(ज) "लगानीकर्ता" भन्नाले उद्योग वा पूर्वाधार संरचनाको निर्माणमा लगानी गर्ने व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्था सम्झनु पर्छ र सो शब्दले उद्योग वा पूर्वाधार संरचनाको निर्माणमा लगानी गर्ने विदेशी सरकार, विदेशी व्यक्ति वा अन्तर्राष्ट्रिय संस्थालाई समेत जनाउँछ।<br>**दफा ६. विशेष आर्थिक क्षेत्रको स्थापना र सञ्चालन नीजि क्षेत्रबाट गराउन सकिने**<br>(१) नेपाल सरकारले प्राधिकरणको सिफारिसमा नीजि क्षेत्रबाट विशेष आर्थिक क्षेत्र स्थापना गरी त्यस्तो विशेष आर्थिक क्षेत्रको सञ्चालन, व्यवस्थापन गर्न र पूर्वाधार संरचनाको विकास गर्न नीजि क्षेत्रलाई स्वीकृति दिन सक्नेछ।<br>(२) नेपाल सरकारले दफा ४ को उपदफा ३ वमोजिम तोकिएको विशेष आर्थिक क्षेत्रको सञ्चालन र | | **दफा २. परिभाषा:**<br>(ज) "लगानीकर्ता" भन्नाले उद्योग वा पूर्वाधार संरचनाको निर्माणमा लगानी गर्ने व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्था, सहकारी संघ संस्था वा राष्ट्रिय सहकारी बैंक सम्झनु पर्छ र सो शब्दले उद्योग वा पूर्वाधार संरचनाको निर्माणमा लगानी गर्ने विदेशी सरकार, विदेशी व्यक्ति वा अन्तर्राष्ट्रिय संस्थालाई समेत जनाउँछ।<br>**दफा ६. विशेष आर्थिक क्षेत्रको स्थापना र सञ्चालन नीजि क्षेत्रबाट गराउन सकिने**<br>(१) नेपाल सरकारले प्राधिकरणको सिफारिसमा नीजि वा सहकारी क्षेत्रबाट विशेष आर्थिक क्षेत्र स्थापना गरी त्यस्तो विशेष आर्थिक क्षेत्रको सञ्चालन, व्यवस्थापन गर्न र पूर्वाधार संरचनाको विकास गर्न नीजि तथा सहकारी क्षेत्रलाई स्वीकृति दिन सक्नेछ।<br>(२) नेपाल सरकारले दफा ४ को उपदफा ३ वमोजिम तोकिएको विशेष आर्थिक क्षेत्रको सञ्चालन र व्यवस्थापन वा पूर्वाधार |

| क्र.सं. | ऐनको नाम | प्रस्तावित व्यवस्था | | शंसोधन गर्नुपर्ने |
|---|---|---|---|---|
| | | व्यवस्थापन वा पूर्वाधार संरचनाको विकास नेपाल सरकार र नीजि क्षेत्रको संयुक्त सहभागितामा वा नीजि क्षेत्रबाट गर्न वा गराउन सक्नेछ ।<br><br>**दफा १९. समितिको गठनः (२) उपदफा (१) वमोजिमको समितिमा देहायका सदस्यहरू रहनेछन् ।**<br>(च) नेपाल उद्योग वाणिज्य महासंघको अध्यक्ष वा सदस्य – सदस्य | | संरचनाको विकास नेपाल सरकार, नीजि तथा सहकारी क्षेत्रको संयुक्त सहभागितामा वा नीजि तथा सहकारी क्षेत्रबाट गर्न वा गराउन सक्नेछ ।<br>**दफा १९.समितिको गठनः (२) उपदफा (१) वमोजिमको समितिमा देहायका सदस्यहरू रहनेछन् ।**<br>(च) नेपाल उद्योग वाणिज्य महासंघको अध्यक्ष वा सदस्य – सदस्य<br>(च १) राष्ट्रिय सहकारी महासंघको अध्यक्ष वा प्रतिनिधि – सदस्य |
| १२. | **औद्योगिक व्यवसाय ऐन, २०७३** | **दफा १८. उद्योग तथा लगानी प्रवर्द्धन वोर्डको गठन**<br>(१) उद्योगको प्रवर्द्धन, स्थापना, लगानी अभिवृद्धि, संरक्षण र विस्तार गरी औधोगिकीकरणको गतिलाई तीव्रता दिने उद्देश्यले सहजीकरण तथा समन्वय सहित आवश्यक नीतिगत निर्णय गर्न देहाय वमोजिमको एक उद्योग तथा लगानी प्रवर्द्धन गठन गरिएको छ ।<br>(द) अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ | | **दफा १८. उद्योग तथा लगानी प्रवर्द्धन वोर्डको गठन**<br>(१) उद्योगको प्रवर्द्धन, स्थापना, लगानी अभिवृद्धि, संरक्षण र विस्तार गरी औधोगिकीकरणको गतिलाई तीव्रता दिने उद्देश्यले सहजीकरण तथा समन्वय सहित आवश्यकनी तिगत निर्णय गर्न देहायव मोजिमको एक उद्योग तथा लगानी प्रवर्द्धन गठन गरिएको छ ।<br>(द) अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ<br>(द १) अध्यक्ष, राष्ट्रिय सहकारी महासंघ लि. नेपाल |
| १३. | **उपभोक्ता संरक्षण ऐन, २०७५** | **दफा २. परिभाषा**<br>त) बिक्रेता भन्नाले वस्तु वा सेवा बिक्री वितरण गर्ने व्यक्ति, फर्म, कम्पनी वा संस्था सम्झनु पर्छ ।<br>**दफा २२. उपभोक्ता संरक्षण परिषदको गठन**<br>(२) उपदफा (१) वमोजिमको परिषदमा देहाय वमोजिमका अध्यक्ष तथा सदस्यहरू रहनेछन् ।<br>(झ) अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ –सदस्य<br>(ठ) अध्यक्ष, नेपाल राष्ट्रिय उद्योग व्यवसायी महासंघ–सदस्य | | **दफा २. परिभाषा**<br>त) बिक्रेता भन्नाले वस्तु वा सेवा बिक्री वितरण गर्ने व्यक्ति, फर्म, कम्पनी, सहकारी वा संस्था सम्झनु पर्छ ।<br>**दफा २२. उपभोक्ता संरक्षण परिषदको गठन**<br>(२) उपदफा (१) वमोजिमको परिषदमा देहाय वमोजिमका अध्यक्ष तथा सदस्यहरू रहनेछन् ।<br>(झ) अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ –सदस्य<br>(झ १) अध्यक्ष, राष्ट्रिय सहकारी महासंघ .नेपाल–सदस्य<br>(ठ) अध्यक्ष, नेपाल राष्ट्रिय उद्योग व्यवसायी महासंघ–सदस्य<br>(ठ १) अध्यक्ष, नेपाल केन्द्रीय उपभोक्ता सहकारी संघ लि. सदस्य |
| १४. | **सार्वजनिक नीजि साझेदारी, तथा लगानी ऐन २०७५** | **सार्वजनिक नीजि साझेदारी तथा लगानी ऐन २०७५** | | **सार्वजनिक नीजि साझेदारी, सहकारी तथा लगानी ऐन २०७५** |
| | | **दफा. २ परिभाषा**<br>(थ) लगानीकर्ता भन्नाले यस ऐन बमोजिम परियोजनामा लगानी गरेको वा लगानी गर्न इच्छा व्यक्त गर्ने फर्म, कम्पनी वा व्यक्ति सम्झनु पर्छ र सो शब्दले परियोजनाको अध्ययन, विकास निर्माण वा सन्चालन गर्ने फर्म, कम्पनी वा व्यक्तिलाई समेत जनाउँछ । | | **दफा २ परिभाषा**<br>(थ) लगानीकर्ता भन्नाले यस ऐन बमोजिम परियोजनामा लगानी गरेको वा लगानी गर्न इच्छा व्यक्त गर्ने फर्म, कम्पनी, सहकारी वा व्यक्ति सम्झनु पर्छ र सो शब्दले परियोजनाको अध्ययन, विकास निर्माण वा सन्चालन गर्ने सहकारी, फर्म, कम्पनी वा व्यक्तिलाई समेत जनाउँछ । |
| | | **दफा ८. वोर्डको काम, कर्तव्य र अधिकारः वोर्डको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ:**<br>(क) सार्वजनिक–नीजि साझेदारी तथा नीजि लगानीमा कार्यान्वयन गरिने परियोजना तथा लगानी सम्वन्धी नीति तर्जुमा गर्ने वा गराउने,<br>(ग) सार्वजनिक–नीजि साझेदारी वा नीजि क्षेत्रबाट कार्यान्वयन हुने परियोजनाहरू मध्ये प्रतिस्पर्धात्मक वा विशेष प्राथमिकताका परियोजनाको छनौट गर्ने गराउने, | | **दफा ८. वोर्डको काम, कर्तव्य र अधिकारः वोर्डको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ:**<br>(क) सार्वजनिक–नीजि–सहकारी साझेदारी तथा नीजि लगानीमा कार्यान्वयन गरिने परियोजना तथा लगानी सम्वन्धी नीति तर्जुमा गर्ने वा गराउने,<br>(ग) सार्वजनिक–नीजि–सहकारी साझेदारी वा नीजि क्षेत्रबाट कार्यान्वयन हुने परियोजनाहरू मध्ये प्रतिस्पर्धात्मक वा विशेष प्राथमिकताका परियोजनाको छनौट गर्ने गराउने, |
| | | **दफा ११. कार्यालयको काम, कर्तव्य र अधिकार**<br>कार्यालयको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ ।<br>(क) सार्वजनिक–नीजि साझेदारी अवधारणा अन्तर्गतका परियोजनाहरूको पहिचान, सर्वेक्षण तथा कार्यान्वयनको लागि विकासकर्ता छनौट तथा अनुगमन लगायतका कार्य गर्ने,<br>(ख) सार्वजनिक–नीजि साझेदारी अवधारणा तथा नीजि लगानीमा कार्यान्वयन हुने परियोजनाको निर्माण, सञ्चालन, व्यवस्थापन लगायतका कार्यमा सहजीकरण गर्ने,<br>(ठ) सार्वजनिक–नीजि साझेदारी तथा लगानी सम्वन्धमा अध्ययन तथा अनुसन्धान गर्ने । | | **दफा ११. कार्यालयको काम, कर्तव्य र अधिकार**<br>कार्यालयको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ ।<br>(क) सार्वजनिक–नीजि–सहकारी साझेदारी अवधारणा अन्तर्गतका परियोजनाहरूको पहिचान, सर्वेक्षण तथा कार्यान्वयनको लागि विकासकर्ता छनौट तथा अनुगमन लगायतका कार्य गर्ने,<br>(ख) सार्वजनिक–नीजि–सहकारी साझेदारी अवधारणा तथा नीजि लगानीमा कार्यान्वयन हुने परियोजनाको निर्माण, सञ्चालन, व्यवस्थापन लगायतका कार्यमा सहजीकरण गर्ने,<br>(ठ) सार्वजनिक–नीजि–सहकारी साझेदारी तथा लगानी सम्वन्धमा अध्ययन तथा अनुसन्धान गर्ने । |
| | | **दफा १४. सार्वजनिक–नीजि साझेदारी एकाइ** | | **दफा १४. सार्वजनिक–नीजि साझेदारी एकाइ** |

| क्र.सं. | ऐनको नाम | प्रस्तावित व्यवस्था | | शंसोधन गर्नुपर्ने |
|---|---|---|---|---|
| | | (१) सार्वजनिक–नीजि साझेदारी अवधारणा अन्तर्गत कार्यान्वयन हुने परियोजनाहरूको सम्भाव्यता अध्ययन तथा लगानीकर्ता छनौट गर्न र सार्वजनिक निकायहरूलाई परियोजनाहरूको निर्माण, सञ्चालन तथा अन्य विषयहरूमा सहजीकरण गर्न कार्यालयमा एक सार्वजनिक–नीजि साझेदारी एकाइ रहनेछ ।<br>(२) सार्वजनिक–नीजि साझेदारी एकाइको काम, कर्तव्य तथा अधिकारहरू देहाय वमोजिम हुनेछ:<br>(क) सार्वजनिक–नीजि साझेदारी सम्वन्धी नीतिगत विषयमा कार्यनीति, कार्यविधि तथा निर्देशिका वनाई वोर्ड समक्ष पेश गर्ने,<br>(ख) सार्वजनिक–नीजि साझेदारीका परियोजना कार्यान्वयन गर्ने लगानीकर्तालाई राय, सुझाव वा परामर्श दिने तथा मार्ग दर्शन गर्ने,<br>(ग) सार्वजनिक–नीजि साझेदारी सम्वन्धी आशयपत्र आव्हान, पूर्वयोग्यता तथा प्रस्ताव आव्हानपत्र तथा परियोजना सम्झौताको मस्यौदा तयार गर्ने तथा आव्हान गर्ने,<br>(घ) सार्वजनिक–नीजि साझेदारीमा सञ्चालनहुने स्वीकृत परियोजनाको परियोजना बैंक तयार गरी अद्यावधिक गर्ने,<br>(ङ) सार्वजनिक–नीजि साझेदारीमा कार्यान्वय हुने परियोजनाको सम्भाव्यता अध्ययन, परियोजना तयारी विषयका विवरणको मूल्यांकन गरी राय प्रतिक्रिया दिने,<br>(च) सार्वजनिक–नीजि साझेदारमा संचालित परियोजनाहरूको कार्यान्वयनको अवस्थाको अनुगमन तथा मूल्यांकन गरी राय, प्रतिक्रिया तथा सुझाव दिने,<br>(छ) सार्वजनिक–नीजि साझेदारीमा कार्यान्वयन हुने परियोजनाहरूको साझेदार छनौट गर्ने प्रक्रिया तयार गरी लागु गर्ने,<br>(ज) अन्तर्राष्ट्रिय सार्वजनिक–नीजि साझेदारीका असल अभ्यास तथा अनुभवहरूका सम्वन्धमा नियमित अनुसन्धान गर्ने तथा नेपालमा सार्वजनिक–नीजि साझेदारी ढाचाको लागि उपयुक्त हुने विषयहरू अवलम्वन गर्ने<br>(झ) सार्वजनिक–नीजि साझेदारीमा कार्यान्वयन हुने आयोजनाको तयारी तथा कार्यान्वयनमा लगानीकर्तालाई आवश्यक सहयोग गर्ने,<br>(ञ) सार्वजनिक–नीजि साझेदारीका परियोजनासंग सम्वन्धित सूचनाहरू संकलन गरी अभिलेखीकरण गर्ने | | (१) सार्वजनिक–नीजि–सहकारी साझेदारी अवधारणा अन्तर्गत कार्यान्वयन हुने परियोजनाहरूको सम्भाव्यता अध्ययन तथा लगानीकर्ता छनौट गर्न र सार्वजनिक निकायहरूलाई परियोजनाहरूको निर्माण, सञ्चालन तथा अन्य विषयहरूमा सहजीकरण गर्न कार्यालयमा एक सार्वजनिक–नीजि–सहकारी साझेदारी एकाइ रहनेछ ।<br>(२) सार्वजनिक–नीजि–सहकारी साझेदारी एकाइको काम, कर्तव्य तथा अधिकारहरू देहाय वमोजिम हुनेछ:<br>(क) सार्वजनिक–नीजि–सहकारी साझेदारी सम्वन्धी नीतिगत विषयमा कार्यनीति, कार्यविधि तथा निर्देशिका वनाई वोर्ड समक्ष पेश गर्ने,<br>(ख) सार्वजनिक–नीजि–सहकारी साझेदारीका परियोजना कार्यान्वयन गर्ने लगानीकर्तालाई राय, सुझाव वा परामर्श दिने तथा मार्ग दर्शन गर्ने,<br>(ग) सार्वजनिक–नीजि–सहकारी साझेदारी सम्वन्धी आशयपत्र आव्हान, पूर्वयोग्यता तथा प्रस्ताव आव्हानपत्र तथा परियोजना सम्झौताको मस्यौदा तयार गर्ने तथा आव्हान गर्ने,<br>(घ) सार्वजनिक–नीजि–सहकारी साझेदारीमा सञ्चालनहुने स्वीकृत परियोजनाको परियोजना बैंक तयार गरी अद्यावधिक गर्ने,<br>(ङ) सार्वजनिक–नीजि–सहकारी साझेदारीमा कार्यान्वय हुने परियोजनाको सम्भाव्यता अध्ययन, परियोजना तयारी विषयका विवरणको मूल्यांकन गरी राय प्रतिक्रिया दिने,<br>(च) सार्वजनिक–नीजि–सहकारी साझेदारमा संचालित परियोजनाहरूको कार्यान्वयनको अवस्थाको अनुगमन तथा मूल्यांकन गरी राय, प्रतिक्रिया तथा सुझाव दिने,<br>(छ) सार्वजनिक–नीजि–सहकारी साझेदारीमा कार्यान्वयन हुने परियोजनाहरूको साझेदार छनौट गर्ने प्रक्रिया तयार गरी लागु गर्ने,<br>(ज) अन्तर्राष्ट्रिय सार्वजनिक–नीजि–सहकारी साझेदारीका असल अभ्यास तथा अनुभवहरूका सम्वन्धमा नियमित अनुसन्धान गर्ने तथा नेपालमा सार्वजनिक–नीजि साझेदारी ढाचाको लागि उपयुक्त हुने विषयहरू अवलम्वन गर्ने<br>(झ) सार्वजनिक–नीजि–सहकारी साझेदारीमा कार्यान्वयन हुने आयोजनाको तयारी तथा कार्यान्वयनमा लगानीकर्तालाई आवश्यक सहयोग गर्ने,<br>(ञ) सार्वजनिक–नीजि–सहकारी साझेदारीका परियोजनासंग सम्वन्धित सूचनाहरू संकलन गरी अभिलेखीकरण गर्ने |
| | | **दफा १७. परियोजना कार्यान्वनय गर्न सकिने:**<br>(१) पूर्वाधार संरचना सम्वन्धीकुनै परियोजना सार्वजनिक–नीजि साझेदारीबाट कार्यान्वयन गर्न सकिनेछ ।<br>(२) उपदफा (१) वमोजिम सार्वजनिक–नीजि साझेदारीबाट परियोजना कार्यान्वयन गर्दा देहायको कुनै तरिका अपनाउन सकिनेछ: | | **दफा १७. परियोजना कार्यान्वनय गर्न सकिने:**<br>(१) पूर्वाधार संरचना सम्वन्धीकुनै परियोजना सार्वजनिक–नीजि–सहकारी साझेदारीबाट कार्यान्वयन गर्न सकिनेछ ।<br>(२) उपदफा (१) वमोजिम सार्वजनिक–नीजि–सहकारी साझेदारीबाट परियोजना कार्यान्वयन गर्दा देहायको कुनै तरिका अपनाउन सकिनेछ: । |
| | | **दफा १० (१)**<br>कुनै व्यक्तिले आफ्नो होटल, लज, रेष्टुराँ रिजर्ट वा बारलाई पर्यटक स्तरमा दर्ता गराउन चाहेमा नेपाल सरकार समक्ष तोकिए बमोजिम दरखास्त तिर्नु पर्नेछ । | | **दफा १०(१)**<br>कुनै व्यक्तिवा सहकारीसंघ/संस्थाले आफ्नो होटल, लज, रेष्टुराँ रिजर्ट वा बारलाई पर्यटक स्तरमा दर्ता गराउन चाहेमा नेपाल सरकार समक्ष तोकिए बमोजिम दरखास्त तिर्नु पर्नेछ । |
| **१५.** | **वीउ विजन ऐन, २०४५** | **दफा ३. वीउ विजन समितिको गठन**<br>३.२. समितिमा देहायका अध्यक्ष तथा सदस्य रहनेछन् ।<br>३.२.१०. नेपाल सरकारबाट मनोनित बिउ विजन उत्पादक र कृषक मध्ये कम्तीमा एक जना महिला सहित दुई जना | | **दफा ३. वीउ विजन समितिको गठन**<br>३.२. समितिमा देहायका अध्यक्ष तथा सदस्य रहनेछन् ।<br>३.२.१०. वीउ विजन उत्पादक सहकारी संघ/संस्थाका प्रतिनिधि कम्तीमा एकजना महिला सहित केन्द्रीय तरकारी तथा बिउ विजन सहकारी संघका अध्यक्ष एक गरी दुईजना |
| | | **दफा ५. समितिको काम, कर्तव्य र अधिकार:**<br>५.२. वीउविजन उत्पादन तथा वितरण कार्यमा नीजि तथा सरकारी क्षेत्रवीच समन्वय कायम गर्ने, | | **दफा ५. समितिको काम, कर्तव्य र अधिकार:**<br>५.२. वीउविजन उत्पादन तथा वितरण कार्यमा नीजि, सहकारी तथा सरकारी क्षेत्रवीच समन्वय कायम गर्ने, |

| क्र.सं. | ऐनको नाम | प्रस्तावित व्यवस्था | | शंसोधन गर्नुपर्ने |
|---|---|---|---|---|
| | | ५.३. बिउविजन उद्योगमा लगानी गर्न नीजि क्षेत्रलाई प्रोत्साहित गर्ने, | | ५.३. बिउविजन उद्योगमा लगानी गर्न नीजि तथा सहकारी क्षेत्रलाई प्रोत्साहित गर्ने, |
| | | **दफा ११ क. अनुमति पत्र लिनुपर्ने**<br>११क.१. कुनै व्यक्तिवा संस्थाले बिउविजनको विक्री वितरण सम्बन्धी कारोवार गर्न चाहेमा तोकिए वमोजिमको दस्तुर सहित तोकिएको अधिकारी समक्ष निवेदन दिई तोकिए वमोजिमको ढाचामा अनुमतिपत्र लिनु पर्नेछ। | | **दफा ११ क. अनुमतिपत्र लिनुपर्ने**<br>११ क.१. कुनै व्यक्ति वा सहकारी संघ/संस्था वा अन्य संस्थाले बिउविजनको विक्री वितरण सम्बन्धी कारोवार गर्न चाहेमा तोकिए वमोजिमको दस्तुर सहित तोकिएको अधिकारी समक्ष निवेदन दिई तोकिए वमोजिमको ढाचामा अनुमतिपत्र लिनु पर्नेछ। |
| १६. | **जीवनाशक विषादी ऐन, २०४८** | **दफा ५. समितिको काम, कर्तव्य र अधिकार:**<br>ख. विषादी उत्पादन तथा वितरण कार्यमा नीजि तथा सरकारी क्षेत्रवीच समन्वय कायम गर्ने,<br>ग. विषादी उद्योगमा लगानी गर्न नीजि क्षेत्रलाई प्रोत्साहित गर्ने,<br>घ. नीजि वा सरकारी क्षेत्रमा सञ्चालित विषादी उद्योगहरूबाट उत्पादन हुने विषादीको गुणस्तर नियमित वा नियन्त्रित गर्ने गराउने | | **दफा ५. समितिको काम, कर्तव्य र अधिकार:**<br>ख. विषादी उत्पादन तथा वितरण कार्यमा नीजि, सहकारी तथा सरकारी क्षेत्रवीच समन्वय कायम गर्ने,<br>ग. विषादी उद्योगमा लगानी गर्न नीजि वा सहकारी क्षेत्रलाई प्रोत्साहित गर्ने,<br>घ. नीजि, सहकारी वा सरकारी क्षेत्रमा सञ्चालित विषादी उद्योगहरूबाट उत्पादन हुने विषादीको गुणस्तर नियमित वा नियन्त्रित गर्ने गराउने |
| १७. | **राष्ट्रिय चिया तथा कफी विकास वोर्ड ऐन, २०४९** | **दफा २ परिभाषा**<br>(छ) "उत्पादक" भन्नाले चिया वा कफी उत्पादन गर्ने व्यवसायी सम्झनुपर्छ।<br><br>**दफा ६ वोर्डको उद्देश्य**<br>(घ) चिया तथा कफी उद्योगको विकासको लागि तालिम तथा अनुसन्धान केन्द्र स्थापना गरी चिया तथा कफी उद्योगमा कार्यरत व्यक्ति वा संस्थाहरूलाई आधुनिक प्राविधिक ज्ञान, प्रशिक्षण र प्राविधिक सहयोग उपलब्ध गराउने,<br>(च) चिया तथा कफी उद्योगको क्षेत्रमा कार्यरत संस्थाहरूसँग समन्वय गर्ने। | | **दफा २ परिभाषा**<br>(छ) "उत्पादक" भन्नाले चिया वा कफी उत्पादन गर्ने व्यवसायी सम्झनुपर्छ। र सो शव्दले चिया वा कफी उत्पादन गर्ने सहकारी संघ/संस्थालाई समेत जनाउछ।<br>**दफा ६ वोर्डको उद्देश्य**<br>(घ) चिया तथा कफी उद्योगको विकासको लागि तालिम तथा अनुसन्धान केन्द्र स्थापना गरी चिया तथा कफी उद्योगमा कार्यरत व्यक्ति, सहकारी संघ/संस्था वा अन्य संस्थाहरूलाई आधुनिक प्राविधिक ज्ञान, प्रशिक्षण र प्राविधिक सहयोग उपलब्ध गराउने,<br>(च) चिया तथा कफी उद्योगको क्षेत्रमा कार्यरत सहकारी संघ/संस्था वा अन्य संस्थाहरूसँग समन्वय गर्ने। |
| | | **दफा ७. वोर्डको काम, कर्तव्य र अधिकार**<br>(झ) चिया तथा कफी उद्योगमा कार्यरत व्यक्ति वा संस्थाहरूलाई प्राविधिक ज्ञान, प्रशिक्षण तथा प्राविधिक सहयोग प्रदान गर्न तालिम तथा अनुसन्धान केन्द्र स्थापना गर्ने गराउने<br>(ट) चिया तथा कफी उद्योगको विकासको लागि सरकारी तथा नीजि क्षेत्रहरूमा भइरहेका प्रयासहरूलाई समन्वय गर्ने, गराउने | | **दफा७. वोर्डको काम, कर्तव्य र अधिकार**<br>(झ) चिया तथा कफी उद्योगमा कार्यरत व्यक्ति, सहकारी संघ/संस्था वा अन्य संस्थाहरूलाई प्राविधिक ज्ञान, प्रशिक्षण तथा प्राविधिक सहयोग प्रदान गर्न तालिम तथा अनुसन्धान केन्द्र स्थापना गर्ने गराउने,<br>(ट) चिया तथा कफी उद्योगको विकासको लागि सरकारी तथा नीजि र सहकारी क्षेत्रहरूमा भइरहेका प्रयासहरूलाई समन्वय गर्ने, गराउने |
| | | **दफा ८. कार्यकारी समितिको गठन**<br>वोर्डको कार्य सञ्चालनको निमित्त देहाय वमोजिमको एउटा कार्यकारी समिति हुनेछ:<br>(घ) साना चिया तथा कफी किसानबाट एक/ एकजना प्रतिनिधि<br>(ङ) नेपाल चिया उत्पादक संघबाट एकजना प्रतिनिधि | | **दफा ८. कार्यकारी समितिको गठन**<br>वोर्डको कार्य सञ्चालनको निमित्त देहाय वमोजिमको एउटा कार्यकारी समिति हुनेछ:<br>(घ) चिया तथा कफी सहकारी संघ/संस्थाबाट एक/एकजना प्रतिनिधि<br>(ङ) केन्द्रीय चिया सहकारी संघको अध्यक्ष<br>(ङ१) केन्द्रीय कफी सहकारी संघको अध्यक्ष |
| १८. | **पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५** | **दफा १७. उद्योग स्थापना गर्न सिफारिस पत्र लिनुपर्ने**<br>जैविक पदार्थ, चल्ला, माछाका भुरा उत्पादन गर्ने (ह्याचरी) वापशु दाना वा मासु प्रशोधन सम्बन्धी उद्योग स्थापना गर्न चाहने व्यक्तिले तोकिएको निकायबाट सिफारिस पत्र लिनुपर्नेछ। | | **दफा १७. उद्योग स्थापना गर्न सिफारिस पत्र लिनुपर्ने**<br>जैविक पदार्थ, चल्ला, माछाका भुरा उत्पादन गर्ने (ह्याचरी) वा पशु दानावा मासु प्रशोधन सम्बन्धी उद्योग स्थापना गर्न चाहने व्यक्ति वा सहकारी संघ/संस्थाले तोकिएको निकायबाट सिफारिस पत्र लिनुपर्नेछ। |
| १९. | **पशु वधशाला र मासु जाच ऐन, २०५५** | **दफा २. परिभाषा**<br>(च) मासु विक्रेता भन्नाले व्यवसायिक रूपमा मासु विक्री गर्ने व्यक्ति सम्झनुपर्छ। | | **दफा २. परिभाषा**<br>(च) मासु विक्रेता भन्नाले व्यवसायिक रूपमा मासु विक्री गर्ने व्यक्ति तथा सहकारी संघ/संस्था सम्झनुपर्छ |
| | | **दफा ५. इजाजतपत्र**<br>(१) पशु वधशालाा स्थापना गर्न वा मासु विक्रेताको काम गर्न चाहाने व्यक्तिवा संस्थाले तोकिए वमोजिमको ढाचामा तोकिएको अधिकारी समक्ष दरखास्त दिनुपर्नेछ। | | **दफा ५. इजाजतपत्र**<br>(१) पशु वधशालाा स्थापना गर्न वा मासु विक्रेताको काम गर्न चाहाने व्यक्ति वा सहकारी संघ संस्था वा अन्य संस्थाले तोकिए वमोजिमको ढाचामा तोकिएको अधिकारी समक्ष दरखास्त दिनुपर्नेछ। |
| २०. | **विरूवा संरक्षण ऐन, २०६४** | **दफा २. परिभाषा**<br>(प) संस्था भन्नाले प्रचलित कानुन वमोजिम दर्ता | | **दफा २. परिभाषा**<br>(प) संस्था भन्नाले प्रचलित कानुन वमोजिम दर्ता भएको फर्म वा |

| क्र.सं. | ऐनको नाम | प्रस्तावित व्यवस्था | | शंसोधन गर्नुपर्ने |
|---|---|---|---|---|
| | | भएको फर्म वा संगठित संस्था सम्झनुपर्छ । | | संगठित संस्था सम्झनुपर्छ । र सो शव्दले सहकारी संघ संस्थालाई समेत जनाउँछ । |
| | | **दफा ३. समितिको स्थापना**<br>(२) उपदफा १ वमोजिमको समितिमा देहाय वमोजिमका अध्यक्ष तथा सदस्य रहनेछन् ।<br>(च) प्रतिनिधि, नेपाल उद्योग वाणिज्य महासंघ | | **दफा ३. समितिको स्थापना**<br>(२) उपदफा १ वमोजिमको समितिमा देहाय वमोजिमका अध्यक्ष तथा सदस्य रहनेछन् ।<br>(च) प्रतिनिधि, नेपाल उद्योग वाणिज्य महासंघ<br>(च१) प्रतिनिधि, राष्ट्रिय सहकारी महासंघ |
| | | **दफा ५. समितिको काम, कर्तव्य र अधिकार**<br>(ग) यो ऐन वा यस ऐन अन्तर्गत वनेको नियमावली वमोजिम विरूवा, विरूवाजन्य उपज वा अन्य नियन्त्रित वस्तुहरू पैठारी, निकासी गर्ने कार्यमा संलग्न नीजि क्षेत्र तथा सरकारी निकायहरू विच समन्वय कायम गर्ने | | **दफा ५. समितिको काम, कर्तव्य र अधिकार**<br>(ग) यो ऐन वा यस ऐन अन्तर्गत वनेको नियमावली वमोजिम विरूवा, विरूवा जन्यउपज वा अन्य नियन्त्रित वस्तुहरू पैठारी, निकासी गर्ने कार्यमा संलग्न नीजि तथा सहकारी क्षेत्र तथा सरकारी निकायहरू विच समन्वय कायम गर्ने |
